# भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग, अर्थशास्त्र शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
अंजु सुब्बा
स्नानकोत्तर तह (एम.एड.) चौथो सेमेष्टर
रोल नं. : ४०७
सिम्बोल नं. : ७३२८५२५
त्रि.वि. दर्ता नं. : ९-२-५८६-६-२००९
भर्ना वर्ष : २०७३

शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
माघ, २०७८

# प्रतिवद्धता पत्र (DECLARATION)

प्रस्तुत शोधपत्र **"भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन"** शिर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयको, स्नातकोत्तर चौंथो सेमेष्टरको आंशिक आवश्यकता परीपुर्तिका लागि तयार पारिएको हो । यस शोधपत्र प्रा. डा. सूर्य बहादुर थापाको निर्देशन तथा सुपरिवेक्षणमा तयार पारिएको हो । यस शोधपत्र त्रिभुवन विश्वविद्यालयको शोध मापदण्डको आधारमा तयार पारिएको कुरामा प्रतिबद्धता व्यक्त गर्दछु ।

................................

अंजु सुब्बा

शोधकर्ता

मिति :

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर चौथो सेमेष्टरको आंशिक आवस्यकता परिपुर्तिका लागि **"भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवं सल्लाहमा शोधकर्ता छात्रा श्री अंजु सुब्बाद्वारा तयार पारिएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

..........................................

प्रा.डा. सुर्य बहादुर थापा

शोध निर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

## **स्वीकृति पत्र (APPROVAl LETTER)**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | |
|---|---|
| विभागीय प्रमुख | ................................<br>सह- प्रा. विष्णु बहादुर लुईटेल |
| बाह्य सुपरिवेक्षक | ..................................<br>प्रा. नरेन्द्र कटुवाल |
| शोध निर्देशक | ................................<br>प्रा.डा. सूर्य बहादुर थापा |
| डि. आर. सि. सदस्य | ................................ |

# कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता परिपुर्तिको लागि **"भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन"** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्विकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने अर्थशास्त्र शिक्षा विभागका तत्कालिन विभागिय प्रमुख प्रा.डा. सुर्य बहादुर थापा ज्यु र हालको विभागीय प्रमुख सह- प्रा. विष्णु बहादुर लुईटेल ज्युप्रति सदैव आभारी छु । यस शोधपत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन चाहाने महानुभाव, अनुसन्धान कर्ता एवं नीति निर्मातालाई सहयोग पुग्ने छ, भन्ने आशा लिएको छु ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु शोध निर्देशक प्रा.डा. सूर्य बहादुर थापा ज्युको कुशल निर्देशनमा तयार पारेको छु । आफ्नो व्यवहारिक व्यस्तताका बावजुत पनि अमुल्य समय प्रदान गरी निरन्तर सुझाव सल्लाह प्रेरणाका साथ कुशल मार्ग निर्देशन गर्नु हुने शोध निर्देशक श्रद्धेय गुरुलाई हार्दीक कृतज्ञता ज्ञापन गर्दछु । साथै सदैव आवस्यक सल्लाह तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. विनय कुमार कुसियैत उप-प्रा. मिनराज पौडेल, उप-प्रा. पद्मा कोइराला, कर्मचारी नारायण भट्टराई लगायतका अर्थशास्त्र विभागका सम्पुर्ण गुरुहरुप्रति हृदय देखि आभार प्रकट गर्दछु । अनुसन्धानको तथ्याङ्क संकलनका लागि स्थलगत अध्ययनमा जाँदा खुलस्त प्रस्नको उतर दिई सहयोग गर्नुहुने सम्बन्धित क्षेत्रका कृषक आमाबुवा, दाजुभाई तथा दिदिबहिनीका साथै स्थानिय कृषि प्रविधिकप्रति विशेष धन्यवाद दिन चाहान्छु । यसका साथै शोधपत्रका लागि आवस्यक सामग्री उपलब्ध गराउनु हुने भद्रपुर नगरपालिका, जिल्ला शिक्षा समन्वय इकाई, जिल्ला समन्वय समिति झापा तथा जिल्ला कृषि विकाष कार्यलयप्रति सदा आभारी छु । साथै मेरो जिवनका हरेक क्षणमा सहयोग, सल्लाह र प्रेरणा दिई विश्वविद्यालय सम्मको यात्रा पुरागर्न आर्शिवाद प्रदान गर्नुहुने मेरा बुवा, दिदी, बहिनी र सम्पुर्ण आफन्त जन तथा आत्मीय भित्र भरत वयक क्षेत्रि प्रति आभार व्यक्त गर्दछु । साथै कम्प्युटरमा सहयोग गर्नुहुने दाई रमेश महर्जनलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अंजु सुब्बा

# शोधसार (ABSTRACT)

यस अध्ययन भद्रपुर नगरपालिका झापा जिल्लाको धान खेतीमा संलग्न कृषकले गरेको धानको उत्पादन र लागतको अध्ययन शिर्षकमा गरिएको छ । यस अध्ययनको साधारण उद्देश्य भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन छ भने यस अध्ययनको विशिष्ट उद्देश्य अन्तर्गत अध्ययनमा समावेश भएका घरधुरीको धान उत्पादनको लागत पत्ता लगाउनु, धान उत्पाखनको वर्तमान अवस्था पत्ता लगाउनु र धानको उत्पाखन लागत र उत्पादन विचको तुलनामक अध्ययन गर्नु रहेका छन् । यस अध्ययन अनुसन्धानबाट धान उत्पादन गर्न लाग्ने खर्चका शिर्षकहरु के के रहेका छन् ?, धान उत्पादनको अवस्था कस्तो छ ?, उत्पादन लागत र उत्पादन बिचको तुलनात्मक सम्बन्ध कस्तो छ ?, धानखेतीका समस्या र समाधान उपायहरु के के हुन् ? र धानको उत्पादन वृद्धि गर्न कस्ता कस्ता प्रयासहरु गर्न सकिन्छ ? भन्ने प्रश्नहरुको उत्तर खोजीएको छ ।

यस अध्ययनका उद्देश्यहरु पुरा गर्नका लागि अर्न्तवार्ता र लक्षित समूह छलफलको माध्यमद्वारा परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिको तथ्याङ्क संकलन गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई आवश्यक्ता अनुसार उपयुक्त शिर्षक र तालिकाद्वारा विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्न प्रश्नावली निर्माण गरी अध्ययन क्षेत्रको नमुना छनोटमा परेका कृषक घरधुरीमा प्रत्यक्ष अन्तर्वार्ता लिइएको थियो । यसका साथै छलफल निर्देशिकाको माध्यमबाट लक्षित समुह छलफल गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा नमुनाको लागी सम्भावनायुक्त नमुना छनोट विधीबाट भद्रपुर नगरपालिका वडा नं. ३ मा बसोवास गर्ने १३९० घरधुरी मध्ये कुल धान खेती गर्ने १०२० कृषक घरपरिवारबाट चिट्ठा विधिको प्रयोग गरी १० प्रतिशत नमुनाको छनोट गरिएको थियो । उक्त १० प्रतिशत मा १०२ घरपरिवार पर्दछन् । त्यसैगरी द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गर्न विभिन्न लेखनहरुको लेख, रचना, पुस्तक, अर्थमन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षणहरु, कृषिनीधीहरु संविधान साथै अनलाइन न्युज पोर्टलहरुबाट लिइएको छ ।

अध्ययन क्षेत्रका कृषकहरुले धान खेती आफ्नै तथा परिवारको स्वामित्व रहेको जग्गामा मात्र गरेको पाइयो । नमुना छनोटमा परेका १०२ कृषक घरधुरीले जम्मा १,८४७ कट्ठामा धान खेती गरेको पाइयो भने औषत प्रतिघर जग्गाको आकार १८.११ कट्ठा भएको

पाइयो । त्यसैगरी नमुना छनोटमा परेका १०२ कृषक घरधुरी मध्ये ७६ घरधुरीले मन्सुनमा आधारीत कुलोबाट सिंचाई र २६ घरधुरीले मात्र विद्युतीय वोरिङ्गको प्रयोगबाट सिचाई गरेको पाइयो । यहाँ धेरै कृषकहरु धन खेती गर्न मौसम वा मन्सुनमा निर्भर भएको पाइयो ।

भद्रपुर नगरपालिकाको वडा नं. ३ मा नमुना छनोटमा परेका १०२ कृषक घरधुरीको कुल स्थीर लागत रु. ६,२९,८२७। कुल परिवर्तनशील लागत रु. ३३,७९,७१५।, कुल लागत रु. ४०,०९,५४२। रहेको पाइयो भने औषत स्थीर लागत रु. ३,९८८.७८१।, औषत परिवर्तनशील लागत रु २१,४०४.२०२। र औषत कुल लागत रु. २५,३९२.९८४। रहेको पाइयो ।

नमुना छनोट परेका १०२ कृषकले धान खेतीबाट वार्षिक कुल पराल १७३ ट्र्याक्टर र कुल धान १,८०९। क्विन्टल उत्पादन गरिएको पाइयो भने प्रतिघर पराल १.७, प्रतिकठ्ठा ०.०९ ट्र्याक्टर र प्रतिघर धान १७.७३५, प्रतिकठ्ठा ०.९७ क्विन्टल उत्पादन गरेको पाइयो । त्यसैगरी कृषकहरुले धान उत्पादनबाट आम्दानी रु. ५४,२७,०००। र पराल उत्पादनबाट आम्दानी रु. २,९४,१००। भएको पाइयो भने प्रति कठ्ठा कुल आम्दानी रु. ३,०९७.५०९।, प्रतिघर कुल आम्दानी रु. ५६,०८९.२१५। र धान तथा परालबाट कुल आम्दानी रु. ५७,२१,१००। गरेको पाइयो । धान खेती कृषकले धान खेतीबाट गरेको उत्पादनबाट प्राप्त गरेको कुल आम्दानी रु. ५७,२१,१००।, धान उत्पादन गर्दा लागेको लागत वा खर्च रु. ४०,०९,५४२। र धान खेतीबाट खुद वा कुल नाफा रु. १७,११,५५८। प्राप्त गरेको पाइयो ।

अध्ययन क्षेत्रेमा नमूना छनोटमा परेको कृषकले धान उत्पादन गर्दा लागेको लागत (खर्च) र उत्पादनबाट प्राप्त आम्दानीलाई तुलना गर्दा कुल उत्पादनबाट आम्दानी रु. ५७,२१,१००।, प्रतिकठ्ठा आम्दानी रु. ३,०९७.५०९। र प्रतिघर आम्दानी रु. ५६,०८९.२१५। प्राप्त भएको पाइयो भने कुल उत्पादन लागत रु. ४०,०९,५४२।, प्रतिकठ्ठा लागत रु. २,१७०.८४०। र प्रतिघर लागत रु. ३९,३०९.२३५। भएको पाइयो । यहाँ, कुल नाफा रु. १७,११,५५८।, प्रतिकठ्ठा नाफा रु. ९२६.६६९। र प्रतिघर नाफा रु. १६,७७९.९८। प्राप्त भएको पाइयो । यसरी उत्पादन लागत र उत्पादनबाट प्राप्त आम्दानीलाई तुलना गरेर हेर्दा उत्पादन लागत भन्दा उत्पादन (आम्दानी) बढि भएको पाइयो । उत्पादन (आम्दानी) धेरै भएपनी लागतको आधारमा उत्साहजनक नभएको पाइयो । अध्ययन क्षेत्रका धान खेतीमा

देखीएका प्रमुख समस्या किराको आक्रमण, सिंचाइको अभाव, कृषि तालिमको अभाव, मलको आधुनीक तथा औजारको अभाव रहेको पाइयो ।

समग्रमा धान खेतीको उत्पादन परिमाण लागत भन्दा बढि देखिन्छ । धान खेतीको लागत र उत्पादन तुलना गर्दा नाफा भएको देखिन्छ । लागतको आधारमा उत्पादन बढि भएपनि उत्साहजनक उत्पादन नभएको देखिन्छ । उत्साहजनक उत्पादन नहुनुको मुख्य कारण सिंचाईको अभाव, कृषि तालिमको अभाव, मलको अभाव, प्रविधि तथा औजारको अभाव रहेको पाइयो । अध्ययन क्षेत्रमा सिचाइको सुविधा, सुपथ मुल्यमा धानको उन्नत विउ, मल, शुक्ष्म खाद्य तत्व, पर्याप्त कृषि औजारहरु, गोवर मलको पर्याप्तता र गोडमेल तथा स्याहार गर्दा धान खेतिको लागत कम र उत्पादन वृद्धि गर्न सकिने देखिन्छ । यसका साथै उत्पादन वृद्धि गर्न अथवा आयआर्जन गर्नका लागि जिवननिर्वाह खेती प्रणालीलाई त्यागेर आधुनिक कृषि खेती प्रणालीलाई अपनाउनुपर्ने देखिन्छ ।

# विषयसूची (TABLE OF CONTENTS)


| | | पृष्ठ सं. |
|---|---|---|
| **प्रतिवद्धता पत्र (DECLARATION)** | | **ii** |
| **सिफारिस पत्र (RECOMMENDATION LETTER)** | | **iii** |
| **स्वीकृति पत्र (APPROVAL LETTER)** | | **iv** |
| **कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)** | | **v** |
| **शोधसार (ABSTRACT)** | | **vi** |
| **विषयसूची (TABLE OF CONTENTS)** | | **ix** |
| **तालिका सूची (LIST OF TABLES)** | | **xiv** |
| **संक्षिप्त शब्दावली (ACRONYMS)** | | **xvi** |
| | **अध्याय एक (CHAPTER ONE)** | |
| | **परिचय (INTRODUCTION)** | **१–८** |
| १.१ | अध्ययनको पृष्ठभूमी (Background of the Study) | १ |
| १.२ | समस्याको कथन (Statement of the Problem) | ५ |
| १.३ | अध्यनयको उद्देश्य (Objectives of the Study) | ६ |
| १.४ | अध्ययनको महत्व (Significance of the Study) | ७ |
| १.५ | अनुसन्धान प्रश्न (Research Question) | ७ |
| १.६ | अध्ययनको परिसीमा (Delimitation of the Study) | ८ |
| १.७ | अध्ययनको संगठन (Organization of the Study) | ८ |
| | **अध्याय दुई (CHAPTER TWO)** | |
| | **सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा (REVIEW OF RELATED LITERATURE AND FUNCTIONAL FRAMEWORK)** | **९–२६** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature) | ९ |
| २.२ | अनुन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) | १४ |
| २.३ | साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research) | २४ |
| २.४ | अनुसन्धान अन्तर (Research Gap) | २५ |
| २.५ | कार्यात्मक ढाँचा (Functional Framework) | २६ |

## अध्याय तीन (CHAPTER THREE)

**अनुसन्धान विधि र प्रकृयाहरु (RESEARCH METHODS AND PROCEDURES)** **२७–३३**

३.१ अनुसन्धान ढाँचा (Research Design) २७

३.२ अध्ययन क्षेत्र (Study Area) २७

३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy) २८

३.३.१ जनसंख्या (Population) २८

३.३.२ नमुना आकार (Sample Size) २८

३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy) २८

३.४ तथ्याङ्कको स्रोतहरु (Sources of Data) २९

३.४.१ प्राथमिक स्रोतहरु (Primary Sources) २९

३.४.२ द्वितीय स्रोतहरु (Secondary Sources) २९

३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (Tools of Data Collection) २९

३.५.१ प्रश्नावली (Questionnaire) ३०

३.५.२ छलफल (Discussion) ३०

३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection) ३०

३.६.१ प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता (Direct Personal Interview) ३०

३.६.२ लक्षित समुह छलफल (Focus Group Discussion FGD) ३०

३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure) ३१

३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Analysis and Interpretation of Data) ३१

३.९ लागत सम्बन्धी अवधारणाहरु (Concept of Cost) ३१

३.१० नितिगत प्रावधान (Ethical Consideration) ३३

## अध्याय चार (CHAPTER FOUR)

**तथ्याङ्कको प्रस्तुततिकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA)** **३४–७३**

४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) ३४

४.१.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District) ३४

४.१.१.१ भौगोलिक अवस्था (Geographical Situation) ३५

४.१.१.२ जनसाङ्ख्यिकीय विवरण (Demographic Description) ३६
४.१.१.३ हावापानीको अवस्था (Situation of Climate) ३६
४.१.२ भद्रपुर नगरपालिकाको परिचय (Introduction of Bhadrapur Municipality) ३७
४.१.२.१ भौगोलिक स्थिति (Geographical Location) ३७
४.१.२.२ जनसांख्यिकीय विवरण (Demographic Description) ३७
४.१.२.३ धर्मगत विवरण (Religious Description) ३९
४.१.२.४ जातिगत विवरण (Caste Description) ४१
४.१.२.५ हावा पानीको अवस्था (Situation of Climate) ४३
४.१.२.६ शैक्षिक विवरण (Educatonal Description) ४३
४.१.२.७ कृषि कार्यमा उपयोग भएका जग्गा सम्बन्धि विवरण (Description of Land Use in Agriculture) ४४
४.१.२.८ खाद्यान्न प्रर्याप्तताको विवरण (Details of Foodstuffs Sufficiency) ४५
४.१.२.९ सिंचाई सुविधाको विवरण (Irrigation Facility Description) ४५
४.१.२.१०कृषिको विवरण (Details of Agriculture) ४६
४.१.३ नमुना छनोटमा परेका कृषकहरुको पारिवारिक विवरण (Details of Farmers Family) ४७
४.१.३.१ नमुना छनोटमा परेका कृषकको पारिवारीक संरचना (Family Structure of Farmers) ४७
४.१.४ नमुना छनोटमा परेका कृषकको जग्गा विवरण (Land Description of Farmers) ४८
४.१.५ जमिन अनुसार कृषक घरधुरि विवरण (Landwise Farmer Details) ४९
४.१.६ नमुना छनोटमा परेका कृषकको खाद्यान्न पर्याप्तता विवरण (Details of Foodstuffs Sufficiency of Paddy Farmers) ४९
४.२ धान खेतीको परिचय (Introduction of Paddy Cultivation) ५०
४.२.१ धानका प्रकार (Types of Paddy) ५१
४.२.२ धानको विउको मुल्य (Price of Paddy's Seed) ५२
४.२.३ मलको प्रयोग (Use of Fertilizer) ५३
४.२.४ सिचाईको सुविधा (Facilities of Irrigation) ५३

४.२.५ विद्युतीय उपलब्धता (Availability of Electricity) ५४
४.२.६ पारिश्रमिक (ज्याला) विवरण (Wage Description) ५४
४.२.७ ट्र्याक्टर ज्याला (Wage of Tractor) ५४
४.२.८ झार निर्मुलन (Weed Eradication) ५५
४.२.९ धान खेतीको लागत (Cost of Paddy Farming) ५५
४.२.९.१ धान खेतीको स्थिर लागत (Fixed Cost of Paddy Farming) ५५
४.२.९.२ धान खेतीको कुल परिवर्तनशिल लागत (Total Variable Cost of Paddy Farming) ५७
४.२.९.३ धान खेतीको कुल लागत (Total Cost of the Paddy Farming) ५८
४.३ धान उत्पादनको वर्तमान अवस्था (Current Situation of Paddy Production) ५९
४.३.१ धान (Paddy) ६०
४.३.२ पराल (Straw) ६२
४.३.३ धान खेतीको कुल उत्पादन (Total Production of Paddy Farming) ६२
४.३.४ धान खेतीको औषत लागत (Average Cost of Paddy Farming) ६३
४.३.५ धान खेतीको नाफा (Profit of Paddy Farming) ६४
४.३.६ कृषकले धान खेती गर्नुका कारण (Reason of Paddy Farming by Farmers) ६५
४.४ धान उत्पादन लागत र उत्पादन विचको तुलना (Comparison between Paddy's Cost and Production) ६६
४.५ धान खेतीको लागत कम र उत्पादन वृद्धि गर्ने उपायहरु (Measures to Decrease Cost and Increase Production of Paddy Farming) ६८
४.५.१ लागत कम गर्ने उपायहरु (Means to Decrease Cost) ६८
४.५.२ उत्पादन वृद्धि गर्ने उपायहरु (Means to Increase Cost) ६८
४.६ धान उत्पादनमा देखीएका समस्या (Problems of Paddy Production) ६९
४.६.१ धान खेतीमा लाग्ने रोग तथा नियन्त्रणका उपायहरु (Diseases and Control Measures of Paddy Farming) ६९
४.६.२ धान खेतीका अन्य समस्याहरु (Other Problems of Paddy Farming) ७०
४.६.३ समस्या समाधान गर्ने उपाय (Measures to Solve Problems) ७२

## अध्याय पाँच (CHAPTER FIVE)

## साराशं, निष्कर्ष र सुझाव (SUMMARY, CONCLUSION AND RECOMMENDATIONS) ७४–८४

५.१ सारांश (Summary) ७४

५.२ निष्कर्ष (Conclusion) ७९

५.३ सुझावहरु (Recommendations) ८३

५.३.१ निति सम्बन्धी सुझावहरु (Policy Related Recommendations) ८३

५.३.२ प्रयोगात्क क्षेत्रसँग सम्बकन्धीत सुझावरु (Practice Related Recommendations) ८४

५.३.३ आगामी अनुसन्धान सम्बन्धी सझुावहरु (Further Research Related Recommendations) ८४

**सन्दर्भ सूची (REFERENCES)** ८६–८८

**अनुसूचीहरु (APPENDICES)** ८९–९७

**अनुसूची १ : प्रश्नावली** ८९

**अनुसुची २ : छलफल निर्देशिका** ९३

**अनुसुची ३ : नमुना छनोट** ९४

# तालिका सूची (LIST OF TABLES)

पृष्ठ सं.


तलिका ४.१ : भद्रपुर नगरपालिका वडा नं. ३ को जनसंख्या २०७६ ३८

तालिका ४.२ : नमुना छनोटमा परेका घरधुरीको जनसंख्या ३९

तालिका ४.३ : भद्रपुर नगरपालिका वडा नं. ३ को धर्मगत विवरण ४०

तालिका ४.४ : धानखेती कृषक धर्मगत विवरण ४०

तालिका ४.५ : भद्रपुर नगरपालिका वडा नं. ३ को जातिगत विवरण ४१

तालिका ४.६ : कृषकहरुको जातिगत संरचना ४२

तालिका ४.७ : भद्रपुर नगरपालिकाको शैक्षिक विवरण ४३

तालीका ४.८ : कृषि कार्यमा उपयोग भएको जग्गा २०७६ ४४

तालिका ४.९ : खाद्यान्न प्रर्याप्तताको अवस्था ४५

तालिका ४.१० : सिचाई सुविधाको विवरण ४६

तालिका ४.११ : बाली उत्पादन र क्षेत्रफल ४७

तालीका ४.१२ : नुमना छनोटमा परेका कृषकहरुको पारिवारिक संरचना ४८

तालिका ४.१३ : नमुना छनोटमा कृषकको कुल जग्गा सम्बन्धी विवरण ४८

तालिका ४.१४ : जमिन अनुसार घरधुरी विवरण ४९

तालिका ४.१५ : खाद्यान्न पर्याप्तता विवरण ५०

तालिका ४.१६ : कृषकहरुले प्रयोग गर्ने धानका प्रकारहरु ५१

तालिका ४.१७ : धानको विउको मूल्य ५२

तालिका ४.१८ : धानखेती कृषकले पाएको सिचाइको सुविधा ५३

तालिका ४.१९ : धान खेती गर्ने कृषकके स्थिर लागत विवरण ५६

तालिका ४.२० : धान खेती गर्ने कृषकको कुल परिवर्तनशिल लागत ५७

तालिका ४.२१ : धान खेती कृषकको कुल लागत विवरण (रु. मा) ५८

तालिका ४.२२ : धानखेती कृषकको धान उत्पादन परिमाण (क्विंटलमा) ६०

तालिका ४.२३ : धान लगाइएको क्षेत्रफल र उत्पादन ६१

तालिका ४.२४ : धान खेती कृषकको पराल उत्पादन परीमाण (ट्रयाक्टरमा) ६२

तालिका ४.२५ : धान खेतीको कुल उत्पादन ६३

तालिका ४.२६ : धानखेतीको औषत लागत ६४

तालिका ४.२७ : धान खेतीको कुल नाफा (रु. मा) ६५

तालिका ४.२८ : धान खेती गर्ने कारण र घरधुरी संख्या २०७७ ६६

तालिका ४.२९ : धान खेती कृषकको लागत तथा उत्पादन ६७

# संक्षिप्त शब्दावली (ACRONYMS)

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| क्र.सं. | : | क्रम संख्या |
| नं. | : | नम्बर |
| गा.वि.स. | : | गाउँ विकास समीति |
| रु. | : | रुपैया |
| के.जी. | : | किलौ ग्राम |
| कि.मी. | : | किलो मिटर |
| जि.वि.स. | : | जिल्ला विकास समीति |
| से.मी. | : | सेन्टी मिटर |

# अध्याय एक (CHAPTER ONE)

# परिचय (INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमी (Background of the Study)

नेपाल विश्वका विकासशील देशहरु मध्ये एउटा देश हो । विकासशील देश नेपाललाई कृषिप्रधान देश भनेर चिनिन्छ । पछिल्लो समयमा कृषिमा आश्रीत जनसंख्या ६४.४ प्रतिशत मात्र रहेको छ । नेपालमा कृषिमा आश्रीत जनसंख्या धेरै भएपनि कृषि उत्पादन परम्परागत प्रणालीमा आधारीत भएकोले कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ । आर्थिक वर्ष २०७३/७४ मा कृषि क्षेत्र र गैरकृषि क्षेत्रको योगदान कुल गार्हस्थ्य उत्पादनमा क्रमश २८.८ प्रतिशत र ७१.२ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७४/७५ मा क्रमश २८.१ प्रतिशत र ७१.९ प्रतिशत रहेको थियो (अर्थमन्त्रालय, २०७५) ।

प्रशासनीक हिसाबले विकास क्षेत्र ७ प्रदेश तथा ७७ जिल्लामा विभाजित नेपाललाई पारिस्थितिकीय हिसाबले हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । देशको कुल भु-भागको १७ प्रतिशत भाग ओगट्ने तराई क्षेत्र कृषि कार्यका लागि अति उपयोगी क्षेत्र मानिन्छ । पहाडी र हिमाली क्षेत्रमा तराईको जस्तै कृषि कार्यका लागि उपयुक्त जमीन नभए पनि कृषिजन्य बस्तु कम मात्रामा भएपनि उत्पादन हुने गर्दछ । अन्नवालीको लागि तराई प्रसिद्ध मानिन्छ भने नगदेवादीको लागि पहाड र हिमाल उपयुक्त मानिन्छ (शिवाकोटी र श्रेष्ठ, २०७०) ।

साधारण अर्थमा भन्ने हो भने खानाको लागी अनाजको उत्पादन गर्नु, लगाउनको लागी कपास र रेशमको उत्पादन गर्नु भनेको कृषि हो । ल्याटिन भाषाको agriculture शब्दको नेपाली रुपान्तर कृषि हो । यसको तात्पर्य खेतमा गएर खन्नु, जोत्नु र विरुवा रोपेर मानिसले खाद्यान्न उत्पादन गर्नु भन्ने बुझिन्छ । यसरी कृषिको उत्पादन गर्नु एउटा कला हो । धान, मकै, गहुँ, कपास, जुट र रबर आदिको उत्पादन माटोमा गरिन्छ । यस प्रकार माटोमा काम गर्ने कलालाई कृषि भनिन्छ । यति मात्रमा सीमित नभई घरातलमा विरुवाको उत्पादन गर्नु, अन्नको उत्पादन गर्नु र मानिसले गर्ने पशुपालन पनि कृषि भित्रै पर्दछन् ।

त्यसैले खाद्यान्न बाली, रेसेदार बाली, पेय पदार्थ, कच्चा पदार्थ आदि विभिन्न वस्तुहरुको खेती गरेर मानिसले आफ्नो व्यवसायिक महत्व बढाएको छ । नेपाली जनजीवनको मुख्य आयस्रोत कृषि नै भएकोले कृषिको विकास विना नेपालीहरुको जीवनस्तर माथि उठाउन सकिँदैन भन्ने तथ्य स्पष्ट नै छ । देशको कुल जनसंख्या ६४.४ प्रतिशत जनता कृषि व्यवसायमा निर्भर रहेको नेपाल जस्तो देशको लागी यस क्षेत्रको विकास एक ठुलो चुनौतिको रुपमा रहेको कुरालाई अस्वीकार गर्न सकिँदैन । राष्ट्रिय उत्पादनको ४३ प्रतिशत र कुल निर्यातका ८० प्रतिशत अंश पनि कृषि क्षेत्रले ओगटेकोले यसको द्रुत विकासमा नै नेपालीहरुको भाग्यरेखा कोरिएको कुरा निश्चित छ । यसबाहेक हाल नेपालमा विद्यमान चिनी, जुट, चिया तथा अन्य कतिपय साना साना उद्योगहरु पूर्णतया कृषिमा आधारित छन् । कृषि क्षेत्रको विकासबाट मात्र यी उद्योगहरु फस्टाउन सक्ने कुरा विधिवत छ । कृषिमा आधारित यि उद्योगहरुमा हजारौं व्यक्तिहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगार पाइराखेका छन् । कृषिमा आधारित जुट नेपालको प्रमुख निर्यात हुने बस्तु हो । नेपालको निर्यात व्यापारबाट आर्जन गर्ने परिवर्त्य मुद्राको धेरै भाग जुटले नै ओगटेको छ । खाद्यान्नको हिस्सा कुल कृषि गार्हस्थ उत्पादनमा करिब ४२ प्रतिशत कुल बाली उत्पादनमा ७६ प्रतिशत हुन आउँछ (हाडा, २०६८) ।

नेपालमा कृषिबाट उत्पादन हुने बाली लाई खाद्यान्न र नगदे गरी दुई भागमा विभाजन गर्न सकिन्छ । खाद्यान्न बाली भन्नाले प्रत्यक्ष उपभोग को निमित्त प्रयोगमा आउने बालीहरु जस्तै धान, मकै, कोदो, गहुँ, जौ र फापर पर्दछन् भने नगदे बाली अन्तर्गत चिया, उखु, जुट, आलु, सुर्ति, तेलहन आदी पर्दछन् । नेपालमा कृषिका लागी आवद्ध गरिएको जमिन कुल क्षेत्रफलको ३८ प्रतिशत रहेको छ । जस मध्ये कुल खेतीयोग्य जमिनको ८४ प्रतिशत खाद्यान्न बालीले र १६ प्रतिशत नगदे बालीले आगटेको छ (कार्की, २०७१) ।

खाद्यान्न बालीहरु मध्ये धान धेरै मात्रामा उत्पादन गरेको पाइन्छ । धान १ वर्षे बाली भित्र पर्दछ । यो छोटो दिनमै उत्पाद गर्न सकीने बाली हो । छोटो समयमा पाक्ने धान करिब ३ महिना भित्र पाक्दछ भने लामो समयमा पाक्ने धान ६ महिना भित्र पाकी सक्छ । सामान्यतया धान ५० देखि २१५ से.मी. अग्लो हुन्छ । यसको जरा, गाँज, पात डाँठ र बाला हुन्छ । यसको बालाबाट हामीलाई धान, डाँठ र धानको पातबाट पराल उत्पादन हुन्छ ।

पराल गाई, भैंसी आदीलाई अलि उपयोगी हुन्छ भने धानबाट चामल बनाउँदा निस्कने भुस (बरन) पनी गाई वस्तुको लागी उपयोगी हुने गर्दछ (ढकाल र न्यौपाने, २०१७) ।

नेपालमा वि.सं. २०६२ असार १५ गतेदेखी धान दिवस मनाउन थालिएको हो । असार १५ मा रोपाई जात्रा, हिलो खेल्ने, दही चिउरा खाँदै मनाउने परम्परा छ । विश्वको जनसङ्ख्याको साढे तीन अर्व मानिसको मुख्य खाना चामल हो । ९० प्रतिशत धान एसीयामै उत्पादन हुन्छ र उत्पादनको आधा हिस्सा एसीयामै खपत हुन्छ । नेपालमा धानको उत्पादन वृद्धि भयो भने आर्थीक वृद्धिदर पनि बढ्दछ । नेपालको कुल गार्हस्थ उत्पादनमा २९.४ प्रतिशत योगदान कृषि क्षेत्रको छ । कृषिमा ६४.४ प्रतिशत जनसङ्ख्या आश्रित छन् । कृषि गार्हस्थ उत्पादनमा २० प्रतिशत धानको योगदान रहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ मा ५२ लाख ३० हजार मेट्रिक टन धान उत्पादन भएको थियो । खाद्य तथा पोषण सुरक्षाको दृष्टिबाट हेर्ने हो भने मानिसलाई आवश्यक पर्ने क्यालोरीको २०% हिस्सा चामलमा पाउँछौ (रा.स.स. २०७४) ।

नेपालको कृषि परम्परागत उत्पादन प्रणालीमा आधारीत छ । उत्पादित वस्तुहरुको भण्डार, मुल्य निर्धारण, उत्पादित बस्तुहरु बजारसम्म लैजान यातायात, खेती लगाउनको लागी औजार, विउ, मल, औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् । नेपालको कृषि प्रणाली जिविकोपार्जनमुखीबाट क्रमिक रुपमा व्यवसायिकरणतर्फ रुपान्तरण हुँदै गएतापनि यसको उत्पानलाई व्यवसायिक र प्रतिस्पर्धा बनाउने र राष्ट्रिय बजारमा परिचित गराउँदै आयात प्रतिस्थान र निर्यात प्रवर्द्धन गर्नु आवश्यक छ तर नेपालको सन्दर्भमा हाल प्रत्येक वर्ष खाद्यान्नको निर्यात भन्दा आयात बढि भएको देखिन्छ (दाहाल र अन्य, २०७०) ।

नेपालको अर्थतन्त्रमा धानको ठुलो महत्व र हिस्सा छ । धानको उत्पादन घट्दा कुल गार्हस्थ उत्पादनमा असर पर्दछ भने उत्पादन बढ्दा माथि उक्लन्छ । वि.सं. २०७५ सालमा ९२.२५ प्रतिशत रोपाई भएको थियो । कृषि गणना २०६८ मा नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३२ प्रतिशत रहेको उल्लेख छ । त्यसमा धानको १२ प्रतिशत योगदान छ । नेपालको प्रमुख खाद्यान्न बाली धान हो । वि.सं. २०७४ सालमा नेपालले लगभग २४ अर्व रुपैयांको चामल आयात गरेको थियो । २०७४/७५ मा धान खेती गर्ने जमीन १४ लाख ६९ हजार ५४५ हेक्टरमा सीमीत हुन पुगेको छ (काकी, २०७५) ।

तेह्रौं योजनामा कृषि क्षेत्रको उत्पादन ४.५ प्रतिशतले वृद्धि हुने लक्ष्य राखिएकोमा योजना अवधीमा औषत वृद्धिदर २.२ प्रतिशत रहेको थियो । खाद्यान्न उत्पादन तर्फ वार्षिक १ करोड ८ लाख ८१ हजार मेट्रीक टन उत्पादन पुऱ्याउने लक्ष्यमा योजनाको अन्तिम वर्ष २०७२/७३ मा धान ४२ लाख ९९ हजार मेट्रीक टन, मकै २२ लाख ३१ हजार मेट्रीक टन र गहुँ १५ लाख ७० हजार मेट्रीक टन उत्पादन भएको थियो । कृषि उत्पादनको लागी मौसमको भर पर्नुपर्ने अवस्था, समयमा विउ तथा मलखाद उपलब्ध नहुनु, कृषियोग्य जमिन बाझो रहेको अवस्था र भुकम्पको प्रभावको कारणले कृषि क्षेत्रको उत्पादनमा अपेक्षि उपलब्धी हासील हुन सकेको थिएन (चौधौं योजना, २०७४) ।

चौधौं योजना ऐतिहासिक संविधान सभाबाट संविधान जारी भएपछीको पहिलो योजना (आ.व. २०७३/७४-२०७५/७६) हो । यो योजनाले कृषि उपज, औषधी तथा उर्जा क्षेत्रमा आत्मनिर्भर बनाउँदै स्वाधीन, सम्मुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने सोच लिएको थियो । उत्पादनशील रोजगार उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिद्वारा गरिबी न्यूनिकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने उद्देश्य लिएको थियो । कुल गार्हस्थ उत्पादनको औषत वार्षिक वृद्धिदर ७.२ प्रतिशत पुऱ्याउने लक्ष्यमा आ.व. २०७३/७४ मा ७.७ प्रतिशत, आ.व. २०७४/७५ मा ६.३ प्रतिशत र आ.व. २०७५/७६ मा ६.८ प्रतिशत गरी औषत ६.९ प्रतिशत वृद्धि भएको छ । यस अवधिमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक औषत ४.२ प्रतिशत रहेको छ । कृषि क्षेत्रको वार्षिक औषत वृद्धिदर ४.७ प्रतिशत पुऱ्याउने लक्ष्यमा ४.२ प्रतिशत वृद्धि भएको छ । आ.व. २०७३/७४ मा प्रमुख खाद्यान्न धान, गहुँ र मकैको उत्पादन वृद्धिले सो लक्ष्य हासिल हुन सकेको हो । समयमा मनसुनको सुरुवात हुनु, कृषि व्यवसायीकरण बढ्दै जानु, मलखादको उपलब्धता बढ्नु, सिचाई सुविधा विस्तार हुँदै जानु आदि जस्ता कारणले यी खाद्यान्न बालीहरुको उत्पादन बढेको पाइएको छ (पन्ध्रौं योजना, २०७६) ।

आ.व. २०७५/७६ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.० रहने अनुमान छ । आ.व. २०७४/७५ मा कृषि क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा २८.१ प्रतिशत रहेको थियो । आ.व. २०७४/७५ मा कुल गार्हस्थ उत्पादन सँग कुल लगानीको अनुपात ५५.२ प्रतिशत रहेकोमा आ.व. २०७५/०७६ मा यस्तो अनुपात ६२.३ प्रतिशत रहने अनुमान राखेको छ । आ.व. २०७४/७५ मा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (स्थीर

मुल्यमा) रु. ३० हजार ४ सय ९५ रहेको थियो भने आ.व. २०७५/७६ मा ५.६ प्रतिशतले वृद्धि भई ३२ हजार २ सय १० पुग्ने लक्ष्य राखेको छ । कुल खेती योग्य जमीनको ८०.० प्रतिशत भन्दा बढी क्षेत्रफलमा लगाइने धान बालीको क्षेत्रफल आ.व. २०७४/७५ को तुलनामा आ.व. २०७५/७६ मा १.५ प्रतिशतले वृद्धि हुने अनुमान छ । आर्थिक वर्ष २०७५/७६ मा धान बालीको कुल उत्पादन ५६ लाख १० हजार मेट्रीक टन मध्ये सबैभन्दा बढि २७.० प्रतिशत प्रदेश नं. २ मा उत्पादन हुने अनुमान छ । प्रदेश नं. ५ र १ मा कुल उत्पादनको क्रमश २२.० प्रतिशत र ३१.० प्रतिशत उत्पादन हुने अनुमान छ । कर्णाली प्रदेशमा कुल उत्पादनको २.६ प्रतिशत उत्पादन हुने देखिन्छ र यो सबैभन्दा कम उत्पादन हो । यद्यपी यस अवधीमा धान बालीको उत्पादकत्व औषतमा ३.७६ मेट्रीक टन प्रति हेक्टर रहेकोमा प्रदेश नं. २ मा सैभन्दा कम ३.३६ मेट्रीक टन प्रति हेक्टर रहेको छ । आ.व. २०७४/७५ सम्म कृषियोग्य जमीन २६ लाख ४१ हजार हेक्टर मध्ये १४ लाख ७३ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । सिन्चीत क्षेत्रफलको करिव ३३.० प्रतिशत जमीनमा मात्र बाह्रै महिना सिचाई सुविधा पुगेको अनुमान छ । आ.व. २०७५/७६ को फागुण सम्म थप ३,२१० हेक्टर क्षेत्रफल मा सिंचाई सुविधा विस्तार भएको छ । जसमध्ये सबैभन्दा बढी २,२८० हेक्टर भुमिगत सिचाई, ७३० हेक्टर सतह सिचाई र २०० हेक्टर नयाँ प्रविधिमा आधारित सिचाई सुविधाको थप विस्तार भएको छ (अर्थ मन्त्रालय, २०७६) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाल कृषि क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा मानिएको भएपनि समग्रमा यसको अवस्था सन्तोषजनक रहेको पाइदैन । कृषकहरुमा कृषि शिक्षा, ज्ञान सिप तथा आयस्रोतको आदि कारणहरुले गर्दा उनीहरुले कृषि क्षेत्रमा आधुनिक तथा उन्नत प्रविधिको प्रयोग गर्न सकिरहेको छैनन् भने कृषि क्षेत्र उचित प्रविधी, सिंचाई, यातायात, उन्नत बीउ, मल, कृषि तालिमको अभाव, आदिले पिछडीएको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण र उत्पादनलाई व्यवसायीकरण गर्न नसक्दा उचित उत्पादन लिन सकिरहेको छैन ।

धान खाद्यान्न बालीहरु मध्ये प्रमुख बाली हो । नेपालको अर्थतन्त्रमा धानको महत्व ठुलो छ । धानको उत्पादन घट्दा कुल गार्हस्थ उत्पादनमा असर पर्दछ । धानको उत्पादन बढ्यो भने राज्यको आम्दानी पनि बढ्दछ । कृषि गणना २०६८ अनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३२ प्रतिशत रहेको उल्लेख छ । त्यसमा धानको

मात्र योगदान १२ प्रतिशत रहेको छ । धानको उत्पादन घट्नुमा र बढ्नुमा मौसममै निर्भर भएको देखिन्छ । खेतीयोग्य जमिनमा उपयुक्त सिचाई सुविधा पुऱ्याउन नसक्दा कृषक मौसममा भर पर्नु परेको छ । नेपालमा धानको उत्पादन अन्य अन्न बाली भन्दा बढि भए पनि त्यसको उपभोग र उत्पादन विच असमानता रहेको छ । हरेक वर्ष उत्पादनको तुलनामा उपभोग बढि भएको पाइन्छ । त्यसैले धानको उत्पादन वृद्धिका लागी राज्यले धेरै लगानी गर्न आजको प्रमुख चुनौतीपूर्ण विषय रहेको छ । हावा, पानी माटो अनुसार झापा जिल्ला धान उत्पादन गर्न उपयुक्त भएपनि धान खेतमि लगानीको कमीले गर्दा त्यसलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न नसक्नु पनि प्रमुख समस्या रहेको छ । धान उत्पादन कृषकहरुले उचित मुल्य नपाउँदा उनिहरुको मनोबल घटि आफ्नो उपभोगको लागी मात्र उत्पादन गर्ने गरेको पाइन्छ । उत्पादीत धानले उचित मुल्य नपाउनु पनि यसको प्रमुख समस्या रहेका देखिन्छ । त्यसैले यस अध्ययनमा अनुसन्धानसँग सम्बन्धी निम्नानुसारको समस्याहरुको समाधान खोज्ने प्रयास गरिएको छ ।

क) अध्ययन क्षेत्रका कृषकहरुको धानको उत्पादन लागतका शिर्षकहरु के के छन् पहिचान गर्न,

ख) कृषकहरुको धान उत्पादनको परिमाण कस्तो रहेको छ ।

ग) धानको उत्पादन लागत अनुसार उत्पादन परिमाणको अनुपात कस्तो रहेको छ ।

## १.३ अध्यनयको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्यमा धान उत्पादन र लागतको अध्ययन गर्नु दिनु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

क) धान उत्पादनको लागत पत्ता लगाउनु,

ख) धान उत्पादनको वर्तमान अवस्था पत्ता लगाउनु,

ग) धानको उत्पादन लागत र उत्पादन विचको तुलनात्मक अध्ययन गर्नु ।

घ) धानखेतीका समस्याहरु तथा समाधानका उपाउहरु पत्ता लगाउन ।

## १.४ अध्ययनको महत्व (Significance of the Study)

नेपालमा कृषि क्षेत्रमा संलग्न मानिसहरु धेरै छन् । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान उल्लेखनीय रहेको छ । नेपालमा खाद्यान्न बाली र नगदे बाली उत्पादन गरिन्छ । खाद्यान्न बाली अन्तर्गत धान खेती प्रमुख हो । नेपालको ७ प्रदेशहरु मध्ये सबैभन्दा बढी उत्पादन प्रदेश नं. १ मा हुन्छ र सबैभन्दा कम कर्णाली प्रदेशमा हुन्छ । धान उत्पादन वृद्धिको आधार विउ, मल, सिचाई, मौसम जस्तै लगानी पनि मूख्य आधार हो । धान उत्पादनसँगै उपभोग अध्ययन गर्नु आवश्यक हुन्छ । धानको उत्पादन र उपभोगको वास्तविक अन्तरले देशको खाद्यान्नमा आत्मनिर्भरता वा परिनिर्भताको अवस्थालाई स्पष्ट पार्दछ । त्यसैले यस अध्ययनको महत्वलाई निम्नानुसार वुँदागत रुपमा उल्लेख गरी अध्ययन अनुसन्धान गरिएको छ ।

क) यस अध्ययनले धान उत्पादन गर्न चाहने नयाँ कृषकहरुको लागि उत्पादन लागतको जानकारी प्रधान गर्दछ ।

ख) यो अध्ययनबाट निकालेका निष्कर्षले सरकारी तथा गैरसरकारी निकायलाई धानवाली संलग्न कृषकहरुको लागी उपयुक्त नीति निर्माण गर्न तथा लगानीमा वृद्धि गरि स्थानीय कृषकको जिवनस्तरमा सुधार ल्याउन सहयोग गर्दछ ।

ग) धान बालीमा संलग्न कृषकहरुको समस्या समाधान र धान खेतीका बारेमा जानकारी दिन सहयोग गर्दछ ।

घ) यस अध्ययनसँग सम्बन्धित अन्य नयाँ अनुसन्धानकर्ताका लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्न सहयोग पुग्नेछ ।

ङ) कृषकहरुको धान उत्पादनबाट प्राप्त वार्षिक औषत आम्दानी साथै वार्षिक औषत लगानीको जानकारी दिन सहयोग गर्दछ ।

## १.५ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययन अनुसन्धानबाट निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) धान उत्पादन गर्न लाग्ने खर्चका शिर्षकहरु के के रहेका छन् ?

ख) धान उत्पादनको अवस्था कस्तो छ ?

ग) उत्पादन लागत र उत्पादन बिचको तुलनात्मक सम्बन्ध कस्तो छ ?

घ) धानखेतीका समस्या र समाधान उपायहरु के के हुन् ?

ङ) धानको उत्पादन वृद्धि गर्न कस्ता कस्ता प्रयासहरु गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा (Delimitation of the Study)

क) यो अध्ययन झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ३ मा बसोबास गर्ने कृषकहरुमा मात्र सिमीत रहेको छ ।

ख) यस अध्ययनमा खाद्यान्न बाली अन्तरगत बर्खे धानलाई मात्र समावेश गरिएको छ ।

ग) यो अध्ययन उत्पादन र लागत र उत्पादन तथ्याङ्कसँग मात्र सिमित रहेको छ ।

घ) यस अध्ययनमा २०७६/७७ सालको धानको उत्पादन लागत र उत्पादनको विवरण मात्र तथ्याङ्कका रुपमा लिइएको छ ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

झापा जिल्ला भद्रपुर न.पा. ३ मा बसोबास गर्ने कृषक घरपरिवारहरुको धानको उत्पादन लागत र उत्पादन विचको अध्ययन गर्ने उद्देश्यले गरिएको यस अध्ययनलाई जम्मा ५ अध्यायमा संगठित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, उद्देश्य, अध्ययनको महत्व, अनुसन्धान प्रश्न, परिसीमा र अध्ययनको संगठनलाई राखिनेछ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पनुरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर र कार्यात्मक ढाँचालाई क्रमश राखिएको छ । अध्याय तिनमा अध्ययनको विधि र प्रक्रीयाहरुमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको परिचय, जनसङ्ख्या, नमूना आकार र नमूना छनोट रणनीति, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनको साधनहरु, तथ्याङ्क सङ्कलनको प्रविधिहरु तथ्याङ्क विश्लेषण प्रक्रिया, लागत सम्बन्धी अवधारणा र नीतिगत प्रावधान समावेश गरिएको छ ।

अध्याय चारमा नतिजा विश्लेषण र व्याख्या रहेको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझावहरु राखिएका छन् । त्यस पछि अनुसुची र सन्दर्भ सुचीहरु राखिएका छन् ।

# अध्याय दुई (CHAPTER TWO)

## सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा (REVIEW OF RELATED LITERATURE AND FUNCTIONAL FRAMEWORK)

यस अध्ययनमा धानको उत्पादन लागत र उत्पादन विचको अध्ययनको पक्षमा विभिन्न संघ-सस्था तथा अध्ययनकर्ताले विगतमा गरेका अध्ययन प्रतिवेदन तथा अनुसन्धानमा समिक्षा गरिएको छ । यस अध्यायमा सम्बन्धीत सहित्यको पुनरावलोकन र कार्यान्वयन ढाँचा शीर्षकमा मुख्यत : सम्बन्धीत साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर र कार्यात्मक ढाँचा जस्ता उप-शिर्षकहरु प्रस्तुत गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

नेपालको संविधान (२०७२), को भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शिर्षक अन्तर्गत धारा ५१ राज्यका नीतिहरु अन्तर्गत अनुसूचि ङ मा कृषि र भूमीसुधार सम्बन्धि नीति उल्लेख गरिएको छ । भूमीमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखेर वैज्ञानिक तरिकाले भुमीको सुधार गर्ने, भुमीपतीको अनुपस्थीतलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमीको व्यवस्थापन र कृषिको व्यवसायीकरण औद्योगीकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, उत्पादनशिलता, प्रकृति तथा वातावरण सन्तुलन गर्न व्यवस्थापन गरेर जमिनको समुचित उपयोग गर्ने, कृषकका लागि कृषि सामग्री तथा औजार, कृषि उपजको उचित मूल्य र बजारमा यिनीहरुको पहुँचको व्यवस्था गर्ने नीतिको व्यवस्था गरिएको छ ।

अर्थ मन्त्रालय (२०७४), नेपाल सरकार संघीय संसदको संयुक्त वैठक बसी आर्थिक 'वर्ष २०७४/७५ को वजेट वक्तव्य' वि.सं. २०७४ जेठ १५ गते अर्थमन्त्रीद्वारा प्रस्तुत गरिएको थियो । बजेटको उद्देश्यहरु संविधान कार्यान्वयनमा सहयोग गर्ने, दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने, समष्टिग आर्थिक स्थायित्व कायम गर्ने र राज्यद्वारा

प्रदान गरिने सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने रहेको थियो । यि उद्देश्य हासील गर्न प्राथमीकताको आधारमा संघीयता कार्यान्वयन, भुकम्पबाट क्षतीग्रस्त संरचनाहरुको पुननिर्माण, रोजगारी, उत्पादन र उत्पादकत्व, आयोजनाहरु कार्यान्वयन, कृषिको आधुनिकीकरण, आयोजनाहरु कार्यान्वयन, कृषिको आधुनिकीरण, व्यवसायीकरण र यान्त्रिकरण, जलविद्युत उत्पादन, प्रसारण र वितरण, सडक, रेलमार्ग र अन्तराष्ट्रिय विमानस्थल निर्माण पर्यटन पूर्वाधारको विकास, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा लगानी, वैङ्क तथा वित्तिय संस्थाहरुको नियमन र व्यवस्थीत सञ्चालन, अति आवश्यक उपभोग्य वस्तुहरुको आपूर्ति, भन्डारण र वितरण प्रणाली, सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार आदी क्षेत्रमा प्रयाप्त लगानी गर्न बजेट विनियोजन गरिएको थियो ।

अर्थमन्त्रालय (२०७६), नेपाल सरकार, संघीय संसदको संयुक्त वैठक बसी 'आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य' वि.सं. २०७६ जेठ १५ गते अर्थमन्त्रीद्वारा प्रस्तुत गरिएको छ । जसमा नागरीकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यक्ताहरु शीघ्र परिपूर्ती गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने, उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने र आर्थिक, भौतिक तथा सामाजिक पुर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रुपान्तरण दुवै समुन्नत र समृद्ध समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने उद्देश्य रहेको छ । बजेटको उद्देश्य हासिल गर्न नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमीकता अनुसार चरम गरिबीको अन्त्य र पिछडीएको क्षेत्र, वर्ग र समुदायको उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित लोकल्याणकारी राज्य व्यवस्था निर्माण, राष्ट्रिय पूँजी निर्माण, रोजगारी सिर्जना र अन्य वृद्धि, गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधारहको विकास, सार्वजनीक सेवाको प्रभावकारीता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरीक अनुभुति हुने शुसासन प्रवर्द्धन आदी क्षेत्रमा प्रयाप्त लगानी गर्न बजेट विनियोजन गरिएको उल्लेख छ ।

राष्ट्रिय कृषि नीति (२०६१), नेपालको दिगो विकास एवं सहस्राब्दी विकासका लक्ष्यहरु पुरा गर्न दिर्घकालीन कृषि योजनाका मुलभुत पक्षलाई कायम राख्नु पर्दछ । यसको लागी नयाँ राष्ट्रिय कृषी नीति लागु गर्न आवश्यक महसुस गरी नेपाल सरकारले २०६१

सालमा राष्ट्रिय कृषि नीति जारी गरेको छ । यसको दृष्टिकोण निर्वाहमुखी कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण उल्लेख रहेको छ । राष्ट्रिय कृषि नीतिको उद्देश्यहरु कृषि उत्पादन एवं उत्पादकत्व बढाउने, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धा बनाउने, प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने रहेको छ । यी उद्देश्यहरु पुरा गर्न स्थानीय उत्पादन एवं उत्पादकत्व अभिवृद्धि, लक्षित वर्गहरुका लागि विशेष सुविधा, व्यवसायिक र प्रतिस्पर्धात्मक विकास र प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्बर्द्धन सदुपयोग गरी ४ वटा नीतिहरु कृषकहरुको आवश्यकतालाई समेट्न अवलम्बन गरेको छ ।

उपाध्याय र विशु (२०७६), नेपाल राष्ट्र बैंङ्कको तथ्याङ्क अनुसार १०.२ प्रतिशत घरपरिवार उच्च खाद्य असुरक्षाको उच जोखिममा रहेको देखाइएको छ । नेपालको ७ प्रदेश मध्ये कर्णाली प्रदेशको १० जिल्ला मध्ये ७ जिल्लामा प्रत्येक वर्ष खाद्य असुरक्षित हुने गर्दछ । यसको कारण न्युन उत्पादन हुनु हो । कर्णाली प्रदेश भूगोलको आधारमा अन्य प्रदेश भन्दा ठुलो भएता पनि खेतीयोग्य जमीन कुल प्रदेशको क्षेत्रफलको ११.८५५ मात्र रहको छ । खेतीयोग्य जमिन मध्ये ७५.५ प्रतिशत खेती हुन्छ भने २२.५ प्रतिशत भुमि मात्र सिचाई सुविधा पुगेको छ । त्यहाँ आफ्नो उत्पादनले खान नपुग्ने घर परिवार संख्या ७७.५ प्रतिशत रहेको उल्लेख छ । देशको कुल गार्हस्थ उत्पादन प्रदेशगत अर्थतन्त्रको अतर अंश ३१.९ देखी ४.१ प्रतिशतको विचमा रहेको देखिन्छ । कर्णालीमा उत्पादन बढाउन भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ९६ वटा सिचाई आयोजना सञ्चालन गरेको रहेछ । यसले ३ सय ५३ हेक्टर भुमिमा सिचाई पुग्ने अनुमान रहेको छ । यस प्रदेशमा वर्षेनी ३ लाख ५२ हजार १ मेट्रिक टन खाद्यान्न आवश्यक भएता पनि ३ लाख २६ हजार ५ सय ७३ मेट्रीक टन खाद्यान्न उत्पादन हुने रहेछ । यसको हिसाबले यहाँ वर्षेनी २५ हजार ४ सय मेट्रिक टन खाद्यान्न अपुग हुने रहेछ । उत्पादीत खाद्यान्न अपुग हुँदा बजारको भर पर्नुपर्दछ । खाद्य संकट त्येतीबेला हुन्छ जति बेला त्यहाँ पहिरोले बाटो छेक्दा खाद्यान्न बाहिरबाट जान नसक्दा र बजारमा भएको खाद्यान्न सकिँदा मात्र हुन्छ । त्यहाँका अति विपन्न गरिब किसानको आय आर्जन वृद्धि गर्न १० वटै जिल्लाको सबैभन्दा गरिब पालिकाको गरिब वस्ती र क्षेत्रमा छनोट गरी किसान सरकार हातेमालो कार्यक्रम सञ्चालन गरेको छ ।

नेपाल राष्ट्र बैङ्क (२०७५), देशको कुल गार्हस्थ उत्पादनमा प्रदेशगत अंशको अन्तर ठूलो रहेको छ । ३१.९ प्रतिशत देखि ४.१ प्रतिशतको बीचमा प्रदेशगत अर्थतन्त्रको आकारको भिन्नता रहेको छ। प्रदेश नं. १ ले कुल गार्हस्थ उत्पादनमा १७.५%, प्रदेश नं. २ ले १६.२%, प्रदेश नं. ३ ले ३१.९ प्रतिशत, प्रदेश नं. ४ ले १०.५ प्रतिशत, प्रदेश नं. ५ ले १३.४ प्रतिशत, कर्णाली प्रदेशले ४.१% र प्रदेश नं. ७ ले ६.३ प्रतिशत हिस्सा ओगटेको देखिन्छ। प्रदेश नं. ३ को आर्थीक हैसियत अन्य प्रदेश भन्दा सवल रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा पहिलो ठुलो योगदान गर्ने प्रदेश नं. १ हो भने सबैभन्दा कम कर्णाली प्रदेश हो। कृषि उद्योग र सेवा क्षेत्रहरुमा प्रदेश नं. १ कृषि क्षेत्रमा सबैभन्दा बलीयो छ। किनभने २१.५ प्रतिशत उत्पादन यस प्रदेशको रहेको छ। सबैभन्दा कम उत्पादन भएको कर्णाली प्रदेशको ६.० प्रतिशत उत्पादन कृषि क्षेत्रको रहेको छ।

चौधौं योजना (२०७४), तेह्रौं योजनाले कृषि क्षेत्रको उत्पादन ४.५ प्रतिशतले वृद्धि हुने लक्ष्य राखेकोमा योजना अवधी भरी वार्षिक औषत वृद्धि दर २.२ प्रतिशत रहेको थियो। खाद्यान्न उत्पादन तर्फ वार्षिक १ करोड ८ लाख ८१ हजार मेट्रीक टन उत्पादन पुऱ्याउने लक्ष्यमा योजनाको अन्तिम वर्ष २०७२/७३ मा धान ४२ लाख ९९ हजार मेट्रिक टन, मकै २२ लाख ३१ हजार मेट्रिक टन र गहुँ १५ लाख ७० हजार मेट्रीक टन उत्पादन भएको थियो। कृषि उत्पादनको लागी मौसमको भर पर्नुपर्ने अवस्था, समयमा दिउ तथा मलखाद उपलब्ध नहुनु, कृषि योग्य जमिन बाझो रहेको अवस्था र भुकम्पको प्रभावको कारणले कृषि क्षेत्रको उत्पादनमा अपेक्षित उपलब्धी हासिल हुन सकेको थिएन।

देवकोटा (२०७६), का अनुसार विश्वका आधा भन्दा बढि जनसङ्ख्याको खाद्यान्नको प्रमुख आधार धान नै हो। एसीयाली मुलुकहरुमा धानको खेती बढि हुने गर्दछ। यसैकारणले एसीयाली मुलुकहरुलाई धानको वास्केट नै मानिन्छ र हाम्रो नेपाल पनि एसीयाली मुलुक भित्रै पर्छ। एसीयाली मुलुकहरुमा ९० प्रतिशत भन्दा बढी धानको उत्पादन र खपत पनि एसीयाली मुलुकमा नै हुने गरेको छ। विश्वमा जति मात्रामा धान उत्पादन हुन्छ त्यसको ६/७ प्रतिशत मात्र विक्री वितरणका लागि बजार जान्छ।

हाडा (२०६५), का अनुसार नेपाली जनजीवनको मुख्य आयस्रोत कृषि हो। कृषिको विकासले नेपालीहरुको जनजीवन उकास्न सकिन्छ। नेपालीहरु कृषीमा निर्भर रहेका छन्। कतिपय उद्योगहरुका लागी चाहीने कच्चा पदार्थ पनि कृषिबाट नै प्राप्त हुने गर्दछ।

त्यसैगरी कृषि गार्हस्थ उत्पादनमा बढि हिस्सा खाद्यान्नको रहेको छ । अत : खाद्यान्न उत्पादन र उत्पादकत्वमा थोरै परिवर्तन हुँदा कुल वाली उत्पादनका साथै सम्पूर्ण राष्ट्रिय उत्पादनमा पनि यसको प्रत्यक्ष तथा व्यापक प्रभाव पर्दछ । नेपालको कृषि विकासको कुरामा कृषि योग्य भुमीको उपयोग पानिको स्रोतहरुको परिचालन महत्वपूर्ण सम्बन्ध गाँसिएको हुन्छ । नेपालको कृषि उत्पादनमा अन्न वालीले महत्वपूर्ण भूमीका खेलेको छ । खानाको निमित्त प्रयोग हुने उब्जनी खाद्यान्न वाली हो । यसमा धान पनि पर्दछ । धान नेपलको प्रमुख र महत्वपूर्ण खाद्यान्न वाली हो । यसको उत्पादनका लागि मलिलो माटो, उष्ण जलवायु, पर्याप्त वर्षा र समथर भुमीको आवश्यक पर्दछ । यो तराई फाँटमा बढि उत्पादन हुन्छ । नेपालका ५३ जिल्लाहरुमा धानको खेती प्रमुख रुपमा गरीन्छ भने झापा र मोरङ धान उत्पादनको भण्डारको रुपमा मान्छि । देशको कुल उत्पादनको लगभग ३०% देखि ४०% सम्म धान उत्पादन झापा र मोरङमा हुन्छ । नेपालको खाद्यान्न वालीहरुमा लगभग ६० प्रतिशत धान उत्पादन हुने गर्दछ । आर्थिक वर्ष २०६६/०६७ मा धानको उत्पादन करिव ४ लाख २४ हजार मेट्रीक टन हुने प्रारम्भीक अनुमान थियो ।

भट्ट, दाहाल र अधिकारी (२०६९), का अनुसार अल्पविकसीत देशहरुमा कृषिलाई एउटा प्रमुख पेशाको रुपमा लिइन्छ । नेपालले पनि कृषिलाई कुल गार्हस्थ उत्पादनको महत्वपूर्ण क्षेत्र मानेको छ । यस्ता देशहरुमा परम्परागत पद्धतीबाट उत्पादन गरीने भएकोले उत्पादकत्व न्युन हुन्छ । जसले आर्थिक विपन्नता तथा गरिबी जस्ता झेल्नु परिरहेको हुन्छ । नोवेल पुरस्कार विजेता अर्थशास्त्री Theodore William Sechultz ले आफ्नो पुस्तक 'Transfoming Traditional Agriculture' मा परम्परागत कृषि प्रणालीलाई लगानी तथा नयाँ प्रविधीको आधारमा रुपान्तरण गर्न सकीएमा आर्थिक समुन्नतीको बाटोमा यात्रा गर्न सकिने तर्क प्रस्तुत गरेका छन् । उनका अनुसार अल्पविकसीत देशहरु कमजोर र दयनीय अवस्थामा रहनुको प्रमुख कारण कृषि क्षेत्रको न्युन उत्पादकत्व हो । तसर्थ निर्वाहमुखी खेती प्रणालीमा सुधार अथवा कृषिमा रुपान्तरण गर्न यो क्षेत्रमा प्रयाप्त लगानी गर्न सक्दा आर्थिक वृद्धि र विकासको गतिलाई तिव्र पार्न सकिन्छ ।

Ministry of Agicutlure & Livestock Development (2020) अनुसार नेपालमा खाद्यान्न बालीको उत्पादन र उत्पादीत क्षेत्रफलको स्थीतीलाई हेर्दा कुल १४,९१,७४४ हेक्टर क्षेत्रफलमा ५६,१०,०११ मे.टन धान उत्पादन, ९,५६,४४७ हेक्टर क्षेत्रफलमा २७,१३,६३५

मे.टन मकै उत्पादन, २,६३,२७१ हेक्टर क्षेत्रफल मा ३,१४,२२५ मे.टन कोदो उत्पादन, १०,३११ हेक्टर क्षेत्रफलमा ११,४६४ मे.टन. फापर उत्पादन, ७,०२,९९२ हेक्टर क्षेत्रफलमा २०,०५,६६५ मे.टन. गहुँ र २४,४०९ हेक्टर क्षेत्रफलमा ३०,५५० मे.टन जौ, उत्पादन भएको थियो । त्यसैगरी वार्षिक रसायनिक मल युरिया २१५,७३३ मे.टन., डि.एपी. १,२०,८९३ र पोटास ७,३७७ मे.टन विक्रि भएको थियो । यहाँ सबैभन्दा बढि क्षेत्रफलमा धान उत्पादन भएको देखिन्छ भने सबैभन्दा कम क्षेत्रफलमा फापर उत्पादन भएको देखिन्छ ।

## २.२ अनुन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)

धिताल (२००१), ले आफ्नो शोधपत्र "An Economic Analysis of Paddy Production" शिर्षकमा शोधपत्र तयार गर्नुभएको छ । उक्त शोधपत्र तयार गर्नुको उद्देश्यहरु धानबाली उत्पादनमा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु, अध्ययन क्षेत्रको धान उत्पादनका समस्याहरु पत्ता लगाउनु रहेका छन् । अध्ययन क्षेत्र दरुवा गा.वि.स. दाङ जिल्ला रहेको छ । धान उत्पादनमा जनशक्ति, रासायनिक मलको अपूर्णता परम्परागत खेती गर्ने तौरतरिका, उन्नत बिउको अभाव तथा तालिमको अभावजस्ता समस्याहरु अध्ययन क्षेत्रमा रहेको कुरा व्याख्या गर्नुभएको छ । अध्ययन क्षेत्रमा सिँचाइका स्रोतहरु प्रशस्त भए पनि ती स्रोतहरुको उचित मात्रामा प्रयोग नभएको यदि स्रोतहरुको उचित मात्रामा प्रयोग भएमा धान उत्पादनमा थप सहयोग पुग्ने बजारको व्यवस्था, राइस मिल आधुनिक प्रविधीबाट स्थापना गर्न सके, कृषि कर्जाको व्यवस्थापन गर्न सके तथा सस्तो दरमा ऋण सुविधा भएमा र तालिमलाई गाउँ गाउँमा परिचीत गराउन सके धान उत्पादन गर्न सकिने बढिभन्दा बढि सम्भावना रहेको कुरा निष्कर्ष दिनुभएको छ ।

कुर्मी (२००५), पर्सा जिल्ला गोविन्दुपर गा.वि.स.लाई अध्ययन क्षेत्र बनाई जमिनको वितरण र धानवालीले ढाकेको क्षेत्र पत्ता लगाउनु, धान उत्पादनमा परिवर्तन ल्याउने मुख्य responsible factor पत्ता लगाउनु जस्ता उद्देश्य राखी "Paddy Production Prblems nd Possibility" शीर्षकमा शोपत्र तयार गर्नुभएको छ । एक विघा भन्दा कम भूमी भएको किसानलाई साना किसान भनी वर्गीकरण गर्नुभएको छ । जसमा १३.५१ प्रतिशत हेक्टरमा ५८.२३ प्रतिशत धान उत्पादन गरेको पत्ता लगाउनु भएको थियो । एक विघा देखी दुई विघा भूमी भएको किसानलाई मध्य किसान भनि विभाजन गरी यो समुहमा पर्ने

किसानहरुले १४.०८ प्रतिशत हेक्टर २१.३० प्रतिशत धान उत्पादन गरेको उल्लेख गर्नुभएको छ । दुई विघा भन्दा माथि भुमि भएकालाई large farmer भनि वर्गीकरण गर्नुभएको छ । यस समुहमा पर्ने किसानहरुले ३८.८२ प्रतिशत हेक्टर जमिनमा ५८.२७ प्रतिशत धान उत्पादन भएको कुरा उल्लेख गर्नुभएको छ । सिचाई सुविधा, आधुनिक विउ, कृषि सामग्री, रासायनिक मल, किसानहरुलाई धान खेती सम्बन्धी शिक्षा तालिमको सुविधा उचित किसिमले भएमा गोविन्दपुर गा.वि.स. मा उल्लेती उत्पादन भन्दा पनि बढि उत्पादन हुने सम्भावना उल्लेख गर्नुभएको छ ।

घिमीरे (२०६५), पाल्पा जिल्ला मदन पोखरा गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा लिई "नगदे तथा खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन" शीर्षकमा एक शोधपत्र तयार पार्नुभएको छ । उक्त शोधपत्रमा अध्ययन क्षेत्रमा खाद्यबाली (धान, मकै, गहुँ) भन्दा नगदेवाली (आलु, काउली, मुला, गोलभेडा) तरकारी खेतीको आय लगभग ३ गुणा बढि रहेको र नगदे तथा खाद्यान्न बालीको अर्थिक तथा सामाजिक प्रभावमा ४६ प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ । उक्त अध्ययन क्षेत्रमा साक्षरता प्रतिशत ७६.६० हुनुका साथै उच्च शिक्षातर्फ पनि आकर्षित रहेको समेत उल्लेख छ । उक्त अध्ययन क्षेत्रमा कृषि ऋणलाई सर्वशुलभ तथा न्युनतम व्याजदर कायम गरी उपलब्ध गराउनुपर्ने, कृषिउपज वस्तुको मूल्य सरकारी स्तरबाट निर्धारण गरीनुपर्ने, सिचाई व्यवस्था, मल विउ तथा औषधीको प्रवन्ध गरी सरकारी स्तरबाटै कृषि गुरु योजना बनाई प्रभावकारी कार्यान्वयन ल्याउनपर्ने जस्ता सुझावहरु पेश गरिएको छ ।

लुइटेल (२०६७), ले "नगदे र खाद्यान्न बालीमा संलग्न किसानहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक एक अध्ययन" विषयमा शोधपत्र तयार पार्नुभएको छ । यस अनुसन्धानको अनुसन्धान क्षेत्र साखेजुङ्ग गा.वि.स. इलाम जिल्ला रहेको छ । यस शोधपत्रका उद्देश्य परिवारको आर्थिक अवस्थाले बालबालिकाको शिक्षा पारेको प्रभावको विश्वलेषण गर्नु रहेको छ । यी उद्देश्य पुरा गर्नको निम्ती नगदेबालीमा संलग्न १२ घरधरी र खाद्य बालीमा १२ घरधुरी गरी जम्मा २४ धुरी नमूनाको रुपमा छनोट गर्नु भएको छ । अध्ययनको क्षेत्रमा नगदे र खाद्यान्न बालीमा संलग्न व्यक्तिहरुको प्रति बालबालिकाहरुको लागी शिक्षामा लगानी क्रमश रु. ९,७०३। र रु. ६,५६५.२२। रहेको देखिन्छ । खाद्यान्न बालीमा संलग्न परिवारको वार्षिक औषत आम्दानी रु. ५७,४५५.८३। र नगदे बालीमा संलग्न परिवारको रु.

१,२०,४५४.१७ रहेको देखिन्छ । तुलनात्मक रुपमा नगदेवालीमा संलग्न परिवारको आम्दानी बढि देखिएको निष्कर्ष रहेको छ ।

सारु (२०७०), ले आफ्नो शोधपत्रमा जहदा गा.वि.स. नवलपरासीलाई अध्ययन क्षेत्र बनाई "धानवालीको उत्पादनले आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव" शीर्षकमा अनुसन्धान गर्नु भएको छ । उक्त अनुसन्धानको उद्देश्य धान उत्पादनले किसानहरुको आर्थिक अवस्थामा पारेको प्रभाव विश्लेषण गर्नु, धान उत्पादनले बालबालिकाको शिक्षामा पारेको प्रभाव पत्ता लगाउनु र समस्या समाधानको लागी सुझावहरु प्रस्तुत गर्नु रहेको छ । उहाँले गुणात्मक तथा विश्लेषणात्मक ढाँचा प्रयोग गर्नु भएको छ । गा.वि.स.का ३ र ७ नं. वडालाई छनोट गरी ३८४ घरधुरी मध्ये ६० घरधुरीलाई नुमनामा समावेश गर्नुभएको छ । तयाङ्क संकलनका प्रविधिहरु अन्तर्वार्ता र अवलोकन प्रयोग गर्नुभएको छ । धान बालीले आर्थिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक सुधार रहेको, उचित आधुनिक बीउ, मल, कृषि औजार सिचाई तथा हेरचाह भएमा आम्दानी बढ्ने, कृषकका बालबालिकाहरु सरकारीमा ५२ र निजीमा ४९ जना अध्यापन गराइएको, शिक्षामा कृषि कै बढि योगदान रहको, धान खेतीले बालबालिकाको पढाईमा असर नपुगनेको, किसानको धानवाली सम्बन्धी सिचाई, बालीसँग रोग, किरा, मुल्य स्थिर नहुनु आदी पाइएको र सिचाईका राम्रो प्रवन्ध, उन्नत मल वीउ तथा प्रविधिको उपलब्धता हुन सके धानवालीमा सुधार हुन सक्ने र मुख्य निर्धारणमा कृषकको सहभागी भएमा धानबीमा पर्याप्त सुधार गर्न सकिने निष्कर्ष रहेको छ ।

डांगी (२०७१), ले आफ्नो शोधपत्रमा तरकारी तथा खाद्यान्न बाली उत्पादनबाट प्राप्त आयले किसानको आर्थिक तथा पारिवारिक शैक्षिक अवस्थामा पारेको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखेर अध्ययन गर्नुभएको थियो । यस अध्ययन धनवाङ गा.वि.स.को सल्यान जिल्लामा केन्द्रित गरिएको थियो । यस अध्ययन क्षेत्रमा तरकारी बाली अन्तर्गत काउली, आलु, बन्दागोभी र गोलभेडा समावेश गरिएको थियो भने खाद्यान्न बाली अन्तर्गत धान, मकै गहुँ र कोदोलाई समवेश गरिएको थियो । खाद्यान्न बालीबाट रु. ४४१०४५९। र तरकारी बालीबाट रु. १,४५,२१,८०० । मूल्य बराबरको आय प्राप्त गरेको देखिन्छ । अध्ययन क्षेत्रका १०० घरधुरी मध्ये खाद्यान्न बालीबाट बाह्रै महिनासम्म खान पुग्ने ३८ घरधुरी देखाएको छ । उनीहरुको कुल आयमा प्रतिशतको हिसाबले हेर्दा तरकारी बाली बाट ७६.७० प्रतिशत र खाद्यान्न बालीबाट २३.३० प्रतिशत योगदान रहेको पाइयो । अध्ययन क्षेत्रमा

तरकारी बालीबाट प्रतिघर औषत आय रु. १,४५,२१८। र प्रतिव्यक्ति वार्षिक औषत आय रु. २६,६९४। रहेको पाइयो भने खाद्यान्न बाली तर्फ प्रतिघर औषत आय रु. ४४,१०४ र प्रतिव्यक्ति वार्षिक औषत आय रु. ८,१०७। रहेको पाइयो । यस आधारमा पनि खाद्यान्न बालीको तुलनामा नगदे बालीको योगदान बढि रहेको पाइन्छ ।

भण्डारी (२०७१), द्वारा 'कफि खेतीले किसानहरुको आर्थिक तथा तिनीहरुको वालवालिकामा पारेको शैषिक प्रभाव" शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको अध्ययन क्षेत्र आँपचौर गा.वि.स. रहेको छ । उद्देश्यमुलक नमुा छनोट विधिद्वारा अध्ययन क्षेत्रको चयन गरिएको छ । यस अध्ययनको नमुना आकार १०२ घरपरिवार रहेको छ । जुन कुल कफि खेती गर्ने जनसंख्याको ४० प्रतिशत हुन आउँछ । अध्ययन क्षेत्रमा कफि उत्पादन मध्यम खालको देखीएता पनि उचित मुल्यको कारण राम्रो देखिएको छ । अध्ययन क्षेत्रको कफि खेतीबाट वार्षिक आम्दानी रु. १,१५४.६९१। रहेको छ । प्रतिघरधुरी वार्षिक कफिबाट आम्दानी रु. ११,२३०.५। रहेको छ । यस अध्ययन क्षेत्रको मुख्य पेशा कृषि भएता पनि मुख्य आम्दानी वैदेशिक राजेगारी भएको देखिन्छ । सवै घरधुरी बाट १ सदस्य वैदेशिक रोजगारीमा गएको पाइयो । कफि खेतीबाट यस क्षेत्रको किसान सन्तुष्ट रहेको पाइयो । कफि खेतीको आम्दानीबाट बालकालिकालाई सरकारी विद्यालयमा पढाएका छन् तर निजी विद्यालयमा पढाएको पाइएन । अध्ययन क्षेत्रमा कफि खेतीमा विभिन्न समस्याहरु देखिएका छन् । मुख्य समस्याको रुपमा बाटोको समस्या, बजारको अभाव, श्रमीकको अभाव, सहुलियत कर्जाको अभाव, रोगको संक्रमण, विउविजनको अभाव रहेका छन् । यस्ता समस्याको समाधानको लागी बजारको व्यवस्था सहुलियत ऋणको व्यवस्था, रोग नियन्त्रण तथा उचित विउविजनको व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् ।

कार्की, (२०७१), ले आफ्नो शोधपत्रमा खाद्यान्न बालीले स्थानीय कृषकहरुको आर्थिक अवस्था र तिनीहरुको बालबालीकाहरुको शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा अध्ययन गर्नुभएको छ । यस अध्ययनको अध्ययन क्षेत्र महेशपुर गा.वि.स.को झापा जिल्लामा केन्द्रित रहेको छ । यस अध्ययनका उद्देश्यहरु धान बालीको बर्तमान अवस्था, बालबालिकाको शिक्षाको क्षेत्रमा पारेको प्रभाव र धान खेतीमा देखिएका समस्याहरुको विश्लेषण गर्नु रहेको थियो । यस उद्देश्य पुरा गर्न धान बालीमा संलग्न ७७५ घरधुरीलाई नमुना छनोटको रुपमा छनोट गरिएको थियो । यस अध्ययनमा धान बालीमा संलग्न

कृषकहरुको प्रतिपरिवार वार्षिक औषत आम्दानी रु.१ लाख २६ हजार ५ सय ७६.४८ रहेको पाईयो भने वार्षिक औषत खर्च रु.१ लाख १६ हजार १ सय ३९.५ रहेको पाईयो र औषत बचत रु.१० हजार ४ सय ३६.९६ रहेको पाइयो । नमुना छनोटमा परेका कृषकहरुको धान बालीबाट मात्र प्राप्त वार्षिक औषत आम्दानी रु. ४,३९०.२४। रहेको पाईयो । भने वार्षिक औषत खर्च रु. २,१९५.१२। रहेको पाईयो र बार्षिक औषत बचत रु.२१९.१२। पाईयो । अध्ययन क्षेत्रमा विद्यालय जाने उमेर समूहका ६२ जना बालबालिकाहरु सरकारी र ६८ जना बालबालीकाहरु नीजि विद्यालयमा अध्यापन गराएको पाईयो । धान बालीमा संलग्न किसानहरुको आर्थिक अवस्थामा सकरात्मक प्रभाव परेको देखियो ।

शर्मा (२०७२), ले 'अदुवा खेतीले स्थानीय किसानहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव' को सन्दर्भमा शोधपत्र तयार पार्नुभएको छ । यस अध्ययनको अध्ययन क्षेत्र विश्वास गा.वि.स. गुल्मि रहेको छ । यस अध्ययनमा अदुवा खेतीमा संलग्न ५० घरपरिवार र अदुवा खेतीमा असंलग्न ५० घरपरिवार गरी जम्मा १०० घरपरिवार नमुना आकार रहेको छ । यस अध्ययनको अध्ययन क्षेत्र गुल्मि जिल्लाको विश्वास गा.वि.स.लाई उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको पाइयो । यस अध्ययनमा अदुवा खेती गर्ने परिवारको वार्षिक आम्दानी रु. ४२,५३,०००। र वार्षिक खर्च रु १६,४८,०००। रहेको पाइयो । जसमा वचत रु. २७,०५,०००। रहेको छ । अदुवा खेती नगर्ने परिवारको आम्दानी अदुवा खेती गर्ने परिवारको तुलनामा कम पाइयो । उनिहरुको वार्षिक आम्दानी रु. ३२,५४,०००। र खर्च रु. ११,५६,०००। रहेको पाइयो भने वचत रु. २०,९८,०००। रहेको पाइयो । यस अध्ययनमा अदुवा उत्पादन गर्ने किसानको तुलनामा अदुवा उत्पादन नगर्ने किसानहरु साक्षर देखियो । अदुवा उत्पादन गर्ने किसानको आम्दानी राम्रो भएको कारणले गर्दा उनिहरुले बालबालिका सरकारी विद्यालय भन्दा निजी विद्यालय तर्फ आकर्षित रहेको पाइयो । यसरी आम्दानीले शिक्षाको क्षेत्रमा प्रत्यक्ष रुपमा प्रभाव पारेको देख्न सकिन्छ । शर्मीले अदुवा खेतीका विभिन्न समस्याहरुको पहिचान गरेका छन् । मुख्य रुपमा सिचाईको अभाव, उन्नत जातको विउको अभाव, स्थिर मुल्य नहुनु, ऋणको उपलब्धता संस्थागत नहुनु, प्राविधिक सहयोगको अभाव, उचित मुल्य नपाउनु, भण्डारणको अभाव रहेका छन् । यस्ता समस्याको समाधानको लागी सिचाईको उचित व्यवस्था, अदुवा बालिको उचीत मुल्य कायम गर्ने, वजार व्यवस्थाको प्रवन्ध र अदुवा वालीको निरीक्षण गर्नुपर्ने सुभाव प्रस्तुत गरेका छन् ।

बम (२०७३), ले पाटन नगरपालिका वैतडी जिल्लालाई अध्ययन क्षेत्र बनाएर "खाद्यान्न उत्पादनले, उपभोग र शैक्षिक क्षेत्रमा पारेको प्रभाव एक अध्ययन" शिर्षकमा अनुसन्धान गर्नुभएको छ । खाद्यान्न उत्पादन र उपभोगको अवस्था पत्ता लगाउनु, स्थानीय आर्थिक अवस्था पत्ता लगाउनु र खाद्यान्न उत्पादनले स्थानीय किसानको पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु उद्देश्य रहेको छ । व्याख्यामक तथा विश्लेषणात्मक ढाँचामा आधारीत भएर प्रश्नावली र अवलोकन सूची साधनहरु प्रयोग गर्दै अन्तर्वार्ता र प्रत्यक्ष अवलेकन तथ्याङ्क सङ्कलनका प्रविधिहरु प्रयोग गर्नुभएको छ । अध्ययन क्षेत्रको वडा नं. ११ को ४२७ मध्ये सम्भावनायुक्त नमुना छनोट विधिबाट चिट्ठा तानेर ९२ घरधुरी छनोट गरिएको छ । खाद्यान्न बालीमा धान २८० रोपनी, २६५ रोपनी कमै, १२० रोपनी गहुँ र ९० रोपनी कोदो खेती गरेको, धानको मुल्य रु. २५ र कोदोको सबैभन्दा कम रु. १० रहेको, खाद्यान्नको कुल उत्पादन २,३०,९६३ के.जी. रहेको, स्वयम उत्पादन उपभोग २,३०,९६३ के.जी. र खरिदबाट ८२,०१८ के.जी. उपभोग गरेको, कुल वार्षिक आय रु. १,९८,४२,७००। रहेको र प्रतिघर धुरी वार्षिक औषत आय रु. २,१५,६८१। रहेको, कुल वार्षिक खर्च रु. १,०९,४६,०७२। र प्रतिधुरी वार्षिक औषत खर्च रु. १,१८,९७९। रहेको, कुल वार्षिक वचन रु. ८,८९,६२८। र प्रति घरधुरी वार्षिक वचन रु. १,१६९.८६। रहेको, साक्षरता दर ९३.८२ प्रतिशत र निरक्षर ६.१६ प्रतिशत रहेको विद्यालय पढ्ने उमेर समुहका १३५ जना बालबालिकाहरु विद्यालय गएको, खाद्यान्न उत्पादन वृद्धि गर्न सिचाई व्यवस्था हुनुपर्ने, औषधी, मल कृषि तालिम आदिको उपयुक्त व्यवस्था रहेमा गर्न सकिने निष्कर्ष रहेको छ ।

पाण्डे (२०७३), ले "खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्यन" विषयमा शोधपत्र तयार पार्नुभएको छ । यस अनुसन्धानको अनुसन्धान क्षेत्र त्रिवेणी गा.वि.स., पर्वत जिल्ला रहेको छ । यस शोधपत्रको उद्देश्य खाद्यान्न उत्पादनको परिमाण, खाद्यान्न उपभोगको अवस्था र पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु रहेको छ । यि उद्देश्य पुरा गर्न उक्त गा.वि.स.को वडा नं. १ र २ मा रहेको जम्मा ९५ घरधुरीलाई नमुनाको रुपमा छनोट गरिएको छ । अध्ययन क्षेत्रमा खाद्यान्न बालीहरु धान, मकै, गहुँ र कोदो समावेश गरिएको छ । अध्ययन क्षेत्रमा खाद्यान्नको कुल उत्पादन २,५८,३३२ के.जि. रहेको र उपभोगलाई हेर्दा स्वयं उत्पादनबाट उपभोग २,५८,३३२ के.जी. परिमाण र खरिदबाट उपभोग परिमाण ७६,०६८ के.जी. रहेको थियो । खाद्यान्नको कुल भाग ३,३४,४०० के.जी. रहेको र कुल उत्पादन २,५८,३३२ के.जी. रहेको छ भने ७६,०६८

के.जी. अपुग रहेको उल्लेख गर्नुभएको छ । अध्ययन क्षेत्रको पारिवारिक वार्षिक आय रु, २,०,३६,५००। र प्रतिधुरी वार्षिक औषत आय रु २,११,९६३। र प्रतिव्यक्ति औषत वार्षिक आय रु. ३३,५६०। रहेके कुल वार्षिक खर्च रु. १,२५,८१,१००। प्रतिधुरी वार्षिक औषत खर्च रु. १,३२,४३२.६३। र प्रतिव्यक्ति वार्षिक औषत खर्च रु. २०,९६८.५। कुल वार्षिक बचत रु. ७५,५५,४००। उल्लेख गरिएको छ । प्रतिधुरी वार्षिक बचत रु. ७९,५३०.५२। र प्रतिव्यक्ति वार्षिक बचत रु. १२,५९२,३४। रहेको उल्लेख गरिएको छ । साक्षरता दर ९२.०३ प्रतिशत र निरक्षर ७.९७ प्रतिशत रहेको, विद्यालय पढ्द जाने उमेर समूहका जम्मा १४५ जना बालबालिका विद्यालय गएको, आर्थिक अवस्था र शैक्षिक अवस्थालाई विश्लेषण गर्दा आम्दानी कम हुने घरधुरीले आफ्ना बालबालिकाहरुलाई सरकारी विद्यालय पठाएको र आम्दानी धेरै घरधुरीले निजी विद्यालय पठाएको, खाद्यान्न बालीका प्रमुख समस्याहरु सिचाई, बालीका लाग्ने रोग, किरा, मुल्यस्तर स्थिर नहुनु, आधुनिक औजारहरुको अभाव, आधुनिक विउ विजनको अभाव, मलको अभाव र आधुनिक औजारहरु प्रयोग र सञ्चालन सम्बन्धी तालिमको अभाव रहेको र सिचाई समस्याबाट ६३.१२ प्रतिशत घरधुरी प्रभावित भएकोले यस समस्या समाधान गर्न सकारकारले उपभोगक्ता समिति मार्फत सिचाई निर्माण तथा विस्तार गराउने, उन्नत मल, विउ विजन, रासायनिक मल र किटनाशक औषधी सुपथ मुल्यमा र सरकारले अनुदान प्रदान गर्नुपर्ने, खाद्यान्नमा आधुनिकीकरण तथा यान्त्रिकरणका लागी वित्तीय संस्थाले कम व्याजमा विना धितो कर्जा मिलाइनुपर्ने र खाद्यान्न उत्पादनमा संलग्न कृषकहरुलाई उपयुक्त तालिमको व्यवस्था मिलाउनुपर्ने सुझावहरु प्रदान गर्नुभएको छ ।

दाहाल (२०७३), ले 'चिया खेतीले स्थानीय किसानको आर्थिक तथा तिनीहरुको बालबालिकाको शैक्षिक क्षेत्र पारेको प्रभाव' शिर्षकमा शोधपत्र तयार पारेका छन् । यस अध्ययनको अध्ययन क्षेत्र पथरीया गा.वि.स. झापा जिल्ला रहेको छ । यस अध्ययनको नमुना आकार २०७ घरपरिवार रहेको छ । जुन कुल जनसंख्याको ४५ प्रतिशत हो । अध्ययन क्षेत्रमा चिया खेतीमा संलग्न कृषकको कुल वार्षिक आम्दानी रु. ५,१४,७७,०००। र कुल वार्षिक खर्च रु. ४,०६,९५,७६५। रहको पाइयो जसमा नाफा रु. १,०७,८१,२३५। रहेको पाइयो । चिया खेतीमा संलग्न घरपरिवारको वार्षिक आम्दानी रु. २,४८,६८१.१५। खर्च रु. १,९६,५९७.८९। र नाफा रु. ५२,०८३.२६। रहेको पाइयो । अध्ययन क्षेत्रमा १.९७ प्रतिशत जनसंख्या निरक्षर, २४.३१ प्रतिशत साक्षर, ७.७८ प्रा.वि.तह उत्तिर्ण, १४.६५ नि.मा.वि.

उत्तिर्ण २०.२८ मा.वि., उत्तिर्ण, १८.७० प्रतिशत प्रमाण पत्र तह, १०.१३ प्रतिशत स्नातक तह, २.२७ प्रतिशत स्नातकोत्तर तह हासिल गरेको पाइयो । विद्यालय उमेर समुहका बालबालिका मध्ये ४२.३४ प्रतिशत सरकारी विद्यालयमा र ६५.७४ प्रतिशत निजी विद्यालयमा पढ्न जाने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा चिया खेतीमा संलगन कृषकको प्रतिहेक्टर उत्पादन १,०७८ के.जी. रहेको पाइयो । यस अध्ययन क्षेत्रमा सिचाईको अभाव, तालिमको अभाव, उन्नत जातको विरुवाको अभाव जस्ता समस्या विद्यमान रहेको पाइयो । यस्ता समस्याको समाधनको लागी सरकारी तहबाट नै उपयुक्त निती अपनाउनुपर्ने सुझाव दिएका छन् ।

ढुंगाना (२०७३), ले गोदक गा.वि.स. इलाम जिल्लालाई अध्ययन क्षेत्र बनाएर "कृषि जन्य उत्पादनबाट प्राप्त आयले किसानको पारिवारीक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव" शिर्षकमा अनुसन्धान गर्नुभएको छ । यस अनुसन्धानको उद्देश्य किसानहरुको वर्तमान आय र खर्च पत्ता लगाउनु, कृषिजन्य उत्पादनबाट प्राप्त आयले पारिवारीक, आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव पत्ता लगाउनु र कृषि उत्पादनमा आएका समस्याहरुका कारण पत्ता लगाउनु रहेको छ । यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक अनुसन्धानमा ढाँचामा आधारीत भएर प्रश्नावली, अवलोकन सूची र छलफल निर्देशीका तथ्याङ्क संकलनका साधनहरु प्रयोग गर्दै अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समूहको छलफल तयाङ्क संकलनका प्रविधीहरु प्रयोग गर्नुभएको छ । अध्ययन क्षेत्र गोदक गा.वि.स.का कुल कृषक १,००० घरधुरी मध्ये २०० कृषक घरपरिवारहरु छनोट गरिएको छ । खाद्यान्न उत्पादनबाट प्राप्त हुने आयमध्ये सबैभन्दा बढि आय धान उत्पादनबाट रु. २८,२६,५००।, मकैबाट रु. ७,०९,८००।, गहुँबाट रु. ३,२००।, कोदोबाट रु. ८,०००। र जौबाट रु. ३,२००। नगदेबाली र पाशुपालन अन्तर्गत दुध उत्पादन मध्ये तुलनात्मक रुपमा खाद्यान्न बालीबाट १६.१ प्रतिशत, नगदेबालीबाट ३९.४३ प्रतिशत, दुध उत्पादनबाछ ४४.५६ प्रतिशत आम्दानी भएको, वार्षिक, कृषीजन्य आम्दानी १ लाख हुने ६० घरपरिवार, १ देखी २ लाख हुने ५० घरपरिवारहरु, २ देखी ३ लाख सम्म हुने ४० घरपरिवारहरु, ३ देखी ४ लाख सम्म हुने ३५ घरपपरवारहरु र ४ लाख भन्दा माथि हुने १५ घरपरिवारहरु उल्लेख गरिएको छ । कृषि उत्पादनबाट आय रु. ३,६४,५७,४८०। खर्च रु. ३,११,००,०००। र बचत रु. ५३,५७,६८०। भएको, प्रतिव्यक्ति वचत रु. ४,९८३.७०। रहेको उल्लेख छ ।

कृषिजन्य उत्पादन गर्ने कृषकहरुको शैक्षिक अवस्थाहरु मा.वि.सम्म अध्ययन गर्ने घरधुरी ४० प्रतिशत, प्रा.वि. २० प्रतिशत, नि.मा.वि. १५ प्रतिशत उ.मा.वि. र स्नातक ५ प्रतिशत, कृषकहरुको बालबालिका शैक्षिक अवस्थाहरु बालविकास जाने ८.२४ प्रतिशत, प्रा.वि. ३०.५८ प्रतिशत नि.मा.वि. ९.४१ प्रतिशत, मा.वि. २१.१८ प्रतिशत, उच्च मा.वि., १८.८२ प्रतिशत, उच्च शिक्षा ११.७६ प्रतिशत उल्लेख गरिएको छ । कृषिजन्य उत्पादनमा किसानहरुको समस्याहरुमा सिचाँइको अभाव, उचित बजारको व्यवस्थापनको अभाव कृषि तालीमको अभाव, विचौलियाको मनोमानी, शुलभ ऋणको अभाव, उन्नत जातको मल, विउ अभाव, किटनासक औषधीको अभाव, सितभण्डारको अभाव उल्लेख गरिएको छ । खाद्यान्न बालीको उत्पादन वृद्धि गर्न बाली विमा, निशुल्क विउ विजन र बजारको व्यवस्थापन हुनुपर्ने, विचौलीयाहरुको मनोमानीलाई सम्बन्धीत निकायले रोक लगाउनुपर्ने, कृषी क्षेत्रले व्यवसायीकरण कृषि मन्त्रालय र मातहतका कृषि कार्यलयले अहम भुमिका खेल्नुपर्ने, कृषकहरुको आय, खर्च र बचतको तुलनामा बचत कम देखीएकोले स्थानीय तहमा बचतलाई प्रोत्साहन दिनुपर्ने सुझावहरु दिनुभएको छ ।

बस्नेत (२०७३), द्वारा “अलैंची खेतीले किसानको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययन खोटाङ्ग जिल्ला काउलो गा.वि.स. बाट अलैंची खेती गर्ने २०० घरधुरीलाई नुमनाको रुपमा समावेश गरिएको छ । यस अध्ययनमा आय आर्जन तथा अलैंची खेतीबाट रु. २,००,०००। देखी र. ४,००,०००। सम्म वार्षिक आय गर्नेको संख्या सबैभन्दा बढि ५६ प्रतिशत देखीएको छ भने अलैंची खेतीबाट प्राप्त आम्दानी विभिन्न शिर्षक अन्तर्गत रु. ५०,०००। देखी रु. १,००,०००। सम्म खर्च गर्ने संख्या सबै भन्दा बढि ५५ प्रतिशत रहेका छन् । यसरी आम्दानी र खर्चमा विविधता देखीए पनि अलैंची खेतीले आर्थिक रुपमा समाजमा सहयोग पुऱ्याएको कुरा यस अध्ययनमा पाइयो । अलैंची खेतीले विभिन्न क्षेत्रमा सकारात्मक प्रभाव परेता पनि यस खेतीका विभिन्न समस्याले कृषि व्यवसाय अगाडी बढ्न सकेको छैन । अध्ययनको क्रममा अलैंचीका खेतीका विभिन्न समस्याहरु जस्तै सिचाईको अभाव, उचित मुल्यको कमि, बजार व्यवस्थापनको अभाव, उन्नत जातको अलैंचीको विरुवाको अभाव, आदि समस्यहरु पाइयो भने यि समस्या समाधान गर्न सिचाईको व्यवस्था गर्नुपर्ने, स्थिर मुल्य हुनुपर्ने बजारको उचित व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् । अलैंची खेतीबाट विभिन्न क्षेत्रमा प्रभाव पारेको छ । यो खेतीबाट खाद्यान्न बालीको भन्दा बढि आय आर्जन हुने हुँदा आर्थिक प्रभाव

सकारात्मक पाइयो । यस खेतीबाट प्राप्त आम्दानीबाट जग्गा खरिद गर्नेको संख्या ७५ प्रतिशत रहेको पाइयो । यो अर्थिक पक्षको सकारात्मक पक्ष हो । शैक्षिक प्रभावमा ९८ प्रतिशत परिवारमा अलैंची खेतीको आयले बाल शिक्षामा सहयोग गरेको छ भन्ने कुरा आएको पाइयो । अलैंची खेतीबाट बालबालिकामा विद्यालय जान बाधा पुगेको छैन भन्नेको संख्या ९० प्रतिशत रहेको पाइयो । यसरी अलैंची खेतीले गर्दा बालबालिकाको शिक्षामा आर्थिक सहयोग पुगेको र विद्यालय जान बाधा नपुऱ्याएको पाइयो । त्यसैले यस अध्ययनमा अलैंची खेतीले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पुऱ्याएको देखीन्छ । तर १० प्रतिशत घरपरिवारमा बालबालिकालाई विद्यालय जानमा बाधा पुऱ्याएको कुरा देखीएको छ । समग्रमा हेर्दा अलैंची खेतीले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पुऱ्याएको पाइयो । बस्नेतले आफ्नो अध्ययनको निष्कर्षमा मानिसहरु नगदेवाली खेती तर्फ आकर्षित बन्दै गएको अलैंची खेतीले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको, अलैंची खेती गर्ने तरिका पुरानो रहेको आदी निष्कर्ष निकालेको पाइयो । अध्ययन क्षेत्रमा अलैंची खेती प्रणालीमा प्रमुख समस्याको रुपमा सिंचाईको सुविधा अभाव रहेको पाइयो अलैंची खेतीलाई व्यवस्थीत बनाउनको लागी उचित मुल्य कायम तथा बजार व्यवस्था अलैंची खेतीमा लागेको रोग तथा किरा नियन्त्रण गर्नुपर्ने, सिचाईको उचित व्यवस्था मिलाउनु पर्ने, दक्ष प्राविधिकबाट अलैंची बालीको निरिक्षण गर्नुपर्ने सुझाव दिएका छन् ।

महतो (२०७३), ले 'उखु खेतीले कृषकको आर्थीक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव' शिर्षकमा शोधपत्र तयार पार्नु भएको छ । यस अध्ययनको नमुना आकार १०० घरपरिवार रहेका छन् । उखु खेतीमा संलग्न कृषकको प्रति परिवार वार्षिक आम्दानी रु. ७५,०००। रहेको पाइयो भने प्रतिघर वार्षिक औषत खर्च रु. ७०,०००। रहेको पाइयो भने औषत वचत रु. ५००। रहेको पाइयो । नमुना छनोटमा परेका कृषकको उखु खेतीबाट मात्र प्राप्त वार्षिक आम्दानी रु. ६,०८९.७४। रहेको पाइयो भने औषत वार्षिक खर्च रु. २,२७०। र वचत रु. ३,४१९.७४। रहेको पाइयो । उखु खेतीबाट प्राप्त आम्दानीमा ३९.६४ प्रतिशत उपभोगमा, २६.३४ प्रतिशत शिक्षामा, १०.५८ प्रतिशत स्वास्थ्यमा, १५.४२ प्रतिशत चाडपर्वमा र ३.३९ प्रतिशत अन्य शिर्षकमा खर्च भएको पाइन्छ । यस अध्ययनमा रु. २५,०००। देखी रु. ७५,०००। सम्म आम्दानी हुने किसानले आफ्ना छोराछोरी सरकारी विद्यालयमा पढाउने गरेको पाइयो । रु. २,२५,०००। देखी रु. २,५०,०००। सम्म आम्दानी हुने कृषकले आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढाएको पाइयो । उखु खेतीमा संलग्न कृषकका २९.८७

प्रतिशत बालबालिका सरकारीमा र ४६.१५ प्रतिशत निजीमा र १३.९८ प्रतिशत दुवै विद्यालयमा पढएको पाइयो । सिचाईको अभाव, आधुनिक औजार तथा उपकरणको अभाव, मलको अभाव तथा उपयुक्त कृषि कर्जाको अभाव जस्ता समस्याहरु विद्यमान रहेका कुरा महतोले पत्ता लगाउनु भएको छ । यस्ता समस्याहरुको समाधानका लागी सिंचाईको व्यवस्था गर्नुपर्ने, विउविजनको व्यवस्था, उखुको मुल्य लागतको आधारमा निर्धारण गर्नुपर्ने सुझाव दिएका छन् ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research)

नेपाल विकासील राष्ट्र हो । नेपालमा शहरको तुलनामा ग्रामीण क्षेत्र बढि छ । यहाँको कुल जनसंख्या मध्ये ६४.४ प्रतिशत कृषिमा आश्रित छन् । त्यसैले पनि नेपाललाई कृषि प्रधान देश भनेर भनिन्छ । यसको अर्को प्रमुख कारण यहाँका अर्थतन्त्रमा कृषिको ठुलो योगदान रहेको छ । खाद्य बालीमा धान प्रमुख खाद्यबाली हो । जुन यहाँ अन्य खाद्य बालीको तुलनामा धेरै मात्रामा उत्पादन गर्ने गरिन्छ । नेपालको अर्थतन्त्रमा धानको ठुलो महत्व र हिस्सा छ । धानको उत्पादन घट्दा कुल गार्हस्थ उत्पादनमा असर पर्छ भने उत्पादन बढ्दा कुल गार्हस्थ उत्पादन माथि उक्लन्छ । धानको उत्पादन वृद्धि हुँदा राज्यको आम्दानी पनि बढ्दछ । यी कुराहरु थहा हुँदाहुँदै पनि नेपालमा कृषिको आधुनिकीकरण कम भएको पाइन्छ । यसको कारण देश गरिब हुनु साथै यहाँको नीति नियम कार्यान्वयनमा फितलो हुनु हो । जसरी शिक्षा, स्वास्थ्य, यातायात आदि विकासका महत्वपूर्ण पक्ष हुन त्यसरी नै कृषि पनि एउटा महत्वपूर्ण क्षेत्र हो । कृषिको नै अर्थतन्त्रमा बढि योगदान रहँदा यस क्षेत्रको विकास र यस क्षेत्रसँग सम्बन्धीत व्यक्तिहरुलाई सरकारले साथ दिनुपर्दछ कृषि अनुदान, ऋण सरकारबाट सहयोग हुँदाहुँदै पनि कृषि क्षेत्रको उत्पादन उत्साहजनक रहेको छैन ।

अझै पनि नेपालको विभिन्न क्षेत्रमा खाद्य संकट भइरहेको अवस्था छ । धान खाद्यान्नमा प्रमुख हुँदाहुँदै यसको उत्पादन निर्वाहमुखी मात्र भएको पाइन्छ । लगानी अनुसार धान उत्पादन किन भइहेको छैन ? मानिसहरु धान उत्पादन निर्वाहमुखी मात्र किन गरीरहेका छन् ? भन्ने प्रश्न वा सन्दर्भलाई ध्यानमा राखेर धानको उत्पादन लागत र उत्पादन विचको अध्ययन विश्लेषण गरीएको छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

१. पूर्व अध्ययनहरु खाद्यान्न उत्पादनले उपभोग र शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन गरिएको छ । तर यस अध्ययनमा धानको मात्रै उत्पादनको सम्बन्ध त्यो पनि उत्पादन लागतसँग गरीएको छ ।

२. पूर्व अध्ययनहरुमा नगदेवालीको लागत र उत्पादन अध्ययन गरिएको र अन्नबालीको लागत र उत्पादनको अध्ययन नभएको पाइएकोले यस अध्ययनमा सबै अन्नबालीको लागत र उत्पादन अध्ययन नगरे पनी धानको उत्पादन लागत र उत्पादनको अध्ययन गरीएको छ ।

३. पूर्व अध्ययनहरुमा धानको उत्पादन उपभोगको अध्ययन गरिएको छ तर यस अध्ययनमा धानका उत्पादन गर्न परिवर्तनशील लागत र स्थीर लागनको अध्ययन गरिएको छ । साथै लागत अनुसारको उत्पादनबाट नाफा वा घाटा भएको पनि अध्ययन गरीएको छ ।

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)



# अध्याय तीन (CHAPTER THREE)

# अनुसन्धान विधि र प्रकृयाहरु (RESEARCH METHOD AND PROCEDURES)

यस अध्ययनमा अनुसन्धानको क्रममा आवश्यक पर्ने विधी तथा प्रक्रियहरु व्याख्या गरिएको छ । जसमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र, अध्ययनको जनसंख्या, नमुना आकार र नमुना छनोट रणनिती, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलनका साधनहरु, तथ्याङ्क संकलनका प्रविधीहरु, तथ्याङ्क संकलन प्रक्रियाहरु, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण, लागत सम्बन्धी अवधारणाहरु र नितीगत प्रावधान समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यस अध्ययनमा मिश्रीत अनुसन्धान पद्धती अवलम्बन गरिएको छ । यो अध्ययन सर्भेक्षण ढाँचामा आधारीत छ । जसका लागी परिमाणात्मक र गुणात्मक विधीबाट तथ्याङ्क संकलन गरिएको छ । यस अनुसन्धानमा प्रश्नावली, तथ्याङ्क सङ्कलनको साधन प्रयोग गरिएको छ भने तथ्याङ्क संकलनका प्रविधिहरु अर्न्तवार्ता र लक्षित समुहमा छलफलबाट प्राथमिक तथ्याङ्क संकलन गरि अवश्यक अनुसार द्वितीय स्रोतबाट समेत तथ्याङ्क संकलन गरिएको छ । उक्त परिमाणात्मक तथ्याङ्क र सुचनालाई आवश्यक रुपमा तालिकीकरणमा प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक विधीद्वारा व्याख्या गरिएको छ । धान खेती कृषकको धान उत्पादन लागत तथा धान उत्पादन कस्तो रहेको भनी उत्पादन र लागतको तथ्याङ्क संकलन गरि यसको उत्पादन बारेमा व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र (Study Area)

यस अध्ययन नेपालको पूर्वि क्षेत्र, प्रदेश नं. १, मेची अञ्चल, झापा जिल्लाको भद्रपुर नगरपालिका वडा नं. ३ लाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यस नगरपालिका वडा नं. ३ मा धेरै खाद्यान्न बाली उत्पादन गर्ने कृषकहरु धान खेती मुख्य रुपमा गर्दै आइरहेको छन् । विगत केही वर्ष यता धान खेतीमा कृषकहरु अझ सक्रिय भएर लागी परेका छन् । त्यसैले धान खेती सम्बन्धि अध्ययनका लागी यो क्षेत्र उपयुक्त रहेको छ ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागी जनसंख्या र त्यसबाट छनोट गरिएको नमुना आकार तथा नमुना छनोट प्रक्रियाहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनको लागी झापा जिल्लाको भद्रपुरनगरपालिका वडा नं. ३ मा बसोबास गर्नुहुने १,३९० घरपरिवार मध्ये कुल कृषक घरपरिवार १,०२० रहेको छ । उक्त कृषक घरपरिवारलाई नै यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ३ मा बसोबास गर्ने १,०२० कुल कृषक घरपरिवार मध्ये १० प्रतिशत कृषक (१०२ घरपरिवार) घर परिवारलाई नमुनाको आकारको रुपमा छनोट गरिएको छ । १०२ घरपरिवारलाई समान सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ ।

### ३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy)

यस अध्ययनको क्षेत्र झापा जिल्लाको भद्रपुर नगरपालिका वडा नं. ३ लाई लिइएको छ । जसमा अध्ययनको उद्देश्य प्राप्त हुने किसिमले जनसङ्ख्याबाट नमुना आकार सामान्य सम्भावनायुक्त छनोट विधीको आधारमा गरिएको छ । त्यस नगरको वडा नं. ३ मा कुल कृषक घरपरिवार १,०२० रहेको जानकारी यसै वडाको वडा कार्यालयबाट पाइएको हो । १,०२० कृषक घरपरिवारबाट १०२ कृषक घरपरिवार नमुना आकारको रुपमा चिठ्ठा प्रणालीबाट छनोट गरिएको थियो । उक्त वडाको वडा अध्यक्षलाई चिठ्ठा तान्न लगाई १०२ कृषक घरपरिवारबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोतहरु (**Sources of Data**)

यस अध्ययन मुख्यतः प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कमा आधारीत रहेको छ र आवश्यकता अनुसार द्वितीय स्रोतबाट पनि तथ्याङक संकलन गरिएको छ । उक्त तथ्याङ्क संकलनका स्रोतहरु निम्नानुसार रहेको छ ।

### ३.४.१ प्राथमिक स्रोतहरु (**Primary Sources**)

यस अध्ययनको लागी प्राथमिक तथ्याङ्कको रुपमा भद्रपुर नगरपालिका वडा नं. ३ मा धान खेती गर्ने घरपरिवार मध्ये छनोट गरिएको नमुनामा १०२ कृषकसँग प्रत्यक्ष अन्तर्वार्ता र छलफल प्रविधीहरु प्रयोग गरी प्राथमीक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोतहरु (**Secondary Sources**)

यस अध्ययन कार्यलाई थप प्रभावकारी बनाउनका लागी तथ्याङ्कको द्वितीय स्रोतको रुपमा भद्रपुर नगरपालिका वडा नं. ३ को वडा कार्यालयको अध्यक्षज्यू, नेपालको संविधान २०७२, राष्ट्रिय कृषिनीति २०६१, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत रहेर धान खेती अन्नबाली र खाद्यान्न बाली सँग सम्बन्धी अध्ययन र अनुसन्धान गरिएको अप्रकाशित शोधपत्र, झापा जिल्लाको पार्श्वचित्र, भद्रपुर नगरपालिकाको नगर प्रोफाइल, अर्थमन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण २०७४/७५, २०७५/७६ र २०७६/७७ नेपाल मिडिया अन्तर्गत नागरिक दैनिक २०७६, अनलाईन न्युज अन्तर्गत विकास न्यूज, गोरखा सन्देश र रातोपाटी राष्ट्रिय योजना आयोगद्वारा प्रकाशीत चौधौं, पन्ध्रौं योजना, विभिन्न लेखकहरुद्वारा प्रकाशित पुस्तकहरु आदिबाट द्वितीय तथ्याङ्कको संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरु (**Tools of Data Collection**)

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागी निम्नानुसारको साधनहरुलाई औजारको रुपमा प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनका लागी अध्ययनकर्ता स्वयम अध्ययन क्षेत्रमा गएर छनोटमा परेका कृषक परिवारलाई संरचित र असंरचित अर्न्तवार्ता प्रश्नावलीहरु प्रयोग गरिएको छ । जुन प्रश्नावलीको आधारमा १०२ घरधुरीबाट तथ्याङ्क संकलन गरिएको छ । अनुसन्धानका लागी आवश्यक पर्ने तथ्याङ्कहरु जस्तै धान खेती गर्दा लाग्ने खर्च, उत्पादन परिमाण, धान खेती गर्दा देखीएका समस्याहरु समाधानका उपायहरु आदिको बारेमा प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावलीलाई अनुसुची १ मा राखिएको छ ।

### ३.५.२ छलफल (Discussion)

यस अध्ययनलाई पुरा गर्नको लागी लक्षित समुहमा छलफलका लागी धान खेतीमा संलग्न कृषकहरुलाई समावेश गरी छलफल सम्पन्न गरिएको छ । छलफल निर्देशिकाको माध्यमद्वारा छलफल गरिएको छ । जसलाई अनुसुची २ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस अध्ययनको उद्देश्य पुरा गर्नका लागि निम्नानुसारको तथ्याङ्क संकलनको प्रविधिहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ :

### ३.६.१ प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता (Direct Personal Interview)

यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलनका लागी प्रविधीको रुपमा अर्न्तवार्ताको प्रयोग गरिएको छ । अध्ययनको उद्देश्यको परिपूर्तिका लागी आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयम प्रश्नावली लिएर अध्ययन क्षेत्रमा गई त्यहाँका धान खेती कृषकहरुसँग प्रत्यक्ष रुपमा भेटेर संरचनात्मक तथा आवश्यक्ता अनुसार असंरचित अन्तर्वार्ता गरिएको छ ।

### ३.६.२ लक्षित समुह छलफल (Focus Group Discussion FGD)

यस अध्ययनका लागी नमुना छनोटमा परेका कुल कृषक घरपरिवार मध्ये लामो समय धान खेती गर्दै आउनुहुने १० जना कृषकहरुसँग १ घण्टा सम्म धान खेतीको समस्या,

समाधानका उपायहरु, लगानी कम र उत्पादन वृद्धि गर्ने उपाय तथा प्रविधीहरुको बारेमा छलफल गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure)

यस अध्ययन मुख्य रुपमा प्राथमिक तथ्याङ्कमा आधारित हुने भएकोले तथ्याङ्क संकलनको लागी अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली र छलफललाई औजारको रुपमा प्रयोग गरी अन्तर्वार्ता र लक्षित समुहमा छलफल आदि प्रविधीको माध्यमबाट आवश्यक सुचना प्राप्त गरिएको छ । प्राथमीक तथ्याङ्क साथ साथै द्वितीय तथ्याङ्कलाई पनि यस अध्ययनमा समावेश गरिएको छ । यसको माध्यमबाट अध्ययनले निष्कर्षलाई विश्वसनियता र बैद्यता प्रदान गर्दछ ।

### ३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Analysis and Interpretationof Data)

यस अध्ययनमा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधन र प्रविधिहरुबाट प्राप्त भएको परिमाणात्मक तथ्याङ्क तथा सुचनालाई उपयुक्त शिर्षक र तालिका, प्रतिशत आदिबाट विश्लेषण गरिएको छ । त्यसैगरी गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिद्वारा व्याख्या गरि निष्कर्ष निकालिएको छ ।

### ३.९ लागत सम्बन्धी अवधारणाहरु (Concept of Cost)

यस अध्ययनमा अल्पकालीन लागतको मात्र विश्लेषण गरिएको छ ।

#### १) अल्पकालिन लागत (Short Run Cost)

अल्पकालमा सवै साधनलाई परिवर्तन गर्न नसकिने हुदा केहि साधनहरु परिवर्तनशिल र केहि साधन स्थिर हुन्छ । छोटो समयमा हुने हुदा आफुसँग भएका संयन्त्रलाई कसरि वढि क्षमतावान वानाई प्रयोग गर्ने भन्ने हुन्छ । छोटो अवधिमा कलकारखाना वा उद्योग भवन, भूमीलाई विस्तार गर्न सकिदैन श्रमिकहरुलाई नयाँ नयाँ तालिम दिएर दक्ष वनाउन सकिदैन त्यसैले मेशिन, उद्योगको स्थाई कर्मचारीको ज्याला खर्च मेशिन मर्मत सम्हार खर्च आदि परिवर्तनशिल लागत हुन् अल्पकालका लागत तिन भागमा विभाजन गरि अध्ययन गर्न सकिन्छ ।

### क) कुल स्थिर लागत (Total Fixed Cost)

उत्पादनका स्थिर साधनहरुमा लागेको कुल खर्चलाई कुल स्थिर लागत भनिन्छ । अल्पकालमा परिवर्तन गर्न नसकिने उत्पादनका साधनहरु जस्तै : यन्त्र, पूँजी, स्थायी कर्मचारी, भवन, जमिन आदी उत्पादनका स्थिर साधनहरु हुन् । उत्पादनको परिमाण परिवर्तन भएपनि कुल स्थिर लागत परिवर्तन हुँदैन । उत्पादनको परिमाण शुन्य भएपनि कुल स्थिर लागत समान रहन्छ ।

### ख) कुल परिवर्तन लागत (Total Variable Cost)

उत्पादनका परिवर्तनशील साधनमा गरिएको कुल खर्चलाई कुल परिवर्तनशील लागत भनिन्छ । उत्पादन परिमाणको परिवर्तनसँगै परिवर्तनशील लागत पनि परिवर्तन हुन्छ । उत्पादन परिमाण शुन्य हुँदा परिवर्तनशील लागत पनि शून्य हुन्छ ।

### ग) कुल लागत (Total Cost)

उत्पादनका सम्पूर्ण साधनहरु खरिद गर्न तथा उत्पादन प्रक्रियालाई पूर्णता दिन आवश्यक पर्ने सम्पूर्ण खर्चलाई कुल लागत भनिन्छ । अथाएत् कुनल स्थिर लागत र कुल परिवर्तनशील लागनको योगफल नै कुल लागत हो । यसलाई यसरी व्यक्त गर्न सकिन्छ ।

TC = TFC + TVC

यहाँ

TC = Total cost

TFC = Total fixed cost

TVC = Total variable cost

### घ) उत्पादन (Production)

अर्थशास्त्रमा उत्पादनको अर्थ प्रकृतिमा उपलब्ध स्रोत र साधनमा उपयोगीताको सृजना गर्नु हो । उत्पादनका साधनहरु स्थीर वा परिवर्तनशील दुवै हुन्छन् । उत्पादन भौतिक वस्तु र अभौतिक वस्तुको गरी दुई प्रकारको हुन्छ । यहाँ भौतिक वस्तुको उत्पादनलाई मात्र

समावेश गरिएको छ । उत्पादन परिमाण कुल आम्दानीलाई उत्तः वस्तुको मुल्यले भाग गरेर निकाल्न सकिन्छ । यसलाई यसरी व्यक्त गर्न सकिन्छ ।

$$Q = \frac{TR}{P}$$

यहाँ

Q = उत्पादन परिमाण

TR = कुल आम्दानी

P = वस्तुको मुल्य

## ३.१० नितिगत प्रावधान (Ethical Consideration)

अनुसन्धानात्मक कार्य अन्तरगत तथ्याङ्क संकलन र रिपोर्ट लेखन कार्यमा मूल्यगत र नितिगत पक्ष ख्याल गर्नुपर्ने भएकोले यस अध्ययन क्षेत्रमा परेका कृषक घरपरिवारको विवरण मास्टर टेवल निर्माण गरी गोप्य राखीएको छ । छलफल र अन्तर्वार्तामा संलग्न कृषकहरुको अनुमति लिइएको छ । उनीहरुको परिचय गोपनियतामा राखी उनीहरुबाट प्राप्त तथ्याङ्क तथा सुचनालाई जस्ताको त्यस्तै साभार गरि अध्ययन उद्देश्य पुरा गर्न मात्र प्रयोग गरिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

# तथ्याङ्कको प्रस्तुततिकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA)

यस अनुसन्धानको क्रमका विभिन्न साधनहरुबाट संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न शीर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा विश्लेषण गरिएको छ । साथै प्रारम्भिक रुपमा संकलित कोरा तथ्याङ्कबाट कुनै पनि सुचना स्पष्ट रुपमा व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । अध्ययनको उद्देश्य पुरा गर्नका लागि प्रारम्भमा अध्यनयन क्षेत्रको रुपमा रहेको भद्रपुर नगरपालिका, झापा जिल्लाको समग्र परिचयलाई प्रस्तुत गरी प्राप्त तथ्याङ्कलाई निम्न वुंदाहरुमा क्रमबद्ध गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

यस अध्ययनको अध्ययन क्षेत्र झापा जिल्लामा अवस्थित भद्रपुर नगरपालिका वडा नं. ३ रहेको छ । समग्रमा झापा जिल्ला र भद्रपुर नगरपालिकाको परिचयलाई यस प्रकार उल्लेख गरिएको छ ।

### ४.१.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District)

नेपाल अधिराज्यको मानचित्रमा ८७°२९' पूर्वी देशान्तर देखी ८८°१२' पूर्वी देशान्तर सम्म फैलीएको छ भने २६°५०' उत्तरी अक्षांश देखी २६°५०' उत्तरी अक्षांश सम्म फैलिएको झापा जिल्लाको कुल क्षेत्रफल १,६०६ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको पूर्व-पश्चिम लम्वाई ४६ किलोमिटर छ भने उत्तर-दक्षित चौडाई २९ कि.मि. रहेको छ । यो जिल्ला सामुन्द्रिक सतहदेखी न्युनतम ६३ र अधिकतम ३८० मिटरको उचाइमा अवस्थित छ । झापा जिल्ला प्रदेश नं. १ अन्तरगत १४ वटा जिल्ला मध्ये मेची अञ्चलमा पर्ने एक तराई जिल्ला हो । यो जिल्ला पूर्वको पूर्णरुपमा तराइमा पर्दछ । यो जिल्लाको सिमाना पूर्वमा मेचि नदी, दक्षिणमा भारतको विहार, पश्चिममा मोरङ्ग जिल्ला र उत्तरमा इलाम जिल्ला पर्दछ । यस झापा जिल्लामा ८ ओटा नगरपालिका र ७ ओटा गाउँपालीका रहेका छन् । यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो जुन अध्ययन क्षेत्रबाट करिब ४ कि.मी. को दुरीमा पर्दछ (जि.वि.स. झापा, २०७४) ।

यो जिल्ला पूर्ण रुपमा समथल भूभागले बनेको छ । यहाँको माटो उत्पादनको दृष्टिकोणले अत्याधिक उर्भर छ । यस जिल्लाको कुल क्षेत्रफलको ६२.३६ प्रतिशत कृषि खेतीयोग्य जमिन कृषि रहेको छ भने ३.३ प्रतिशत जमिनमा नदिनालाहरु रहेका छन् । यस जिल्लाको मुख्य अन्न बाली धान हो भने हाल आएर झापा जिल्लामा चिया खेती पनि उत्तिकै मौलाउँदै गइरहेको छ । यहाँको करिब १.६ प्रतिशत जमिनमा चियाखेति गरिएको छ । यसैगरि मकै, सनपाट, तोरि आदि पनि यस जिल्लामा मूख्य बालिमा पर्दछन् (जि.वि.स., झापा, २०७६) ।




### ४.१.१.१ भौगोलिक अवस्था (Geographical Situation)

झापा जिल्ला नेपालको प्रदेश नं. १ क्षेत्र अन्तर्गत मेची अञ्चलमा पर्ने अत्याधिक उर्वर तथा घनावस्ती भएको तराईको एक जिल्ला हो । उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको यस जिल्लाको अतिरिक्त सम्पूर्ण भु:भाग तराइ पर्दछ । यसको उत्तर सिमाना इलाम, पूर्वी सिमाना मेची नदी, पश्चिममा मोरङ्ग र दक्षिणमा विहार पर्दछ । यो जिल्लाको पूर्वमा मेची नदीले भारतको पश्चिम वंगालसँग सिमाना छुट्याएको छ । ७ ओटा

गाउँपालिका, ८ ओटा नगरपालिका, ५ संसदीय निर्वाचन क्षेत्र रहेको यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो जुन पूर्व पश्चिम राजमार्गको विर्तामोडबाट १३ कि.मी. दक्षिणमा पर्दछ (जि.वि.स., झापा, २०७६) ।

नेपालको कुल क्षेत्रफलको ०.११ प्रतिशत ओगटेको झापा जिल्ला भौगोलिक रुपमा ८७°३९' देखि ८८°१२' पूर्वी देशान्तर र २६°२०' देखि २६°५०' उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यस जिल्ला सामुद्रिक सतहबाट न्यनतम ५८ मिटर देखि अधिकतम ५०० मिटरको उचाइमा रहेको छ । नेपालको सबै भन्दा लामो पक्कि कन्काई पुल (७०३ मि.) पनि यसै जिल्लामा पर्दछ । देशको केन्द्रीय राजनीतिमा मुख्य भूमीका खेल्दै आएको झापा जिल्ला खाद्यान्न उत्पादको लागि पनि प्रख्यात जिल्लाको रुपमा रहेको छ । यहाँका मुख्य व्यापारीक सहरहरुमा विर्तामोड, कांकडभिट्टा र दमक पर्दछन् । यस जिल्लाको प्रसिद्ध पर्यटकीय एवं तिर्थस्थलहरुमा कन्काई धाम, अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, किच्चकवध, कृष्णथुम्की, विराटपोखरी र दोमुखा पर्दछन् भने प्रमुख नदी भनेर कन्काई, विरिङ रतुवा, मावा र मेची नदीलाई मानिन्छ । शताब्दीऔं देखी वनजंगलले ढाकिएको वा छोपिएको हुँदा यस ठाउँको नाम झापा रहिआएको देखिन्छ (जि.वि.स., झापा २०७६) ।

### ४.१.१.२ **जनसाङ्ख्यिकीय विवरण (Demographic Description)**

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ छ । झापाको कुल जनसंख्या ८,१२,६५० रहेको छ । जसमध्ये ४९.६५ प्रतिशत पुरुष छन् भने ५०.५४ प्रतिशत महिला रहेका छन् । यहाँको औषत परिवार सङ्ख्या ५.१ जना रहेका छन् । यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर ५०६ जना रहेको छ । यस जिल्लाको जनसङ्ख्या वृद्धिर १.४८ प्रतिशत रहेको छ भने साक्षरता दर ७३.९ प्रतिशत रहेको छ ।

### ४.१.१.३ **हावापानीको अवस्था (Situation of Climate)**

झापा जिल्लाको हावापानीको अवस्था हेर्दा यहाँ मन्सुनी हावापानी पाइन्छ अर्थात् अर्ध उष्ण र उतोष्ण प्रकृतिको हावापानी रहेको छ । गृष्मकालमा यहाँको हावापानी ३२° सेल्सियस देखि ३५° सेल्सियस सम्म पुग्दछ भने शितकालमा १५° देखी १०° सेल्सियस सम्म

झर्दछ । कुनै वर्ष अधिकतम तापक्रम ४२$^{\circ}$ सेल्सियस सम्म पुगेको र ८$^{\circ}$ सेल्सियस सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्द महासागरको वंगालको खाडीबाट आउने मन्सुनी हावाबाट यहाँ २८१.८५ मिलिमिटर सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै उष्ण र शुष्क हुने हुँदा स्वास्थ्यको लागि उपयोगि नभएपनि कृषि कार्यका लागि उपयोगी मानिन्छ (जि.वि.स., झापा २०७६) ।

### ४.१.२ भद्रपुर नगरपालिकाको परिचय (Introduction of Bhadrapur Municipality)

भद्रपुर नगरपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पूर्वी तराई सिमाना प्रदेश नम्बर १ स्थित झापा जिल्लामा पर्दछ । जिल्लाको ८ नगरपालिका मध्ये एक नेपालकै जेठो नगरपालिकाको रुपमा रहेको यस नगरपालिकामा झापा जिल्लाको सदरमुकाम चन्द्रगढी समेत पर्दछ । संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा वि.सं. २०७३ को राज्य पुर्नसंरचनामा साविक भद्रपुर नगरपालिका र पृथ्वीनगर गा.वि.स. समायोजन भएर भद्रपुर नगरपालिका बनेको हो । यस नगरपालिकाको कुल क्षेत्रफल ९६.३५ वर्ग कि.मी. रहेको छ ।

वि.सं. २००८ मा स्थापना भएको यो नगरपालिका वि.स. २०३८/३९ सालमा चन्द्रगडी र महेशपुर गा.वि.स. का केही वडाहरुलाई एकिकृत गरी १५ वडामा विभाजन गरिएको थियो । वि.सं. २०७१ मा साविक चन्द्रगढी र महेशपुर गा.वि.स. लाई भद्रपुर नगरपालिकामा गाभेर पूरै चन्द्रगडी भद्रपुर नगरपालिका बन्न गयो भने वि.सं. २०७३ को स्थानिय तहको पुर्नसंरचना प्रकयामा साबिक भद्रपुर नगरपालीका र पृथवीनगर गा.वि.स. मिलाएर १० वडामा विभाजन गरी भद्रपुर नगरपालिका बनेको हो ।

#### ४.१.२.१ भौगोलिक स्थिति (Geographical Location)

भद्रपुर नगरपालिका नेपालको पूर्वी तराई क्षेत्रमा पर्दछ र समुद्र सतहदेखी ६८ मिटर उचाइदेखि ११३ मिटरमा अवस्थित रहेको छ । भौगोलिक अवस्थितिका हिसाबले यो नगरपालिका २६$^{\circ}$२५'२१" उत्तरदेखी २६$^{\circ}$३७'००" उत्तरी आक्षांश र ८८$^{\circ}$०६'४५" पूर्वदेखि ८८$^{\circ}$०२'०९" पूर्वी देशान्तरमा फैलिएको छ । यस नगरपालिकाको पूर्वमा भारतको पश्चिम बंगाल र बिहार प्रान्त, पश्चिममा विर्तामोड नगरपालिका, हल्दीबारी गाउँपालिका, उत्तरमा

मेचीनगर नगरपालिका र दक्षिणमा कचनकबल गाउँपालिका पर्दछ । मेची नदी र देउनिया खोलाको बेसिन क्षेत्रमा अवस्थित मलिलो तथा सिंचित भूमी, तराईको सुमधुर भू-भाग तथा मेची राजमार्ग रहेको शहरी विस्तारका लागि समेत सम्भावना बोकेको शहर हो ।

### ४.१.२.२ जनसांख्यिकीय विवरण (Demographic Description)

वि.सं. २०६८ सालको एघारौं राष्ट्रिय जनगणना अनुसार भद्रपुर नगरपालिकाको कुल जनसंख्या ६५,५३३ रहेको छ । यस नगरपालिकाको कुल जनसंख्या मध्ये पुरुषको संख्या ३४,५७५ र महिलाको संख्या ३०,९५८ रहेको छ । यस नगरपालिकामा १५,२७० परिवार बसोबास रहेको छ । घरधुरी सर्वेक्षण, २०७६ अनुसार नगरपालिकाको जनसंख्या ६७,१२५ जना रहेको छ । जसमा महिला ३३,९४६ र पुरुष ३३,१७९ जना रहेका छन् ।

एघारौं राष्ट्रिय जनगणना अनुसार यस अध्ययनको अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को कुल जनसंख्या ६,०९३ रहेको छ । जसमा २,७९९ महिला र ३,२९४ पुरुष रहेको छ । यस अध्ययनको अध्ययन क्षेत्रमा १,३९० घरपरिवार रहेको छ । उक्त १,३९० घरपरिवारको जनसंख्याको अवस्थालाई तल तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तलिका ४.१**

**भद्रपुर नगरपालिका वडा नं. ३ को जनसंख्या**

| क्र.सं. | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | २७९९ | ४५.९४ |
| २. | पुरुष | ३२९४ | ५४.०६ |
| | जम्मा | ६०९३ | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६ ।

तालिका ४.१ मा भद्रपुर नगरपालिका वडा नं. ३ को जनसंख्यालाई देखाइएको छ । जहाँ कुल जनसंख्या ६,०९३ जनामध्ये ४५.९५ प्रतिशत महिला र ५४.०६ प्रतिशत पुरुष रहेको छ ।

यस अध्ययनको जनसंख्या धान खेती गर्ने जम्मा घरपविार १,०२० रहेको छ । यही १,०२० बाट १०२ धान खेती कृषक घरपरिवार नमुना आकारको रुपमा छनोट गरिएको छ । नमुना छनोट १०२ घरपरिवारको जनसङ्ख्या विवरणलाई तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**नमुना छनोटमा परेका घरधुरीको जनसंख्या, २०७६**

| क.सं. | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | २५२ | ४८.२८ |
| २. | पुरुष | २७० | ५१.७२ |
| | जम्मा | ५२२ | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६ ।

तालिका ४.२ मा नमुना छनोटमा परेका १०२ घरधुरीको जम्मा जनसंख्यालाई देखाइएको छ । जस अनुसार अध्ययन क्षेत्रमा जम्मा जनसंख्या ५२२ रहेको छ । जसमा महिला २५२ जना र पुरुष २७० जना रहेका छन् ।

### ४.१.२.३ धर्मगत विवरण (Religious Description)

नगर वस्तुस्थिती तयार सर्वेक्षण, २०७६ अनुसार भद्रपुर नगरपालिकाको जनसंख्या ६,७१२५ जा रहेको छ । जसमध्ये हिन्दु ५,७१०१ जना, बौद्ध ३,४८१ जना, इस्लाम १,०३५ जना, किराँत ४,०७५ जना र जैन १२ जना रहेका छन् । सबै भन्दा धेरै धर्म मान्ने संख्या हिन्दुको रहेको छ ।

अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को जनसंख्या ६,०९३ जना रहेको छ । धर्म अनुसार वडा नं. ३ को जनसंख्यालाई तल तालिका ४. मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.३

## भद्रपुर नगरपालिका वडा नं. ३ को धर्मगत विवरण

| क.सं. | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ४५१० | ७४.०२ |
| २. | बौद्ध | ५२४ | ८.६० |
| ३. | इस्लाम | ५ | ०.००८ |
| ४. | इसाई | १९० | ३.१२ |
| ५. | किरात | ८६४ | १४.१८ |
| ६. | जैन | ० | ० |
| | जम्मा | ६०९३ | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६ ।

तलिका ४.३ मा अध्ययन क्षेत्रको धर्मगत विवरणलाई देखाइएको छ । हिन्दु धर्म लिने ४,५१० जना, बौद्ध धर्म लिने ५३४ जना, इस्लाम लिने ५ जना, इसाई धर्म लिने १९० जना, किरात धर्म लिने ८६४ जना रहेका छन् । सबैभन्दा बढि हिन्दु धर्म मान्ने जनसंख्या रहेका छन् । जैन धर्म मान्ने संख्या शुन्य रहेको छ ।

यस अध्ययन क्षेत्रमा विभिन्न जातजातीका वसोवास रहेकोले गर्दा, धर्म पनि आफ्नो आफ्नै रहेको छ । नमुना छनोटमा परेका कृषक घरधुरीको धर्मगत विवरण तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.४

## धानखेती कृषक धर्मगत विवरण २०७६

| क.सं. | जातिगत विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ५४ | ५२.९४ |
| २. | किरात | ३९ | ३८.२४ |
| ३. | क्रिश्चियन | २ | १.९६ |
| ४. | बौद्ध | ७ | ६.८६ |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७ ।

तालिका ४.४ मा अध्ययन क्षेत्रको नमुना छनोटमा परेका धानखेतीमा संलग्न घरधुरीको धर्मगत विवरण प्रस्तुत गरिएको छ । जसमा राजवंशी, ब्राह्मण, क्षेत्री, दलित, नेवार, मेचे र मगर गरी ५४ घरधुरी हिन्दु, लिम्वु र दलीत गरी २ घरधुरी क्रिश्चियन, राई लिम्बु गरि ३९ घरधुरी किरात, गुरुङ र तामाङ गरी जम्मा ७ घरधुरी बौद्ध धर्म मार्ने गरेको पाइयो ।

### ४.१.२.४ जातिगत विवरण (Caste Description)

भद्रपुर नगरपालिकामा जातिगत घरपरिवारको स्थितिलाई हेर्दा १५,२७० घरपरिवारमध्ये सबैभन्दा धेरै ४,६५० पहाडी ब्राम्हण क्षेत्री समुदायको रहेको पाइन्छ । त्यसपछि क्रमश पहाडी आदिवासी जनजाती ५,५६१, तराई आदीवासी-जनजाती ३,१८०, तराई अन्य (यादव, शाह) १,०९५ र तराई ब्राह्मण क्षेत्री ६८०, पहाडी दलित ५५३, तराई दलीत १९१, मुस्लिम १९०, पहाडी अन्य १४४ र लोपउन्मुख २६ घरपरिवार रहेका छन् ।

अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ मा १,३९० घरपरिवार रहेको छ । जातीगत आधारमा वडा नं. ३ को घरपरिवारलाई तल तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**भद्रपुर नगरपालिका वडा नं. ३ को जातिगत विवरण**

| क्र.सं. | जातजाती | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १. | पहाडी ब्राम्हण/क्षेत्री | २३९ | १७.१९ |
| २. | तराई ब्राम्हण/क्षेत्री | १३ | ०.९४ |
| ३. | पहाडी आदीवासी जनजाति | ६३८ | ४५.९९ |
| ४. | तराई आदीवासी जनजाति | ४१२ | २९.६४ |
| ५. | पहाडी दलित | ८० | ५.७६ |
| ६. | तराई दलित | ० | ० |
| ७. | मुस्लिम | १ | ०.०७ |
| ८. | पहाडी अन्य | १ | ०.०७ |
| ९. | तराइ अन्य | ६ | ०.४३ |
| १०. | लोपोन्मूख | ० | ० |
|  | जम्मा | १३९० | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६ ।

माथिको तालिका ४.५ मा भद्रपुर नगरपालिका वडा नं. ३ को जातिगत विवरणलाई देखाइएको छ । जस अनुसार आदीवासी जतजाती ६३८ घरपरिवार, तराई आदीवासी जनजाती ४१२ घरपरिवार, पहाडी ब्राह्मण/क्षेत्री २३९ घरपरिवार, पहाडी दलित ८० घरपरिवार, तराइ ब्राह्मण/क्षेत्र १३ घरपरिवार, तराई अन्य ६ घरपरिवार, मुस्लीम १, पहाडी अन्य १ घरपरिवार रहेका छन् । तराई दलित र लोपोन्मुख जातजाति घरपरिवार शुन्य रहेका छन् ।

यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका धानखेतीमा संलग्न कृषकको जातिगत विवरण तल तालीका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**कृषकहरुको जातिगत संरचना**

| क्र.सं. | जातिगत विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | राजवंशी | १ | ०.९८ |
| २. | ब्राह्मण | १३ | १२.७५ |
| ३. | क्षेत्री | २६ | २५.४९ |
| ४. | लिम्बु | १८ | १७.६५ |
| ५. | राई | २२ | २१.५७ |
| ६. | दलीत | ८ | ७.८४ |
| ७. | गुरुङ | ४ | ३.९२ |
| ८. | मगर | ५ | ४.९० |
| ९. | श्रेष्ठ | १ | ०.९८ |
| १०. | तमाङ | ३ | २.९४ |
| ११. | मेचे | १ | ०.९८ |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तलिका ४.६ मा अध्ययन क्षेत्रको नमुना छनोटमा परेका धानखेतीमा संलग्न घरधुरीको धर्मगत विवरण प्रस्तुत गरिएको छ । जसमा राजवंशी, ब्राह्मण, क्षेत्री, दलित, नेवार, मेची र मगर गरी ५४ घरधुरी हिन्दु, लिम्वु र दलीत गरी २ घरधुरी, क्रिश्चियन, राई

र लिम्बु गरि ३९ घरधुरी किरात र गुरुङ्ग र तामाङ गरी जम्मा ७ घरधुरी बौद्ध धर्म मान्ने गरेको पाइयो ।

### ४.१.२.५ हावा पानीको अवस्था (Situation of Climate)

भद्रपुर नगरपालिकामा उष्ण हावापानी पाइन्छ भने भद्रपुर वर्षातमा वंगालको खाडीबाट आउने मन्सुनी हावापानीबाट प्रभावित क्षेत्र हो । ग्रिष्मकालमा यहाँको अधिकतम तापक्रम ३८ डिग्री सेल्सियससम्म पुग्दछ भने शीतकालमा ८ डिग्री सेलसियससम्म भएको पाईन्छ । वर्षा ऋतुमा हिन्द महासागर स्थिति वंगालको खाडीमा आउने मन्सुनी हावाबाट यहाँ २७१.७५ मि.मि. सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै उष्ण र सुख्खा भएपनि कृषि कार्यका लागि उपयोगी मानिन्छ ।

### ४.१.२.६ शैक्षिक विवरण (Educatonal Description)

यस अध्ययन क्षेत्र भद्रपुर नगरपालिकामा ९७ वटा शैक्षिक संस्थाहरु रहेका छन् । जसलाई तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**भद्रपुर नगरपालिकाको शैक्षिक विवरण**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | बालविकास केन्द्र | ३१ |
| २. | सामुदायिक विद्यालय | ३१ |
| ३. | संस्थागत विद्यालय | ३१ |
| ४. | क्याम्पस | २ |
| ५. | मदरसा | २ |
| | जम्मा | ९७ |

स्रोत : भद्रपुर नगरपालिका, २०७६

भद्रपुर नगरपालिकाको शैक्षिक अवस्थालाई हेर्दा यहाँ बाल विकास केन्द्र ३१ वटा, सामुदायिक विद्यालय ३१ वटा संस्थागत ३१ वटा, क्याम्पस २ वटा र मदरसा २ वटा रहेका छन् । यस क्षेत्रमा सबै उमेर समुहका बालबालिकाहरु विद्यालयको सहज पुहँचमा रहेको पाइन्छ । माध्यमिक तहपछि स्नातक तह र स्नातकोत्तर तहको लागी क्याम्पस रहेको पाइन्छ । पा्रय जसो शिक्षा संकाय अध्ययन गर्ने विद्यार्थीको लागी क्यम्पसमा संकाय नहुँदा राजधानी काठमाडौं गएर अध्ययन गरेको पाइएको छ ।

### ४.१.२.७ कृषि कार्यमा उपयोग भएका जग्गा सम्बन्धि विवरण (Description of Land Use in Agriculture)

यस नगर क्षेत्रमा कुल ६१२ विगाहा जग्गा कृषि कार्यका लागी उपयोग गरिएको देखिन्छ, जसमध्ये आफ्नो परिवारको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार संख्या ५,१६५, अरुको नाममा रहेको जग्गा उपयोग गर्ने घरपरिवार ८५५ र अन्य स्वामित्वको जग्गा प्रयोग गर्ने घरपरिवार रहेको छ । यस नगरपालिकामा कृषि कार्यमा उपयोग भएको जग्गाको विवरण तालीका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालीका ४.८**

**कृषि कार्यमा उपयोग भएको जग्गा, २०७६**

| क्र.सं. | जमिनको कृषि कार्यमा उपयोग अवस्था | जम्मा (कट्ठा) | प्रतिशत |
|---|---|---|---|
| १ | खेतको रुपमा प्रयोग भएको जमिन | २,०५,७३९ | ७९.३८ |
| २ | बारीको रुपमा प्रयोग भएको जमीन | ५३,४६४ | २०.६२ |
| | जम्मा | २,५९,२०३ | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६

तालिका ४.८ मा भद्रपुर नगरपालिकाको कृषि कार्यमा उपयोग भएको जग्गा सम्बन्धि विवरणलाई देखाइएको छ । जस अनुसार खेतको रुपमा प्रयोग भएको जमीन २,०५,७३९ कट्ठा र बारिको रुपमा प्रयोग भएको जमिन ५३,४६४ कट्ठा रहेको छ । यसरी कृषि कार्यमा उपयोग भएको जग्गा जम्मा २,५९,२०३ कट्ठा रहेको छ ।

### ४.१.२.८ खाद्यान्न प्रर्याप्तताको विवरण (Details of Foodstuffs Sufficiency)

यस नगरपालिका भित्र रहेका कुल १५,२७० घर परिवारको खाद्यान्न प्रर्याप्तताको अवस्थालाई तालीका नं. ४.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.९**

**खाद्यान्न प्रर्याप्तताको अवस्था**

| क.सं. | खाद्यान्न प्रर्याप्तताको अवस्था | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १. | ३ महिना सम्म खान पुग्ने | ४,३५३ | २८.५१ |
| २. | ४ देखि ६ महिना सम्म खान पुग्ने | २,७८३ | १८.२३ |
| ३. | ७ देखी ९ महिना सम्म खान पुग्ने | १,७९५ | ११.७५ |
| ४. | ९ महिना देखी वर्ष दिन खान पुग्ने | २,५१५ | १६.४७ |
| ५. | वर्ष दिन पुगेर वचत हुने | ३,८२४ | २५.०४ |
| | जम्मा | १५,२७० | १००.०० |

स्रोत : भद्रपुर नगरपालिका, २०७६

माथीका तालिका अनुसार कुल १५,२७० घरपरिवार मध्ये ३,८२४ घरपरिवारलाई खाद्यान्न वर्षदिन पुगेर पनि बचत हुने, २,५१५ घरपरिवारलाई ९ महिना देखी वर्ष दिन खान पुग्ने, १,७९५ घरपरिवारलाई ७ देखी ५ महिना सम्म खान पुग्ने, २,७८३ घरपरिवारलाई ४ देखी ६ महिना खानपुग्ने ४,३५३ घरपरिवारलाई ३ महिना सम्म खान पुग्ने रहेको देखिन्छ।

### ४.१.२.९ सिंचाई सुविधाको विवरण (Irrigation Facility Description)

यस नगरपालिकामा कृषकले पाएको सिचाई उपलब्धतालाई तल तालीका ४.१० मा प्रस्तुत गरिएको छ।

## तालिका ४.१०

## सिचाई सुविधाको विवरण

| क.सं. | सिंचाईको किसिम | परिमाण | सिंचाईको उपलब्धता | सिंचीत क्षेत्र (विघा) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| १. | कुलो | ९ | मौसमी | ४६७ | ४११ |
| २. | कुलो | १ | वर्षभरी | ६० | ६० |
| ३. | नहर | २ | अर्धवार्षिक | १८ | ८० |
| ४. | नहर | १ | वर्षभरी | २०० | २०० |
| ५. | नहर | १ | मौसमी | ५०० | १०० |
| ६. | खोला वोरिङ्ग | १ | वर्षभरी | २८ | ४० |
| ७. | पाइप वोरिङ्ग | ९ | वर्षभरी | ३५० | ६९० |
| ८. | पैनि | ५ | मौसमी | २९० | ३७० |
| ९. | बाध कुलो | १ | वर्षे | ३५ | ३५ |
| | जम्मा | | | १,९४८ | १,९८६ |

स्रोत : भद्रपुर नगरपालिका, २०७६

यस तालीका ४.१० मा भद्रपुर नगरपालिकाको सिचाई सुविधा देखाईएको छ । जसमा ९ वटा कुलो मौसमी, १ वटा कुलो बर्षभरी, २ वटा नहर अर्धवार्षिक, १ वटा नहर वर्षभरी, १ वटा नदी मौसमी, सोलार वोरिङ्ग १ वटा वर्षभरी, पाइप वोरिङ्ग ९ वटा वर्षभरी, पौनि ५ मौसमी र बाध कुलो १ वटा वर्षभरी गरी जम्मा ३० वटा सिचाई सुविधा उपलब्ध रहेको छ । यसबाट १,९४८ विघामा सिचाई सुविधा उपलब्ध भइरहेको छ र प्रत्यक्ष रुपमा १,९८६ घर परिवार लाभान्वित रहेका छन् ।

### ४.१.२.१० कृषिको विवरण (Details of Agriculture)

भद्रपुर नगरपालिकाका क्षेत्रमा उत्पादित अन्नवाली दलहन र तेलहन बालीको उत्पादन र क्षेत्रफलको अवस्थालाई तेलहन बालीको उत्पादन र क्षेत्रफलको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**बाली उत्पादन र क्षेत्रफल**

| **क्र.सं.** | **बाली** | **उत्पादन (मे.टन)** | **क्षेत्रफल (विघा)** |
|---|---|---|---|
| १. | अन्न बाली | ८३,५९९ | ६९,२९८ |
| २. | दलहण बाली | ४०९ | ३३२ |
| ३. | तेलहन बाली | ४६५ | ६९८ |

स्रोत : भद्रपुर नगरपालिका, २०७६

तलिका ४.११ मा भद्रपुर नगरपालिकाको कृषिको अवस्था अवस्थालाई देखाइएको छ । जहाँ अन्नवाली ६९,२९८ विघा क्षेत्रफलमा ८३,५९९ मे-टन, दलहन बाली ३३२ विघा क्षेत्रफलमा ४०९ मे.टन र तेलहन ६९८ विघा क्षेत्रफलमा ४६५ मे.टन उत्पादन भएको देखिन्छ । उक्त नगरपालिकामा सबैभन्दा बढि अन्नबालीको उत्पाद भएको र क्षेत्रफल पनि अन्य बाली भन्दा बढि भएको देखिन्छ ।

### ४.१.३ नमुना छनोटमा परेका कृषकहरुको पारिवारिक विवरण (Details of Farmers Family)

यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका धान खेतीमा संलग्न कृषकहरुको पारीवारिक संरचना जातिगत संरचना धर्मगत संरचनालाई प्रस्तुत गरिएको छ ।

#### ४.१.३.१ नमुना छनोट परेका कृषकको पारिवारीक संरचना (Family Structure of Farmers)

एकमात्र दम्पत्ती भएको परिवार एकल परिवारले भने दुई वा दुई भन्दा बढि दम्पत्ती भएको परिवार संयुक्त परिवार हो । अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को कुल नमुना कृषक घरधुरी १०२ लाई तल तालिका ४.१२  मा प्रस्तुत गरीएको छ ।

### तालीका ४.१२

### नुमना छनोटमा परेका कृषकहरुको पारिवारिक संरचना २०७६

| क्र.सं. | विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | एकल | ६१ | ८५९.८० |
| २. | संयुक्त | ४१ | ४०.२० |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.१२ मा अध्ययन क्षेत्रको कुल नुमना घर परिवार १०२ मध्ये ६१ घरधुरी एकल परिवार र ४१ घरधुरी संयुक्त परिवार रहेको पाइएको छ ।

### ४.१.४ नमुना छनोटमा परेका कृषकको जग्गा विवरण (Land Description of Farmers)

यस अध्ययन क्षेत्रमा धान खेतीका लागी कृषकहरुलाई जग्गाको आवश्यक पर्दछ । जग्गा अचल सम्पत्ती हो । धान उत्पादन होस् वा नहोस् स्थीर लागत भने कृषकहरुको लागीरहेको हुन्छ । सर्वेक्षणको आधरमा उक्त क्षेत्रमा १०२ कृषक घरधुरीकै आफ्नै स्वामीत्वमा जग्गा भएको पाइयो । प्राप्त तथ्याङ्क अनुसार कम्तीमा ५ कट्ठा देखी बढिमा ८० कट्ठा सम्म भएको पाइयो । जसलाई अनुसुची ३ मा राखिएको छ । नमुना छनोट १०२ कृषक घरधुरीको जम्मा १,८४७ कट्ठा भएको पाइयो । तल तालिका ४.१३ मा धानखेती कृषकको कुल जग्गाको विवरणई निम्नानुसार प्रसतुत गरिएको छ ।

### तालिका ४.१३

### नमुना छनोटमा परेका कृषकको कुल जग्गा सम्बन्धी विवरण

| क्र.सं. | जग्गाको क्षेत्रफल (कट्ठामा) | घरधुरी | औषत प्रतिघर जग्गाको आकार (कट्ठामा) |
|---|---|---|---|
| १ | १,८४७ | १०२ | १८.११ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.१३ मा अध्ययन क्षेत्रको नमुना छनोटमा परेका १०२ कृषक घरधुरीको कुल जग्गा सम्बन्धी विवरणलाई देखाइएको छ । यहाँ, १०२ कृषकले धानखेती लगाइएको जग्गाको क्षेत्रफल जम्मा १,८४७ कठ्ठा रहेको पाइयो भने औषत प्रतिघर जग्गा १८.११ कठ्ठा रहेको पाइयो ।

### ४.१.५ जमिन अनुसार कृषक घरधुरि विवरण (Landwise Farmer Details)

अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा सबै कृषकहरुसँग समान जमिन नभएको पाइयो । सबै धानखेती कृषकहरुले आफ्नै स्वामित्वमा भएको जमिन मात्र उपभोक्ता गरेको पाइयो । यसलाई तालीका ४.१४ म प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४**

**जमिन अनुसार घरधुरी विवरण - २०७६**

| क.सं. | जग्गाको आकार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १ विघा भन्दा कम | ५८ | ५६.८६ |
| २. | १-२ विघा सम्म | ४० | ३९.२२ |
| ३. | २-४ विघा सम्म | ४ | ३.९२ |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.१४ मा अध्ययन क्षेत्रमा जमिन अनुसार नमुना घरधुरीमा १ विघा भन्दा कम जमिन हुने ५८ कृषक घरधुरी, १-२ विघा सम्म जमिन हुने ४० घरधुरी र २-४ विघा सम्म जमिन हुने ४ कृषक घरधुरी भएको पाईयो ।

### ४.१.६ नमुना छनोट परेका कृषकको खाद्यान्न पर्याप्तता विवरण (Details of Foodstuffs Sufficiency of Paddy Farmers)

यस अध्ययन क्षेत्रमा १०२ कृषक घरपरिवारले धान खेतीबाट प्राप्त उत्पादनले वर्षभरी खान पुग्छ भनि गरिएको सर्वेक्षणको आधारमा प्राप्त तथ्याङ्कलाई तालिका ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**खाद्यान्न पर्याप्तता विवरण**

| क्र.सं. | खाद्यान्न पर्याप्तताको अवस्था | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | ४ देखी ६ महिना खान पुग्ने | ८ | ७.८४ |
| २. | ७ देखी ९ महिना खान पुग्ने | ६ | ५.८८ |
| ३. | ९ देखी १२ महिना खान पुग्ने | २६ | २५.४९ |
| ४. | वर्षदिन पुगेर बचत हुने | ६२ | ६०.४८ |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.१५ मा अध्ययन क्षेत्रको कृषकहरुको खाद्यान्न पर्याप्तताको विवरणलाई देखाइएको छ । यहाँ १०२ घर मध्ये ४ देखी ६ महिना सम्म खान पुग्ने ८ घरधुरी, ७ देखी ८ महिना खान पुग्ने ६ घरधुरी, ८ देखी १२ महिला सम्म खान पुग्ने २६ घरधुरी र वर्षदिन खान पुगेर धान बचत हुने ६२ घरधुरी रहेको पाइयो । यहाँ सबैभन्दा बढि वर्षदिन खान पुगेर धान बचत हुने घरपरिवार रहेको पाइयो ।

## ४.२ धान खेतीको परिचय (Introduction of Paddy Cultivation)

धान प्रमुख खाद्यान्न बाली हो । धानको वैज्ञानिक नाम ओरिजा (Oryza Sativa) हो । धान खेती वर्षायाममा पहाड र तराईमा गरिन्छ । तल्लो पहाड तथा खोंचको सिञ्चीत क्षेत्रमा चैते धान पनि लगाउने गरिन्छ । धान एकवर्षे बाली भित्र पर्दछ । यो छोटो समयमै उत्पादन गर्न सकिन्छ । छोटो समयमा पाक्ने धान करिब ३ महिना भित्र पाक्दछ भने लामो समयमा पाक्ने धान करिव ६ महिना भित्र पाकिसक्छ । सामान्यतया धान ५० दखि २१५ से.मी. अग्लो हुन्छ । यसको जरा, गाँज, पात, डाठ र बाला हुन्छ । धानमा मुख्य गरेर कार्वोहाइड्रेट पाइन्छ । यसको मात्रा करिव ९० प्रतिशत फ्याट र लवण पाइन्छ । धानमा कार्वोहाइड्रेटका साथै प्रोटिन र भिटामीन पनि हुन्छ । धान बहुउपयोगी बाली हो । कुल उत्पादीत धानको ९५% मानिसले खानाको रुपमा उपयोग गर्दछ । यसबाट भात सहायक खाना, जापानीज सेक, जाडो मौसममा नेपालको पूर्वि तराइमा रुचाइने भक्का बनाइन्छ ।

सेलरोटीको प्रमुख अवयव चामल नै हो । मुरै (भुजा), चिउरा नेपालीले मन पराउने खाद्यजन्य खानेकुरा हुन् । चामलमा पाइने स्टार्चलाई चकलेट तथा पाउरोटी उद्योगमा प्रयोग गर्ने गरिन्छ । कनिकालाई अल्कोहल जन्य पेय पदार्थ बनाउन प्रयोग गरिन्छ । धानको बोट समेत उपयोगी हुन्छ । परालबाट गुन्द्री, गजरा, बोरा, कागज, बनाउन सकिन्छ । ब्रान चाही तेल, कस्मेटीक सामान, सावुन बनाउन सहायक हुन्छ । भुसलाई गाईवस्तुको खाद्यानका साथै इन्धनका रुपमा समेत प्रयोग गरिन्छ । धान उत्पादन वृद्धि गर्नका लागी उपयुक्त जातको विउ, उन्नत प्रविधी, मलखाद र सिंचाइको व्यवस्था गर्न जरुरी छ ।

### ४.२.१ धानका प्रकार (Types of Paddy)

नेपालमा धानको प्रकारहरु धेरै रहेका छन् । त्यसमध्ये स्थलगत सर्वेक्षण अनुसार धान खेती कृषकले लगाउने धानहरुको नाम क्रमसः रन्जित, रामपुरे, रामधान, मिथिला, सानो मन्सुली, कोमल धान, राधावारा, वेनामी धान आदि लगाउने गरेको पाइयो । उत्पादनको दृष्टिकोणले अध्ययन क्षेत्रमा बेच्नका लागि भन्दा घरायसी उपभोगका लागी यि धानहरु लगाइएको पाइन्छ । घरायसी प्रयोगको लागी धान छुट्याई सकेपछि धेरै भएको धान बेचेको पनि पाइयो । अध्ययन क्षेत्रमा कृषकहरुले लगाउने धानका प्रकारहरु तल तालिका ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**कृषकहरुले प्रयोग गर्ने धानका प्रकारहरु**

| क्र.सं. | धानका प्रकार | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | रन्जित | ८४ | ८२.४० |
| २. | रामपुरे/कोमल | ७ | ६.८६ |
| ३. | रामधान | २ | १.९६ |
| ४. | मिथिला | २ | १.९६ |
| ५. | सोना मन्सुली | २ | १.९६ |
| ६. | राधावारा | २ | १.९६ |
| ७. | वेनामी | ३ | २.९० |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तलिका ४.१६ मा अध्ययन क्षेत्रको कृषकहरुले बाली लगाउने धानको प्रकारलाई देखाइएको छ । नमुना कुल घरधुरी मध्ये ८४ घरधुरीले रन्जित, ७ घरधुरीले रामपुरे लगाउने र त्यसैगरी रामधान, मिथिला, सोना मन्सुली, राधावारा २ घरधुलीले मात्र लगाउने देखियो भने वेनामी धान ३ घरधुरीले लगाउने तथ्याङ्कले देखाएको छ । धेरै नमुना कृषक घरधुरीले रन्जित लगाउनेको मुख्य कारण धान उत्पादन धेरै हुने, खानको लागी मसिनो र नरम हुने, खाना बनाउँदा बढ्ने रहेको पाइएको छ ।

### ४.२.२ धानको विउको मुल्य (Price of Paddy's Seed)

धान खेतीका लागी धानको विउ आवश्यक पर्दछ र धानको विउको मूल्य धानको जात अनुसार रहेको हुन्छ । स्थलगत सर्वेक्षणका क्रममा मनकामना कृषि भण्डारबाट प्राप्त तथ्याङ्क तल तालीका ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**धानको विउको मूल्य**

| क्र.सं. | धानको नाम | मूल्य (के.जि.) |
|---|---|---|
| १. | रन्जित | ७० |
| २. | रामपुरे | ७५ |
| ३. | रामधान | ७५ |
| ४. | मिथिला | ६० |
| ५. | सोना मन्सुली | ८० |
| ६. | वेनामी | ५० |
| ७. | कोमल | ८० |
| ८. | राधा बारा | ५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तलिका ४.१७ मा अध्ययन क्षेत्रको कृषकले बाली लगाउने धानको विउको मुल्यलाई देखाइएको छ । रन्जित धानका विउको मुल्य प्रति के.जी. रु. ७०, रामपुरे रु. ७५, रामधान

रु. ७५, मिथिला धान रु. ६०, सोनामन्सुलि रु. ८०, वेनामी धान रु. ५०, कोमलधान रु. ८० र रधावार धान रु. ५० रहेको पाइयो ।

### ४.२.३ मलको प्रयोग (Use of Fertilizer)

अध्ययन क्षेत्रमा कुल नमुना घरधुरी १०२ कृषकहरुले राशायनिक मल (डि. ए. पि, यु. रि. या, पोटास) र गोवर मल प्रयोग गरेको पाइन्छ । गोवर मल सजिलै र सुपथ मूल्यमा नपाइएकोले गर्दा धेरै कृषक घरधुरीले राशायिनक मल प्रयोग गरेको पाइएको छ । रासायमिक मल डि.ए.पी., यूरिया र पोटासको प्रति कि.ग्रा. मुल्य क्रमश रु ५०, २०, ४० रहेको पाइयो भने अर्गानिक प्रति ट्रयाक्टर रु. ३,००० रहेको पाइयो ।

### ४.२.४ सिचाईको सुविधा (Facilities of Irrigation)

अध्ययन क्षेत्रमा कृषकहरुको सिचाईको अवस्थालाई हेर्दा धेरै जसो कृषकहरु मन्सुनमा निर्भर भएर खेती गरेको मन्सुन मात्रै प्रयोग गरेको पाइयो भने केहि कृषकहरु वोरिङ्ग प्रयोग गरेको पाइयो । सिचाइका स्रोतहरु प्रयोग गरेका कुल नमुना कृषक घरधुरी संख्यालाई तल तलिका ४.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**धानखेती कृषकले पाएको सिचाइको सुविधा २०७६**

| क्र.सं. | सिचाइका स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | मन्सुनमा आधारीत कुलो | ७६ | ७४.५१ |
| २. | नहर | ० | ० |
| ३. | बोरिङ्ग | २६ | २५.४९ |
| ४. | अन्य | ० | ० |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

अध्ययन क्षेत्रमा बोरिङ्गबाट सिचाई गर्नै २६ कृषक घरधुरि र मन्सुन कुलोबाट सिचाई गर्ने ७६ घरधुरी पाइयो । तथ्याङ्क अनुसार धेरै कृषक घरहरु मन्सुन कुलोमा नै निर्भर

भई धानखेती गरेको पाइयो । मन्सुन धान उत्पादनको लागी भरपर्दो सिंचाईको स्रोत नभएको पाइयो ।

### ४.२.५ विद्युतीय उपलब्धता (Availability of Electricity)

अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा ७६ कृषक घरधुरी धान खेती गर्न मनसुनमा निर्भर भएपनि २६ कृषक घरधुरीले बोरिङ्ग बाट सिचाई गरेको पाइएको छ। वोरिङ्गबाट सिचाई गर्न विद्युत आवश्यक पर्दछ । वर्तमान समयमा विद्युत भोल्टेज (शक्ति) कम हुँदा वोरिङ्गबाट सिचाई गर्न समस्या भइरहेको पाइयो । विद्युत महसुल प्रति युनिट रु. ८ का दरले तिरेको पाइयो ।

### ४.२.६ पारिश्रमिक (ज्याला) विवरण (Wage Description)

अध्ययन क्षेत्रमा कृषकहरुले धानखेती लगाउँदा देखी उत्पादन सम्म श्रमिक लगाएको पाइयो । श्रमिकलाई सुख्खा ज्याला रु. ६०० का दरले दिइएको पाइयो । जसमा रु. १०० खानाको लागी रु. ५०० ज्याला रहको पाइयो । धान पाकीसकेपछि खेतबाट घरसम्म ल्याउने ढुवानी ज्याला घर देखी खेतको दुरीको आधारमा लिइएको पाईयो ।

### ४.२.७ ट्र्याक्टर ज्याला (Wage of Tractor)

अध्ययन क्षेत्रमा कृषकहरुले धान रोप्नका लागि खेतको माटो बनाउन ट्र्याक्टरको प्रयोग गरिएको पाइयो । हिजोआज गाउँघरमा गोरु पाल्ने चलन छोडी सकेको हुनाले खेत तयारीको हरेक काममा ट्र्याक्टरको प्रयोग गर्ने गरिन्छ । ट्र्याक्टरको हलो दाते र रोडा गरी दुई प्रकारको हुन्छ । खेत तयारीको पहिलो चरणमा दाते हलो र अन्तिम चरणमा रोडा हलोको प्रयोग गरेको पाइयो । दाते हलो ट्र्याक्टरको ज्याला प्रति घण्टा रु. १,२००। र रोडा हलो ट्र्याक्टरको ज्याला प्रति घण्टा रु. १,८००। रहेको जानकारी कृषक तथा ट्र्याक्टर मालीकहरुद्वारा पाइयो भने धान झाट्नका लागी प्रति घण्टा थ्रेसर ज्याला रु. १,८००। रहेको पाइयो । ट्र्याक्टर तथा थ्रेसर जस्ता उन्नत प्रविधिको उपयोग भएता पनि आवश्यक समयमा ट्र्याक्टरको अभाव रहेको पाइयो ।

### ४.२.८ झार निर्मुलन (Weed Eradication)

अध्ययन क्षेत्रमा धान खेती कृषकहरुले धानमा आउने झार लाई रोक्नको लागी पेटोला कलर (रेसर) नामक विषादि प्रयोग गरेको पाइयो । विषादी प्रतिविघा (२० कट्ठा) ५०० मि.लि. प्रयोग गरेको पाइयो । उक्त विषाधीको मुल्य रु. ५००। मि.लि. वरावर रु. ४५०। रहेको पाइयो ।

### ४.२.९ धान खेतीको लागत (Cost of Paddy Farming)

वस्तु तथा सेवाको उत्पादन गर्दा लाग्ने खर्चलाई लागत भनिन्छ । धान खेतीको लागत भन्नाले धानको विउ किने देखी धान पाकेर भण्डारण सम्म लाग्ने सम्पूर्ण खर्चलाई बुझिन्छ । कुनै वस्तुको निश्चित एकाई उत्पादन गर्दा लाग्ने साधनहरुको कुल मुल्यलाई नै लागत भनिन्छ । लागत भित्र पुँजिगत खर्च, प्राकृतिक साधन र कच्चा पदार्थमा लाग्ने खर्च आदी पर्दछन् । कुनै वस्तु तथा सेवाको उत्पादन गर्नका लगि उचित तवरले लगानि गर्न जान्नु पर्दछ । कुनै पनि वस्तु तथा सेवा शुन्य लागतमा उत्पादन हुन सक्दैन त्यसैले आर्थीक क्षेत्रमा वस्तु तथा सेवासँग प्रत्यक्ष सम्बन्ध राख्ने उत्पादन कार्यको प्रमुख तत्व लागत हो । यस अध्ययनमा उद्देश्य अनुरुप धान खेतिको लागत विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.२.९.१ धान खेतीको स्थिर लागत (Fixed Cost of Paddy Farming)

उत्पादनको परिमाणसँग कुनै अन्तरसम्बन्ध नभएको लागतलाई स्थिरलागत भनिन्छ । अथवा, उत्पादनको परिमाणमा घटवढ भए पनि लागतमा कुनै परिवर्तन नहुने खालको लागत नै स्थिर लागत हो । यस अध्ययनमा कृषकले उपभोग गरेको जमिनको लगान र जग्गाको मालपोत करलाई स्थिर लागत मानीएको छ । यस अनुसन्धानमा अध्ययन गर्दाको समयमा धान खेती कृषकको लागतहरु निम्नानुसार रहेको छ ।

**क) जग्गाको लगान (Rent of Land)**

यस अध्ययनमा नमुना छनोट कृषकहरुलाई अरुको जग्गा भोगचलन गर्नुभएको छ भनेर प्रश्न गर्दा कृषकहरुको उत्तर छैन भनेर पाइयो । नमुना छनोट कृषकहरुले आफ्नै स्वामित्वमा रहेको जग्गा भोग चलन गरेको पाइयो । (स्थलगत सर्वेक्षण, २०७७)

आफ्नै जग्गा भोगचलन गरेता पनि जग्गाको लगान पनि समावेश गर्नुपर्ने भएकोले उक्त अध्ययन क्षेत्रको नियम अनुसार प्रति विगाहा (२० कट्ठा) वार्षिक ४ क्विन्टल धान वा धान वरावर रकम प्रति वर्ष तिरेको पाइयो । सोही अनुरुप धानखेती ६ महिनासम्म मात्र हुने भएकोले प्रति विगाहा २ क्विन्टल जग्गाको लगान छुट्याइएको छ ।

**ख) कर (Tax)**

यस अध्ययनमा नमुना छनोटमा परेका १०२ कृषक घरपरिवारले जग्गाको मालपोत कर कति तिर्दछन् भनि सर्वेक्षण गरिएको थियो । मालपोत कर ठाउँ सुविधा अनुसार फरक भएको पाइयो । कालो पत्रे बाटोले भेट्ने जग्गाको मालपोत कर धेरै भएको कच्चिग्राबेल बाटोले भेटेको जग्गाको मालपोत कर मध्यम भएको र वाटो नपुगेको जग्गाको मालपोत कर सबैभन्दा कम तिरेको पाइयो ।

अध्ययन क्षेत्रमा नमुना छनोट परेका १०२ कृषक घरपरिवारले भुमिको लगान र जग्गाको मालपोत कर शिर्षकमा गरेको स्थीर लागत (खर्च) विवरणलाई तल तलिका ४.१९ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**धान खेती गर्ने कृषकके स्थिर लागत विवरण**

| क्र.सं. | लगत शिर्षक | खर्च (रु. मा) | प्रति कठ्ठा खर्च (रु.मा) | प्रति घर खर्च (रु.मा) |
|---|---|---|---|---|
| १. | भुमिको लगान | ५,५४,१००। | ३००। | ५,४३२.३५। |
| २. | कर | ७५,७२७। | ४१। | ७४२.४२। |
| | जम्मा | ६,२९,८२७। | ३४१। | ६,१७४.७७। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालीका ४.१९ मा नमुना छनोटमा परेका घर परिवारको कुल स्थिर लागतलाई प्रस्तुत गरिएको छ । जस अनुसार कुल भुमिको लगान प्रति कठ्ठा रु. ३००। का दरले १,८४७ कठ्ठाको रु. ५,५४,१००। र भुमिको मालपोत कर प्रति कठ्ठा रु. ४१ का दरले १,८४७ कठ्ठाको रु. ७५,७२७। तिरेको पाइयो । जसमा प्रतिघर भुमिको लगान रु. ५,४३२.३५। कर रु ७४२.४२। पर्न जान्छ । जसमा प्रतिघर भुमिको लागत रु. ५,४३२.३५। र कर रु. ७४२.४२। पर्न जान्छ । जस अनुसार कुल स्थिर लागत रु. ६,२९,८२७। रहेको छ ।

### ४.२.९.२ धान खेतीको कुल परिवर्तनशिल लागत (Total Variable Cost of Paddy Farming)

यस अध्ययनमा नमुना छनोटमा परेका घरधुरीले धान खेती गर्दा विभिन्न शिर्षकमा गरेको खर्चलाई परिवर्तनशील लागतमा देखाइएको छ । धान खेती गर्दा विउ, मल, पानी, विद्युत, ज्याला, खाना र ढुवानी आदी शिर्षकहरुमा लाग्ने कुल खर्चलाई कुल परिवर्तन लागत मानिएको छ । उत्पादन परिमाणको परिवर्तनसँगै परिवर्तन लागत पनि परिवर्तन हुन्छ । यस अनुसन्धानमा अध्ययन गरिएको धान खेतिको कुल परिवर्तनशिल लागतलाई तालीका ४.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**धान खेती कुल परिवर्तनशिल लागत विवरण**

| क्र.सं. | शिर्षक | खर्च रु. मा | प्रति कठ्ठा खर्च | प्रति घरपरिवार खर्च |
|---|---|---|---|---|
| १. | बिउ | १,४३,४३५। | ७७.६५८। | १,४०६.२२५। |
| २. | मल | ३,९८,४७०। | २७५.७३९। | ३,९०६.५६८। |
| ३. | विद्युत महशुल | ५४,६००। | २९.५६१। | ५३५.२९४। |
| ४. | श्रमीक ज्याला | १६,९८,५००। | ९१९.५९९। | १६,६५१.९६०। |
| ५. | खाना | ३,१९,५००। | १७२.९८३। | ३,१३२.३५२। |
| ६. | ट्रयाक्टर ज्याला | ५,२८,७८०। | २८६.२७९। | ५,१८३.७२५। |
| ७. | ढुवानी ज्याला | २,०१,४००। | १०९.०४१। | १,९७४.५०९। |
| ८. | झार मार्ने विषादी | ३४,९७०। | १८.९३३। | ३४२.८४३। |
| | जम्मा | ३३,७९,७१५। | १,८८९.७९३। | ३३,१३३.४८। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२० मा धान खेती कृषक घरपरिवारको कुल परिवर्तनशील लागतलाई देखाइएको छ । जस अनुसार नमुना छनोट १०२ कृषक घरपरिवारले धान उत्पादन गर्दा विभिन्न पक्षमा गरेको खर्च हो । धानको विउमा गरिएको खर्च रु. १,४३,४३५।, मलको खर्च रु ३,९८,४७०।, विद्युत महशुलमा रु. ५४,६००।, श्रमीक ज्यालामा १६,९८५००।, खानामा ३,१९,५००, ट्र्याक्टर ज्यालामा ५,२८,७४०।, ढुवानी ज्यालामा रु २,०१,४००। र झार मार्ने विषादीमा रु. ३४,९७०। गरी कुल खर्च ३३,७९,७१५। रहेको छ । विभिन्न शिर्षकमध्ये सबैभन्दा धेरै खर्च श्रमीक ज्यालामा भएको पाइयो ।

### ४.२.९.३ धान खेतीको कुल लागत (Total Cost of the Paddy Farming)

कुनै पनि वस्तु तथा सेवा उत्पादन गर्न उत्पादनका सम्पूर्ण साधन खरिद गर्न तथा उत्पादन प्रक्रियालाई पुर्णता दिन आवश्यक पर्ने सम्पूर्ण खर्चलाई कुल लागत भनिन्छ । अर्थात अल्पकालमा स्थिर साधनहरु माथि गरिएको खर्च र परिवर्तनशील साधनहरु माथि गरिएको खर्चको योगफललाई नै कुल लागत भनिन्छ । कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर कुल लागत प्राप्त हुन्छ । यस अध्ययनमा नमुना छनोट धान खेती कृषक घरपरिवारहरुको स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर कुल लागत निकालिएको छ । जुन यस प्रकार तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२१**

**धान खेती कृषकको कुल लागत विवरण (रु. मा)**

| कुल स्थीर लागत | कुल परिवर्तनशील लागत | कुल लागत |
|---|---|---|
| ६,२९,८२७। | ३३,७९,७१५। | ४०,०९,५४२। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२१ मा नमुना छनोट धान खेती कृषक १०२ घरपरिवारको कुल स्थीर लागत, कुल परिवर्तनशील लागत र कुल लागतलाई देखाइएको छ । कुल स्थीर लागत रु. ६,२९,८२७।, कुल परिवर्तनशील लागत रु ३३,७९,७१५।, रहेको छ । कुल स्थीर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर कुल लागत निकालिएको छ । कुल लागत रु. ४०,०९,५४२।, रहेको छ । त्यसलाई निम्नानुसार निकालिएको हो ।

प्राप्त गरिएको तथ्याङ्क अनुसार,

कुल स्थीर लागत (TFC) = ६,२९,८२७।

कुल परिवर्तनशील लागत (TVC) =३३,७९,७१५।

कुल लागत (TC) = ?

सुत्र अनुसार,

कुल लागत (TC) = कुल स्थीर लागत (TFC) + परिवर्तनशील लागत (TVC)

= ६२९८२७ + ३३७८७१५

त्यसैले, कुल लागत (TC) = ४०,०९,५४२।

## ४.३ धान उत्पादनको वर्तमान अवस्था (Current Situation of Paddy Production)

यस अध्ययनमा धान खेतीमा संलग्न कृषकहरुको उत्पादन र लागत अध्ययनका लागी झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ३ नमुना छनोट क्षेत्रको धान उत्पादन प्रकृयामा कृषकले सर्वप्रथम धानको ब्याड राख्ने तयारी गर्दछन् । धानको ब्याड जेठको दोस्रो हप्तादेखी राख्न सुरु गर्दछन् । ब्याड दुई प्रकारको हुन्छ । पानी उपलब्ध हुने ठाउँमा हिले ब्याड र पानी उपलब्ध नहुने ठाउँमा सुख्खा ब्याड राखीन्छ । धानको ब्याड राख्न खनजोत गर्ने, झार केलाउन, गोवर मल माटोमा मिसाउनु पर्दछ । हिले ब्याड राख्डा पानी हालेर हिल्याउनु पर्दछ जब पानी सफा भई हिलो थिग्रिन्छ त्यसपछि विउ छर्न तयार भएको धानलाई  छरीन्छ । त्यसैगरी सुख्खा ब्याडको माटोमा मल मिसाएको ५/६ दिन पछि पुन खनजोत गरी माटो समथल बनाई तयार पारेको धानको विउ छरेर हाते काटेले ब्याड मिलाइन्छ । दुवै प्रकारको ब्याडको विउ ४ देखि ६ दिन सम्ममा टुसा उम्रिन्छ । धानको विउ उम्रेपछि हिले ब्याडको पानी कटानी गर्नुपर्छ । यसो नगरीएमा विउको टुसा घाम र तातो पानीले कुहिने डर हुन्छ । धानको विउ रोप्नका लागी २५ देखी ३० दिन सम्ममा तयारी भइसक्छ । विउ तयारी हुँदै गर्दा खेतको माटो जोतेर पानी हाली पकाउनु पर्छ । धान रोप्नु पूर्व खेतको पानी अन्यत्र नजावस भनेर खेतको आली सफा गर्ने साथै आली लगाउने काम गर्नुपर्दछ । विउ रोप्नको लागी तयार भएपछि विउ उखालिन्छ । त्यसपछि रोपाइको दिन खेतमा पानी आवश्यक मात्रामा राखेर जोताइन्छ । खेत तयार भएपछि, खेतको चारैतिर माछो वरावर हुने गरि मिलाएर धान रोपिन्छ । धान रोप्दा १० से.मि. को हारको दुरी र १५ से.मि. बोटको दुरी राखेर रोपिन्छ । धान रोपेको २४ देखि ३६ घण्टा भित्र रसायनिक मल (

यूरिया, डि.ए.पि.) र झार मार्ने औषधि लगाउनु पर्दछ। यदि धानमा झार आयो भने रोपेको १ महिनामा धान गोड्नु पर्दछ । धान रोपे देखी धानको फूल खेलेसम्म धानको प्रजाती अनुसार सिचाई गर्नु पर्दछ । यदि धान वालीमा कुनै प्रकारको रोग लागेमा कृषि विज्ञसँग परामर्श लिई उपचार गर्नुपर्दछ । धान फूल्ने बेलामा यूरिया मल आवश्यकता अनुसार लगाउनु पर्दछ। यसले धान चमेरा निस्कीन मद्दत गर्दछ। धानको प्रजाती अनुसार रोपेको ३ देखि ४ महिना सम्ममा धान चमेरा निस्की सक्छ। धानको बाला ८० देखी ९० प्रतिशत पाकेपछि काट्नु पर्दछ । यसो गर्दा धानको दाना झर्ने र बाला टुक्रीने समस्या कम हुन्छ । धान श्रमीक लगाएर र धान काट्ने मेसिनद्वारा पनि काट्न सकिन्छ । धान काटेको ४-७ दिन सम्ममा विटा बाँधेर धान झाट्ने काम गर्नुपर्दछ। धान विटा बाधेकै दिन अथवा २-३ दिनमा थ्रेसर लगाई झार्नु पर्दछ। धान विटा बाँधेर धेरै दिन राख्दा मुसाले काट्ने सम्भावना हुन्छ। धान झाटी सकेपछि धानलाई भण्डारण गर्नुपर्दछ र धान खेतीबाट उत्पादन भएको पराललाई पनि व्यवस्थापन गर्नुपर्दछ । अत : धान खेतीबाट दुई वस्तु धान र पराल मात्र उत्पादन हुने गर्दछ। जसलाई तल निम्नानुसार प्रस्तुत गरिएको छ।

### ४.३.१ धान (Paddy)

धान उत्पादन आवश्यक स्थिर र परिवर्तनशील साधन प्रयोग गरेर गरिन्छ । धान उत्पादन गर्नको लागी खेतीयोग्य जमिन, उचित जोताई, उन्नत विउ, मल, मन्सुन/पानि श्रमीक र श्रमको आवश्यकता पर्दछ। धान उत्पादन वृद्धिका लागी प्रयाप्त मन्सुन, उन्नत विउ, गुणस्तरिय मल साथै रेखदेखको पनि महत्वपूर्ण भुमिका रहेको हुन्छ। यस अध्ययनमा नमुना छनोट १०२ कृषक घर परिवारहरुले उत्पादन गरेको धानको परिमाणलाई तल तालिका ४.२२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२२**

**धानखेती कृषकको धान उत्पादन परिमाण (क्विंटलमा)**

| क्र.सं. | उत्पादीत वस्तु | कुल परिमाण | प्रति घर उत्पादन | प्रति कठ्ठा उत्पादन |
|---|---|---|---|---|
| १. | धान | १,८०९। | १७.७३५। | ०.९७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तलिका ४.२२ मा नमुना छनोट १०२ धान खेती कृषक घर परिवारले उत्पादन गरेको धानको कुल परिमाणलाई देखाइएको धान उत्पादन कुल परिमाण १,८०९ क्विंटल, प्रति घर धान १७.७३५ क्विंटल र प्रति कठ्ठ ०.९७ क्विंटल उत्पादन भएको पाइयो ।

यस अध्ययनमा नमुना छनोट परेका १०२ कृषक घरपरिवारको कुल जग्गालाई कठ्ठाबाट हेक्टरमा र उत्पादीत कुल धानको परिमाणलाई मेट्रीक टनमा तल तालिका ४.२३ देखाइएको छ ।

**तालिका ४.२३**

**धान लगाइएको क्षेत्रफल र उत्पादन**

| क्र.सं. | धान (क्विंटलमा) | धान ( टनमा) | क्षेत्रफल (कठ्ठामा) | क्षेत्रफल (हेक्टरमा) | प्रति हेक्टर (उत्पादन के.जी.मा) |
|---|---|---|---|---|---|
| १ | १,८०९। | १८०.९। | १,८४७। | ६२.५५। | २,८९२। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२३ मा नमुना छनोटमा परेका धान खेती कृषक घरपरिवारले धान लगाएको क्षेत्रफल र उत्पादनलाई देखाइएको छ । कृषकले जम्मा क्षेत्रफल १,८४७ कठ्ठामा धान १,८०९ क्विटंल उत्पादन गरेको थियो । उक्त धान लगाइएको क्षेत्रफल र उत्पादनलाई क्रमश मेट्रीक टन र हेक्टरमा बदल्दा १,८०९ क्विटल धान १८०.९ मेट्रीक टन र १,८४७ कठ्ठा जग्गा ६२.५५ हेक्टर क्षेत्रफल रहेको पाइयो भने प्रति हेक्टर धान २,८९२ के.जी. उत्पादन भएको पाइयो ।

आर्थिक वर्ष २०७७/७८ मा नेपालमा १४,७३,४७४ हेक्टर क्षेत्रफलमा धान खेती गरीएको थियो । उक्त धान खेतीबाट जम्मा ५६,२१,७१० मेट्रीक टन धान उत्पादन भएको थियो भने प्रति हेक्टर ३,८१५ के.जीं धान उत्पादन भएको थियो । आ.व. २०७७/७८ को धान उत्पादनको तुलनामा अध्ययन क्षेत्रको धानको उत्पादन कमी भएको देखीन्छ । अध्ययन क्षेत्रको धान उत्पादमा कमी देखीनुको मुख्य कारण सिंचाइको अभाव अथवा मन्सुनमा

आधारीत खेती प्रणाली रहेको पाइयो । यसका साथै उचित समयमा आवश्यक रसायनिक मलको अभाव हुने कृषि तालिमको अभाव भएकोले धानको उत्पादनमा कमी भएको पाइयो ।

### ४.३.२ पराल (Straw)

धान झाटी सकेपछी धानको बोटबाट पराल बन्दछ । पराल गाई बस्तुलाई खुवाउन, अर्गानिक मल बनाउन र च्याउ उत्पादन गर्न आवश्यक पर्दछ । पराल पनि धान खेतीबाट उत्पादन हुने वस्तु हो । यस अध्ययनमा धान खेती कृषकले प्राप्त गरेको परालको परिमाणलाई तल तालिका ४.२४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**धान खेती कृषकको पराल उत्पादन परीमाण (ट्रयाक्टरमा)**

| क्र.सं. | उत्पादीत वस्तु | कुल परिमाण | प्रति घर उत्पादन | प्रति कठ्ठा उत्पादन |
|---|---|---|---|---|
| १. | पराल | १७३। | १.७। | ०.०९। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२४ मा नमुना छनोट धान खेती कृषक घरपरिवारले उत्पादन गरेको परालको परिमाणलाई देखाइएको छ । पराल कुल परिमाण १७३ ट्रयाक्टर, प्रति घर १.७ प्रति कठ्ठा ०.०९ ट्रयाक्टर पराल उत्पादन भएको पाइयो ।

### ४.३.३ धान खेतीको कुल उत्पादन (Total Production of Paddy Farming)

यस अध्ययनमा नमुना छनोट परेको १०२ कृषक घरधुरीको धान खेतीबाट उत्पादन भएको पराल र धानको परिमाणलाई देखाइएको छ । सर्वेक्षणको आधारमा अध्ययन क्षेत्रमा धानको मुल्य प्रति क्विन्टल रु. ३,०००। रहेको पाइयो र परालको मुल्य प्रति ट्रयाक्टर रु. १,७००। रहेको पाइयो । धान खेतीबाट प्राप्त कुल उत्पादन नै कुल आम्दानी हो । त्यसैले धान र परालको परिमाणसँग धान र परालको प्रति मुल्य गुणन गरी कुल आम्दानीलाई पनि तालिका ४.२५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**धान खेतीको कुल उत्पादन**

| **क्र.सं.** | **उत्पादीत वस्तु** | **परिमाण** | **वस्तुको परिमाण × वस्तुको मुल्य = आम्दानी (रु.मा.)** | **प्रति कठ्ठा आम्दानी (रु.मा)** | **प्रति घर आम्दानी (रु.)** |
|---|---|---|---|---|---|
| १. | धान | १,८०९ क्विन्टल | १,८०९×३,०००=५४,२७,०००। | २,९३८.२७८। | ५३,२०५.८८२। |
| २. | पराल | १७३ ट्र्याक्टर | १७३×१,७००=२,९४,१००। | १५९.२३१। | २,८८३.३३३। |
| | जम्मा | | ५७,२१,१००। | ३,०९७.५०९। | ५६,०८९.२१। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२५ मा धान खेती गर्ने कृषकको कुल उत्पादन परिमाण सँगै आम्दानीलाई पनि देखाएको छ । कुल धान उत्पादन १,८०९ क्विन्टल रहेको छ भने कुल पराल उत्पादन १७३ ट्र्याक्टर रहेको छ । धान प्रति क्विन्टल रु. ३,०००। ले १,८०९ क्विन्टलको रु. ५४,२७,०००। आम्दानी भएको, प्रति कठ्ठा आम्दानी रु. २,९३८.२७८। र प्रति घर आम्दानी रु. ५३,२०५.८८२। प्राप्त भएको देखीन्छ साथै पराल प्रति ट्र्याक्टर १,७०० ले १७३ ट्र्याक्टरको रु. २,९४,१००। आम्दानी भएको, प्रति कठ्ठा परालको आम्दानी रु. १५९.२३१। र प्रति घर परालको आम्दानी रु. २,८८३.३३३। भएको देखिन्छ । प्रति कठ्ठा आम्दानी रु. ३,०९५.५०९। र प्रति घर आम्दानी रु. ५६,०८९.२१५। रहेको छ । कुल उत्पादनबाट प्राप्त कुल आम्दानी रु. ५७,२१,१००। रहेको छ ।

## ४.३.४ धान खेतीको औषत लागत (Average Cost of Paddy Farming)

यस अध्ययनमा अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ मा नमुना छनोट परेका १०२ कृषक घरपरिवारको कुल लागत, कुल परिवर्तनशील लागत र कुल स्थीर लागतको उत्पादनको परिमाणको आधारमा औषत कुल लागत औषत कुल परिवर्तनशील लागत र औषत कुल स्थीर लागतलाई तल तालिका ४.२६ मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२६

## धानखेतीको औषत लागत

| वस्तुको परिमाण | कुल स्थीर लागत | औषत स्थीर लागत | कुल परिवर्तनशील लागत | औषत परिवर्तनशील लागत | कुल लागत | औषत कुल लागत |
|---|---|---|---|---|---|---|
| १८०९ क्विन्टल | ६,२९,८२७। | ३४८.१६३। | ३३,७९,७१५। | १,८६८.२७८ | ४०,०९,५४२ | २,२१६.४४१। |
| १७३ ट्याक्टर | ६,२९,८२७। | ३,६४०.६१८। | ३३,७९,७१५। | १९,५३५.९२४ | ४०,०९,५४२। | २,३१७६.५४३। |
| | | ३,९८८.७८१। | | २१,४०४.२०२। | | २५,३९२.९८४। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तलिका ४.२६ मा नमुना छनोटमा परेका १०२ कृषक घरपरिवारको औषत स्थीर लागत, औषत परिवर्तनशील लागत र औाषत कुल लागतलाई देखाइएको छ । औषत लागत पत्ता लगाउन उत्पादन परिमाण आवश्यक पर्दछ । उक्त अध्ययन क्षेत्रको धानको उत्पादन परिमाण  परालको परिमाणले कुल स्थीर लागत, कुल परिवर्तनशील लागत र कुल लागतलाई भाग गरेर धान र परालको औषत स्थीर लागत रु. ३,९८८.७८१।, औषत परिवर्तनशील लागत रु. २१,४०४.२०२। र औषत कुल लागत रु. २५,३९२.९८४। निकालिएको छ ।

### ४.३.५ धान खेतीको नाफा (Profit of Paddy Farming)

खर्च भन्दा बढि आम्दानीको रकम नै नाफा हो । कुनै पनि कृषक वा व्यवसायीले वस्तु तथा सेवा उत्पादन गरेको खर्च कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ । हरेक आर्थिक गतिविधमा नाफा कमाउने उद्देश्य राखिएको हुन्छ । तसर्थ उत्पादन कार्यमा गरिएको कुल लगानी र कुल उत्पादनबाट प्राप्त हुने कुल आय विचको अन्तर नै नाफा हो । न्युनतम लागतमा अधिकतम नाफा आर्जन गर्नु प्रत्येक व्यक्ति, व्यवसायी, कृषकहरुको लक्ष्य हो । यस अध्ययनमा धान खेती कृषकले धान खेती गर्दा भएको खर्च भन्दा उत्पादन धेरै होस्, वर्षदिन

उपभोगको लागी पुगोस् र धेरै भएको धान बेचेर आर्थिक समस्या हल गर्न पाइयोस् भन्ने कुरा सर्वेक्षणमा पाइयो । तर धान उत्पादन खर्च सँगै मन्सुनमा पनि भर पर्ने भएकोले गर्दा कुनै वर्ष लगानी भन्दा कम उत्पादन पनि हुने कुरा थाहा पाइयो । यस अध्ययनमा धान खेतीको उत्पादन र लागत अन्तर्गत अध्ययन क्षेत्रको नमुना छनोट १०२ कृषक घरपरिवारले धानको ब्याड राखेदेखी धान भण्डार सम्मको सम्पुर्ण खर्चलाई कुल लागत भनि व्याख्या गरिएको छ भने धान खेतीबाट उत्पादीत धानको परिमाण र परालको परिमाणलाई कुल उत्पादन तथा आम्दानी भनी व्याख्या गरिएको छ । शुद्ध नाफा जहिले पनि कुल आम्दानीमा कुल लागतलाई घटाएर निकालिन्छ । कुल उत्पादनलाई उक्त वस्तुको मुल्यले गुणा गरे कुल आम्दानीमा कुल लागतलाई घटाएर मात्र प्राप्त गर्न सकिन्छ यस अध्ययनमा पनि कुल नाफा निकाल्न कुल आम्दानीमा कुल लागत घटाइएको छ । अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ बाट नमुना छनोट १०२ कृषक घरपरिवारमा प्रत्यक्ष स्थलगत सर्वेक्षणको क्रममा संकलन गरिएको धान खेतीको लागत र आम्दानीको आधारमा धान खेतीबाट प्राप्त कुल नाफालाई निम्नानुसार तल तालीका ४.२७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२७**

**धान खेतीको कुल नाफा (रु. मा)**

| कुल आम्दानी | कुल लागत | कुल नाफा |
|---|---|---|
| ५७,२१,१००। | ४०,०९,५४२। | १७,११,५५८। |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२७ मा धान खेतीको नाफालाई देखाइएको छ । जसमा धान खेतीको कुल आम्दानी रु ५७,२१,१००। बाट धान खेतीको कुल लागत रु. ४०,०९,५४२। घटाउँदा प्राप्त भएको रु. १७,११,५५८। उक्त धान खेतीको कुल नाफा रहेको पाइयो ।

### ४.३.६ कृषकले धान खेती गर्नुका कारण (Reason of Paddy Farming by Farmers)

धान खेती जिवन निर्वाह मुखी खेती हुँदै आइरहेको छ । जिवन निर्वाह कै लागी मात्र उत्पादन गर्नुको कारण बजारमा धानको मुल्य कृषकले सोचे अनुरुप वा लगानी उठाउने

अनुरुप नहुनु हो । धान खेती गर्ने कृषकमा धान उत्पादन गर्ने उत्साह नहुँदा र सिचाई सुविधा अभावले पनि धान उत्पादनमा असर पुग्दछ । कृषकले धान उत्पादन विभिन्न कारणले गरेको हुन्छ । अध्ययन क्षेत्रमा नमुना छनोट १०२ घरधुरी कृषकहरुसँग धान खेती के का लागी गर्नुहुन्छ भन्ने प्रश्न गरिएको थियो । उक्त प्रश्नको उत्तरलाई तल तालिका ४.२८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२८**

**धान खेती गर्ने कारण र घरधुरी संख्या, २०७७**

| क्र.सं. | धान उत्पादन गर्ने कारण | कृषक घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोगका लागि | ६० | ५८.८२ |
| २. | बेच्नका लागि | ० | ० |
| ३. | उपभोग तथा बेच्नका लागि | १७ | १६.६७ |
| ४. | धेरै हुँदा बेच्नका लागि | २५ | २४.५१ |
| | जम्मा | १०२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.२८ मा नमुना छनोट परेका कृषकले धान उत्पादन गर्ने कारण र घरधुरी विवरणलाई प्रस्तुत गरिएको छ । नमुना छनोट १०२ धान खेती कृषक घरधुरी मध्ये ६२ घरधुरीले धान उत्पादन उपभोगको लागी मात्र गर्ने, १७ घरधुरीले उपभोग तथा बेच्नका लागी मात्र गर्ने, २५ घरधुरीले धेरै हुँदा बेच्नका लागि मात्र उत्पादन गर्ने पाइयो । धान उत्पादन बेच्नका लागी मात्र भनेर उत्पादन गर्ने घरधुरी नभएको पाइयो । प्राप्त तथयाङ्कका आधारमा सबैभदा धेरै उपभोगका लागी मात्र उत्पादन गर्ने कृषक घरधुरी पाइयो ।

## ४.४ धान उत्पादन लागत र उत्पादन विचको तुलना (Comparison between Paddy's Cost and Production)

तुलनाको अर्थ कुनै दुई वस्तु विच गुणात्मक र परिमाणात्मक गुणको आधारमा फरक देखाउनु हो । तुलना एउटै वस्तुको राम्रो र नराम्रो पक्षमा पनि गर्न सकिन्छ भने कुनै

दुई वस्तुको गुणको आधारमा पनि गर्ने गरिन्छ । साथै धेरै वा कम परिमाणको आधारमा पनि गर्ने गरिन्छ । यस अध्ययनमा तुलना धान उत्पादन गर्न लागेको लागत र धान उत्पादन विच गरिएको छ । धान खेती गर्दा विभिन्न शिर्षक जस्तै : विउ, मल, विद्युत महसुल, श्रमीक ज्याला, खाना, ट्र्याक्टर ज्याला, ढुवानी ज्याला विषादी, किटनासक औषधी आदीमा खर्च गरएको हुन्छ । यि विभिन्न शिर्षकमा खर्च गरेर धान खेती गर्दा उत्पादन भने धान र पराल मात्र हुने गर्दछ । यहाँ धान उत्पादन गर्न लाग्ने खर्च र उत्पादन भएको आम्दानीलाई तुलना गरेर खर्च अनुरुप उत्पादन भए नभएको, लागत भन्दा उत्पादन धेरै भएको अथवा लागत भन्दा उत्पादन कम भएको भनि परिमाणात्मक तुलना गरिएको छ । अध्ययन क्षेत्र नमुना छनोट घरधुरीबाट प्राप्त तथ्याङ्कको आधारमा धान उत्पादन लागत र उत्पादन विचको तुलना निम्नानुसार गरिएको छ ।

**तालिका ४.२९**

**धान खेती कृषकको लागत तथा उत्पादन**

| क्र.सं. | शिर्षक | कुल (रु.मा.) | प्रतिकठ्ठा रु.मा | प्रतिघर रु.मा |
|---|---|---|---|---|
| १. | उत्पादन | ५७,२१,१००। | ३,०९७.५०९। | ५६,०८९.२१५। |
| २. | लगत | ४०,०९,५४२। | २,१७०.८४०। | ३९,३०९.२३५। |
|  | बाँकी | १७,११,५५८। | ९२६.६६९। | १६,७७९.९८। |

तालिका ४.२९ मा धान खेती कृषकको कुल लागत र कुल उत्पादनलाई देखाइएको छ । अध्ययन क्षेत्रको नमुना छनोट २०१ कृषक घरधुरीको धान खेतीमा लागेको कुल खर्च र उत्पादन मुल्यबाट धान खेतीमा लागेको कुल खर्च र उत्पादन मुल्यबाट धान उत्पादनको लागत र उत्पादनको तुलना गरिएको छ । कृषकले उत्पादनबाट कुल मुल्य रु. ५७,२१,१००। प्राप्त गरेको छ भने कुल खर्च रु. ४०,०९,५४२। खर्च गरेको देखिन्छ । उत्पादनबाट प्राप्त आम्दानीमा कुल खर्चलाई घटाउँदा बाँकी रु. १७,११,५५८। रहेको छ । त्यो नै नाफा हो । यहाँ उत्पादन मुल्य, बढि देखिन्छ । त्यस्तै प्रतिकठ्ठा उत्पादन मुल्य रु. रु. ३,०९७.५०९। मा प्रतिकठ्ठा लागत रु. २,१७०.८४०। घटाउँदा प्रति कठ्ठा नाफा रु. ९२६.६६९। रहेको छ । त्यसैले प्रतिघर उत्पादन मुल्य रु. ५६,०८९.२१५। मा प्रतिघर खर्च रु. ३९,३०९.२३५। लाई घटाउँदा नाफा प्रतिघर रु. १६,७७९.९८। प्राप्त भएको देखीन्छ । प्रति कठ्ठा आय रु.

९२६.६६९। र प्रति घर आय रु. १६,७७९.९८। रहेको छ । यसरी धानको लागत र उत्पादनलाई तुलना गर्दा लागत भन्दा उत्पादन बढि भएको पाइएको छ । उत्पादन बढि भएता पनि लगानीका आधारमा उत्पादन उत्साहजनक नभएको पाइएको छ ।

## ४.५ धान खेतीको लागत कम र उत्पादन वृद्धि गर्ने उपायहरु (Measures to Decrease Cost and Increase Production of Paddy Farming)

यस अध्ययनमा अध्ययन क्षेत्रको १०२ कृषक घरपरिवारमध्ये लामो समय धान खेती गर्दै आउनुभएको १० जना कृषकहरुसँग गरिएको सामुहिक छलफलबाट प्राप्त नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ लागत कम गर्ने उपायहरु (Means to Decrease Cost)

- धान उत्पादनका लागी अति आवश्यक तत्वहरु जस्तै : रासायनिक मल, सुक्ष्म खाद्य तत्व, विउविजन आदिको मुख्य सरकारले सुपथ बनाउनु पर्दछ ।
- कृषि औजारहरु कृषि अनुदानबाट उपलब्ध गराउनुपर्दछ । जसले गर्दा श्रमीकको अभावमा वृद्धि भएको ज्याला तिरेर श्रमीक लगाउन नपरोस् ।
- सिचाईको अभावमा धानवालीमा लाग्ने रोगलाई निर्मुल गर्न अपनाउनुपर्ने खर्चिलो विधि भन्दा सिंचाइको सुविधा वडा तथा नगरपालिकाले उपलब्ध गराउनु पर्दछ ।
- गोवर मलको अभावमा कम्पोष्टमल बनाउने र प्रयोग गर्ने गर्नुपर्दछ ।
- आधुनिक धानको विउ कृषकहरुलाई उचित समयमा अनुदान गर्नुपर्दछ ।

### ४.५.२ उत्पादन वृद्धि गर्ने उपायहरु (Means to Increase Cost)

- आवश्यक रसायनिक मलको सन्तुलित प्रयोग गर्नुपर्दछ ।
- रसायनिक मल भन्दा गोठेमल अथवा कम्पोष्ट मल बढि प्रयोग गर्ने ।
- धानको वीउ उन्नत जातको प्रयोग गर्नुपर्दछ ।
- धानको विउको लागी विउ छान्ने विधी अपनाएर विउ राख्नुपर्दछ ।
- जग्गालाई राम्रोसँग खनजोत र मलजल गर्नुपर्दछ ।
- धानखेती गोडमेल तथा स्याहार गर्नुपर्दछ ।

- सिचाई उचित तरिकाले गर्नुपर्दछ ।
- कृषकलाई धानखेती सम्बन्धी तालिम गराउनुपर्दछ ।

## ४.६ धान उत्पादनमा देखीएका समस्या (Problems of Paddy Production)

धानको उत्पादन र उत्पादकत्व बढाउन विभिन्न प्रविधिहरुको उचित उपयोग हुनु जरुरी छ । त्यसमा पनि धान खेतीमा लाग्ने रोग किराहरुको व्यवस्थापनको लागी रोग किराहरुको पहिचन गरी त्यसको सहि व्यवस्थापन पद्धती अपनाउनु पर्ने हुन्छ । रोग किराको सहि पहिचान हुन सकेमा त्यसको व्यवस्थापनमा गरिने विभिन्न कार्य तथा प्रयोग हुन विभिन्न विषादी अनावश्यक, अनियन्त्रत रुपमा प्रयोग हुन गई अर्को तर्फ विषादीको जथाभावी प्रयोगबाट रोग किराको क्षमतामा वृद्धि हुने, महामारीको रुपमा पुर्नस्थापनाको तथा मानवस्वस्थ्य र वातावरणमा विभिन्न नकरात्मक असर पुऱ्याउने हुन्छ ।

यस अध्ययनको अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को नमुना छनोटमा परेका १०२ कृषक घरधुरीको धान खेती सम्बन्धी अध्ययन गर्दा विभिन्न समस्याहरु रहेको पाइयो ति समस्याहरुमा धान खेतीमा लाग्ने रोग, सिचाइको अभाव, तालिमको अभाव, अर्गानिक र रशायनीक मलको अभाव, आवश्यक प्रविधिको अभाव रहेको पाइयो । यस अध्ययन क्षेत्रको धान खेतीमा देखा परेका समस्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.६.१ धान खेतीमा लाग्ने रोग तथा नियन्त्रणका उपायहरु (Diseases and Control Measures of Paddy Farming)

यस अध्ययन क्षेत्रको नुमना छनोटमा परेका १०२ घरधुरी कृषकसँग धन खेतीको बारेमा अन्तरवार्ता लिँदा, छलफल गर्दा निम्न रोग तथा नियन्त्रणका उपायहरु पाइयो ।

**क) धमीराको समस्या :** धमिरा धान रोपेको खेतमा लामो समय सम्म पानी नहुँदा लाग्दछ । धमीराले धानको बोटको जरामा आक्रमण गर्ने गर्दछ । धमीराले धानको जरा काट्ने हुनाले धानको वोटको कलीलो मुना वा पातबाटै पहेंलो भएर त्यसको डाँठसम्म पहेँलो हुन्छ । धमिरा प्रायजसो धान रोपेर हरियो फर्किदै गर्दा पानीको अभावले लाग्ने गर्दछ । यसलाई वेलैमा नियन्त्रण नगरे धमीरा लागेको बालीमा खेतको ठाउँ ठाउँ खाली

बनाउँछ । यसलाई नियन्त्रण गर्न खेतमा पानी लगाई राख्ने साथै चुनालाई पानीमा मिसाएर हाल्ने ।

**ख) फौजीकीरा :** फौजिकिराले धानको बालाहरु टुक्राउने गर्दछन् । अनी फौजी किराको लार्भाले धानको बोटलाई नागैं बनाउने गर्दछ । यसलाई नियन्त्रण गर्न सिचाईको व्यवस्था गर्ने १६ लिटर पानीमा ५० मि.लि. मिन्चुप्लस मिसाएर प्रति कठ्ठा छर्ने ।

**ग) पतरो :** पतेरो धानको माउ र बच्चा दुवैलाई हानीकारक हुन्छ । धानमा फूल फूल्न थालेपछि र धानमा दुध पस्न थालेपछि यि कीराहरुले आफ्नो तिखो सुडले दानालाई छेडेर भित्रको दुध चुस्दछ । पातमा बढी आक्रमण भएमा बोट नै पहिंलिन्छ र बालामा आक्रमण गरेको छ भने दानाहरुमा खैरा दाग देखीने दाना फोस्रा हुने हुन्छ । यसका नियन्त्रणका लागी खेतवारीमा झार पात हटाउने, सुर्तीको झोल पानीले धानका वालाहरुमा उपचार गर्ने अथवा १६ लिटर पानीमा ४० मि.लि. कोलोरो साइफर मिसाएर प्रति कठ्ठा छर्ने ।

### ४.६.२ धान खेतीका अन्य समस्याहरु (Other Problems of Paddy Farming)

अध्ययन क्षेत्रमा उत्पादन गरिने धान खेतीमा विभिन्न समस्या रहेका छन् । ति पक्षहरुलाई समयमा नै पहिचान गरी समाधान गर्न सकेमा धान खेतीलाई जिवन निर्वाहाको रुपमा मात्र नभई व्यवसायीक रुपमा अगाडी बढाउन सकिनेछ । तसर्थ धान खेतीको स्थलगत अध्ययन गरी त्यसबाट प्राप्त विवरणका आधारमा निम्न समस्याहरु रहेको पाइयो ।

**क) सिचाईको अभाव :** धान उत्पादन वृद्धि राष्ट्रको आवश्यकता हो । धानको उत्पादन बढाउनु भनेको राष्ट्रको खाद्यान्न आपूर्ति बढ्नु र कुलगर्हास्थ उत्पादनलाई टेवा पुऱ्याउनु हो । धान उत्पादन वृद्धि हुनलाई सिचाईको महत्वपूर्ण भूमीका रहेको हुन्छ । अध्ययन क्षेत्रका नमुना छनोट १०२ कृषक घरधुरी कृषकसँग लिएको अन्तरवार्ताको आधारमा धान खेती गर्नका लागी सिचाईको समस्या रहेको पाइयो । १०२ नमुना घरधुरी मध्ये ७६ कृषक घरधुरी मन्सुन कुलोमा निर्भर रहेको पाइयो । मन्सुन कुलो मन्सुनमा नै भर हुने भएकाले धान खेतीको बेला पानी नपर्दा कुलो सुकेर सिचाई गर्न नपाएको पाइयो । २६ नमुना घरधुरीले विद्युतबाट सञ्चालन वोरिङ्ग सिचाईका लागी

प्रयोग गरिएको पाइयो । मन्सुन नहुँदा बोरिङ्गबाट सिचाई गर्न समस्या भएको पाइयो । बोरिङ्ग विद्युत भोल्टेज कम हुँदा पानी नतान्ने र बत्ती गईरहने समस्याले गर्दा फलदायी सिचाईमा अभाव भएको पाइयो ।

ख) **कृषि तालिमको अभाव :** अध्ययन क्षेत्रमा धान खेती कृषकसँग लिइएको अन्तरवार्ताको आधारमा कृषि तालिम नदिइएको पाइयो । भद्रपुर नगरपालीको वडा नं. ३ को कार्यालयबाट कृषि सम्बन्धि बाखा पालन, कुखुरा पालन, तरकारी खेतीको तालीम दिइए पनी धान खेतीको बारेमा तालीम नदिइएको पाइयो । धान उत्पादनले देशको लागी कुल गार्हस्थ उत्पादनमा योगदान बढाउँछ भन्ने थाहा हुँदाहुँदै धान खेती कृषकले प्रभावकारी तालीम नपाएकाले कृषकलाई गुणस्तरीय विउ छनोटमा समस्या, सिचाइबारे अन्योलता, प्रत्ति कठ्ठा मल परिमाणमा अनविज्ञ, रोग लाग्न नदिन र रोग नियन्त्रणका उपायहरुमा अनविज्ञ भएको पाइयो । धान खेती कृषकहरुसँग अहिले पनि परम्परागत प्रणाली अनुसार धान खेती गरेको पाइयो ।

ग) **मलको अभाव :** खेतीयोग्य जमिनको माटोमा उर्वराशक्ती हुनुपर्दछ । माटोलाई खुकुलो र उर्वरा बनाउनलाई मल चाहिन्छ । मल राशायनिक र अर्गानीक गरेर दुई खालको हुन्छ । हिजो आज गाउँघरमा गाई वस्तु पाल्ने चलन हराउँदै गएकोले गोवर मल अभाव भएको पाइयो । अध्ययन क्षेत्रका कृषकहरुले अर्गानिक मल पाएपनी एक ट्याक्टर वरावर तिन हजार तिरेको पाइयो । अर्गानीक मलको मूल्य धेरै भएपनि मल नपाउने समस्या रहेको पाइयो । रशायनिक मल (डि.ए.पी., यूरिया, पोटास) कृषकले उचित समयमा नपाएको पाइयो । मल पाएपनि कृषि डिपो अनुसार फरक-फरक मुल्यमा बेच्ने जानकारी कृषकबाट पाइयो । समयमा र सुपथ मूल्यमा मल नपाउँदा कृषकहरु मर्कामा परेको पाइयो ।

घ) **प्रविधिको अभाव :** अध्ययन क्षेत्रमा कृषकहरुद्वारा प्रविधिको अभाव रहेको पाइयो । प्रविधिले मानीसलाई काम छिटो र छरितो गर्न मद्दत पुग्छ । धान रोपाई मन्सुनमा नै भरपर्ने हुनाले रोपाईको लागी मन्सुन नै मौका छोप्नु पर्ने हुँदा खेत जोत्नका लागी ट्रयाक्टर बोलाएको समयमा नआएको पाइयो । धान रोप्ने र काट्ने मेसिन अध्ययन क्षेत्रमा उपलब्ध नभएको पाइयो । जसले गर्दा महंगो ज्यालादार श्रमीक लगाएको पाइयो, धान झार्ने थ्रेसरको समस्या नभएको पाइयो ।

### ४.६.३ समस्या समाधान गर्ने उपाय (Measures to Solve Problems)

यस अध्ययन क्षेत्रको नमुना छनोट १०२ घरधुरी कृषकहरुसँग धान उत्पादन गर्न विभिन्न समस्याहरु रहेको पाइयो । उक्त अध्ययन क्षेत्रमा कृषकहरुसँग समस्या समाधानका उपायहरु के-के हुन सक्लान् साथै धान उत्पादन वृद्धि गर्ने उपाय के-के होला भनि गरिएको प्रश्नमा प्राप्त उत्तरलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

#### क) वोरिङ्ग तथा सौर्य सिचाई उपलब्ध गराउने

अध्ययन क्षेत्रमा धान खेती कृषकहरुमा सबैभन्दा धेरै सिचाइको समस्या रहेको पाइएको छ । यो समस्या समाधनका लागी जिल्ला कृषि विकासबाट कृषि अनुदानमा बोरिङ्ग उपलब्ध हुनुपर्ने बताएका छन् । यसरी अनुदानमा वोरिङ्ग उपलब्ध भए आर्थिक भार नहुने बताएका छन् । विद्युतको पहुँच सवैतिर भएपनि खेतको विच-विच नहुने हुँदा सोलारबाट बोरिङ्ग चलाउनुपर्ने हुन्छ । सबैले सोलार सहित वोरिङ्ग व्यक्तिगत खर्चबाट राख्न नसक्ने भएकोले गर्दा कृषिबाट बोरिङ्ग अनुदान पाउनुपर्ने कुरामा जोड पाइयो । र अर्को उपायमा कृषकहरुले बाह्रै महिना पानि निकाल्ने भुमिगत सिचाईको सुविधा वडा कार्यालयले गर्नुपर्नेमा पनि जोड दिएका छन् ।

#### ख) तालिमको व्यवस्था गराउने

अध्ययन क्षेत्रमा कृषकहरुले अर्को उपायमा धान खेतीको कृषि तालिमको व्यवस्था जोड दिएका छन् । धान उत्पादन वृद्धि गर्नका लागि धान खेती कसरी गर्ने भन्ने कुरा सबैलाई राम्रोसँग जानकरी नहुँदा परम्परागत प्रणालीमा आधारीत खेतीले उत्पादन वृद्धि हुन नसकेको कुरा बताएका छन् । कृषि तालिमले धान खेती कृषकलाई दक्ष कृषक बनाउने कुरामा जोड दिएका छन् । धान खेती गर्नलाई पूर्ण रुपमा प्रति कठ्ठा अनुसार मल, पानिको मात्रा, धानमा लाग्ने किराहरुको जानकारी आदी प्रक्रियाहरुमा जनकार हुनुपर्ने कुरामा जोड रहेको छ ।

### ग) सुफथ मुल्य

धान खेती गर्दा किसानलाई विउ विजनको समस्या नदेखीएपनि मल, शुक्ष्म खाद्य तत्व र जिंकको मुल्य चर्को रहेको बताए। कृषकहरुको अनुसार सुफथ मुल्यमा मल उपलब्ध भए खेतमा मलको अभाव नहुने कुरामा जोड दिएका छन्।

### घ) कृषि सुचना प्रवाह

धान खेतीको कृषकहरुलाई झापा जिल्ला १ सुपरजोन र ३ वटा जोन घोषित जिल्ला भनेर थाहा नभएको कुरा सर्वेक्षणमा थाहा पाइयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत झापाको कचनकवल र भद्रपुर नगरपालिका ३ वटा वडामा धान सुपरजोन सञ्चालन भएको कुरा थाहा नभएको साथै सुचना पनि प्राप्त नभएको बताएका छन्। सुचना प्राप्त भए प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजाबाट धान खेती कृषकलाई लाभ हुने कुरामा जोड पाइयो । सुचना प्रभावकारी रुपमा प्रवाह भइदिएको भए कृषी कार्यलयबाट दिएको सुविधा उपयोग गरी अर्थिक स्तरोन्नति हुने कुरामा जोड दिएका छन्।

# अध्याय पाँच (CHAPTER FIVE)

# सारशं, निष्कर्ष र सुझाव (SUMMARY, CONCLUSION AND RECOMMENDATIONS)

यस अध्यायमा अध्याय चारमा गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषणको आधारमा सारांश, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ सारांश (Summary)

यस अध्ययनको शिर्षक "भद्रपुर नगरपालिकामा धानको उत्पादन र लागतको अध्ययन" रहेको छ । यस अध्ययन कार्य सम्पन्न गर्नको लागी विभिन्न सैद्धान्तिक तथा अनुसन्धानात्मक साहित्य, यस शिर्षक सँग सम्बन्धित पूर्व अध्ययन, खोजका साथै प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरी विस्तृत अध्ययन गरिएको छ । यस अध्ययनको साधारण उद्देश्य धानको उत्पादन र लागतको अध्ययन गर्नु रहेको छ भने यस अध्ययनको विशिष्ट उद्देश्य अन्तर्गत अध्ययनमा नमुना छनोट १०२ घरधुरी कृषकको धान उत्पादनको लागत पत्ता लगाउनु, धान उत्पादनको वर्तमान अवस्था अध्ययन गर्नु र धानको उत्पादन लागत र उत्पादन विचको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । यि विशिष्ट तथा सामान्य उद्देश्यहरु पुरा गर्नका लागि भद्रपुर नगरपालिकाको वडा नं. ३ मा बसोबास धान खेती कृषक १०२० मध्ये १०२ घरपरिवारलाई नमुनाको रुपमा छनोट गरिएको थियो । छनोटमा परेका १०२ कृषक घरपरिवारलाई अर्न्तवार्ता तथा छलफलको माध्यमबाट तथ्याङ्कको संकलन गरि अध्ययन तथा विश्लेषण गरिएको थियो ।

यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि अध्ययन क्षेत्रको नमुना छनोटमा परेको १०२ घरधुरीको धान उत्पादनको लागत, धान उत्पादनको वर्तमान अवस्था, धान उत्पादनको लागत र उत्पादनको तुलना, धान खेतीमा देखापरेका समस्या तथा समाधानका उपायसँग सम्बन्धीत रहेर प्रश्नावली, प्रत्यक्ष अन्तर्वार्ता र लक्षित समुह छलफलको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा द्वितीय तथ्याङ्क संकलनका लागी राष्ट्रिय कृषिनिती, अर्थमन्त्रालय, यस अध्ययनसँग सम्बन्धित प्रकाशित लेख तथा अप्रकाशित शोधपत्र, झापा जिल्लाको पार्श्वचित्र, भद्रपुर नगरपालिकाको नगर

प्रोफाइल, वडा कार्यालयको प्रतिनिधि, राष्ट्रिय योजनाद्वारा प्रकाशित योजनाको माध्यमद्वारा द्वितीय तथ्याङ्कको संकलन गरिएको छ । यसरी प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्याङ्कलाई तालिका तथा चित्रको माध्यमबाट व्याख्या तथा विश्लेषण गरि नतिजा निकालिएको छ । जसको सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१) भद्रपुर नगरपालिकाको कुल जनसंख्या ६५,५३३ रहेको छ । जसमध्ये पुरुष ३४,५७५ र महिला ३०,९५८ जना रहेका छन् । यस नगरपालिकामा १५,२७० घरपरिवारको बसोबास रहेको छ ।

२) यस नगरपालिकामा जातीगत आधारमा सबैभन्दा बढि घरपरिवार पहाडी ब्राह्मण/क्षेत्री रहेको पाइयो भने धर्मगत आधारमा सबैभन्दा बढि जनसंख्या हिन्दु धर्मावलम्बीहरु रहेका छन् ।

३) भद्रपुर नगरपालिकामा बालविकासकेन्द्र ३१, सामुदायिक विद्यालय ३१, संस्थागत ३१, क्याम्पस २ र मदरसा २ वटा गरी जम्मा ९७ वटा शैक्षिक सस्थाहरु रहेका छन् ।

४) भद्रपुर नगरपालिकामा कुल ६१२ विघा जग्गा कृषि कार्यका लागि उपयोग गरिएको छ । खेतको रुपमा प्रयोग भएको जमिन २,०५,७३९ कठ्ठा र बारीको रुपमा प्रयोग भएको जमीन ५३,४६४ कठ्ठा रहेको छ ।

५) भद्रपुर नगरपालिकामा खाद्यान्न पर्याप्तताको अवस्थालाई हेर्दा ३ महिना सम्म खान पुग्ने घरपरिवार ४,३५३, ४ देखी ६ महिनासम्म खान पुग्ने घरपरिवार २,७८३, ७ देखी ९ महिना सम्म खान पुग्ने घरपरिवार १,७९५, ९ देखी वर्षदिन सम्म खान पुग्ने घरपरिवार २,५१५ र वर्ष दिन पुगेर बचत हुने घरपरिवार ३,८२४ रहेको छ ।

६) भद्रपुर नगरपालिकाको सिचाई सुविधालाई हेर्दा विभिन्न ३० वटा सिचाई सुविधा उपलब्ध रहेको छ । जसबाट १,९४८ विघामा सिंचाई सुविधा उपलब्ध भइरहेको छ र प्रत्यक्ष रुपमा १,९८६ घरपरिवार लाभान्वित रहेका छन् ।

७) अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को कुल जनसंख्या ६,०९३ रहेको छ । जसमा महिला २,७९९ र पुरुष ३,२९४ रहेको छ । यस नगरपालिकाको वडा नं. ३ मा १,३९० घरपरिवार रहेको छ ।

८) अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को धर्मगत आधारमा सबैभन्दा बढि जनसंख्या हिन्दु धर्म मान्ने रहेको छ ।

९) अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ मा कुल धान खेती घरपरिवार संख्या १,०२० रहेको छ । जसबाट १०२ धान खेती घरपरिवारलाई समान सम्भावनायुक्त नमुना छनोट विधीबाट नमुना आकारको रुपमा छनोट गरिएको छ ।

१०) नमुना छनोटमा परेका १०२ धान खेती कृषक घरपरिवारमा कुल जनसंख्या ५२२ रहेको पाइयो । जसमा महिला संख्या २५२ र पुरुष संख्या २७० रहेको पाइयो ।

११) नमुना छनोटमा परेका १०२ धान खेती कृषक घरपरिवारमा ६१ घरधुरी एकल र ४१ घरधुरी संयुक्त पारिवारिक संरचना भएको पाइयो ।

१२) नमुना छनोटमा परेका १०२ धान खेती कृषक घरपरिवारमध्ये जातिगत आधारमा सबैभन्दा बढि घरपरिवार क्षेत्री समुदायबाट भएको पाइयो । धर्मगत आधारमा सबैभन्दा बढि घरधुरी हिन्दु धर्म मान्ने कृषक पाइयो ।

१३) नमुना छनोटमा परेको १०२ धान खेती कृषक घरपरिवारले कुल १८४७ कठ्ठामा धान खेती गरिएको पाइयो । धान खेती गर्ने कृषकहरुसँग ५ कठ्ठा देखी ८० कठ्ठा सम्म आफ्नै तथा घरपरिवारको स्वामीत्वमा रहेको पाइयो । १ विघा भन्दा कम जगा भएको ५८ घरधुरी, १-२ विघा सम्म ४० घरधुरी र २-४ विघासम्म ४ घरधुरी रहेको पाइयो ।

१४) अध्ययन क्षेत्रमा नमुना छनोट परेको १०२ कृषक घरपरिवार मध्ये ६२ घरपरिवारलाई उपभोगका लागी धान वर्षदिन खान पुगेर धान बचत भएको, ९ देखी १२ महिनासम्म धान खान पुग्ने २६ घरधुरी, ७ देखी ९ महिनासम्म धान खान पुग्ने ६ घरधुरी र ४ देखी ६ महिना सम्म मात्र खान पुग्ने ८ घरधुरी रहेको पाइयो ।

१५) यस अध्ययनको अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका १०२ धान खेती कृषकहरुमध्ये रन्जित धान ८४ घरधुरी, कोमल तथा रामपुरे दुवै धान ७ घरधुरी, रामधान २ घरधुरी, मिथिला धान २ घरधुरी, सोना मन्सुली २ घरधुरी, राधाबारा २ घरधुरी र बेनामी धान ३ घरधुरीले लगाएको पाइयो ।

१६) यस अध्ययनको अध्ययन क्षेत्रमा धानको विउको मुल्य प्रति कि.ग्रा. क्रमश : रन्जित रु ७०।, रामपुरे रु. ७५।, रामधान रु. ७५।, मिथिला रु. ६०।, सोना मन्सुली रु. ८०।, बेनामी रु. ५०।, कोमल धान रु. ८०। र राधाबारा रु. ५०। रहेको पाइयो ।

१७) नमुना छनोटमा परेको १०२ कृषक धरधुरीले गोवर मल र रासायनीक दुवै प्रयोग गरेको पाइयो । अर्गानिक मलको मुल्य प्रति ट्रयाक्टर रु. ३,०००। र रासायनिक मलहरु प्रति कि.ग्रा. क्रमश : डि.ए.पी. रु. ५०।, यूरिया रु. २०। र पोटास रु. ४०। भएको पाइयो । झार निर्मुलको लागी प्रति विघा ५०० मि.लि. पेट्रोला कलर (रेसर) विषादी प्रयोग गरीएको पाइयो ।

१८) नमुना छनोटमा परेका १०२ कृषकले धान खेती सिचाई गर्नको लागि मनसुनमा आधारीत कुलो ७६ घरधुरी, विद्युतीय बोरिङ्ग २६ घरधुरी कृषकले प्रयोग गरेको पाइयो । विद्युतीय बोरिङ्ग प्रति यूनिट रु. ८ ले तिरेको पाइयो ।

१९) नमुना छनोटमा परेको १०२ कृषकले धान उत्पादन गर्दा श्रमिक लगाएको पाइयो । श्रमीक खाना नदिएर अथवा सुख्खा ज्यालामा प्रयोग गरीएको पाइयो । सुख्खा ज्याला प्रति व्यक्ति रु. ६००। लिएको पाइयो । जसमा रु. १००। खाना र रु. ५००। पारिश्रमिक ज्यालाको रुपमा दिएको पाइयो ।

२०) अध्ययन क्षेत्रमा कृषकहरुले धान रोप्नका लागि जमीन खनजोत गर्न ट्रयाक्टरको प्रयोग गरेको पाइयो । कृषकले ट्रयाक्टरको दाते हलो प्रति घण्टा रु. १,२००। र रोडा हलो प्रति घण्टा रु. १,८००। ज्याला तिरेको पाइयो । धान थ्रेसर ज्याला प्रति घण्टा रु. १,८००। तिरेको पाइयो । ढुवानी ज्याला घर र खेतको दुरीको आधारमा रु. ५००। देखी रु. २,०००। सम्म लिएको पाइयो ।

२१) धान खेती कृषकले कुल स्थीर लागत रु. ६,२९,८२७।, कुल परिवर्तनशील लागत रु. ३३,७९,७१५। र कुल लागत रु. ४०,०९,५४२। धान उत्पादन गर्न खर्च भएको पाइयो । औषत स्थीर लागत रु. ३,९८८.७८१।, औषत परिवर्तनशील लागत रु. २१,४०४.२०२। र औषत कुल लागत रु. २५,३९२.९८४। रहेको पाइयो ।

२२) धान खेतीको वर्तमान अवस्थालाई हेर्दा धान खेती कृषकको धान उत्पादन गर्ने तरीका र उन्नत प्रविधी नै रहेको पाइयो ।

२३) नमुना छनोटमा परेका १०२ कृषकले धानखेतीबाट कुल पराल १७३ ट्रयाक्टर र कुल धान १,८०९ क्विन्टल उत्पादन गरेको पाइयो । धानको प्रति क्विन्टल मुल्य रु. ३,०००। ले आम्दानी रु.५४,२७,०००। र परालको प्रति ट्रयाक्टर मुल्य रु. १७,०००। ले आम्दानी रु.२,९४,१००। प्राप्त भई कुल आम्दानी रु. ५७,२१,१००। प्राप्त गरेको पाइयो ।

२४) अध्ययन क्षेत्रमा धान लगाइएको क्षेत्रफल ६२.५५ हेक्टर रहेको थियो । उक्त क्षेत्रफलमा १८०.९ मे. टन धान उत्पादन भएको थियो भने प्रति हेक्टर धानको उत्पादन २,८९२ के.जी. रहेको पाइयो । देशको धान लगाइएको क्षेत्रफल १४,७३,४७४ हेक्टर र उत्पादन ५६,२१,७१० मे.टन भएको थियो भने प्रतिहेक्टर ३,८१५ के.जी. धान उत्पादन भएको थियो । यहाँ देशको तुलनामा अध्ययन क्षेत्रको धानको उत्पादन कम भएको पाइयो । यसको मुख्य कारण सिचाईको अभाव अथवा मनसुनमा निर्भर खेती प्रणाली र कृषि तालिमको अभाव रहेको पाइयो ।

२५) धान खेती कृषकले धान उत्पादन बाट प्राप्त गरेको कुल आम्दानी रु.५७,२१,१००। बाट धान उत्पादन गर्दा लागेको लागत वा खर्च रु. ४०,०९,५४२। घटाउँदा खुद वा कुल नाफा रु. १७,११,५५८। प्राप्त गरेको पाइयो ।

२६) नमुना छनोटमा परेका १०२ घरधुरीले धान उत्पादन गर्नुको कारण अध्ययन गर्दा उपभोगको लागि मात्र उत्पादन गर्ने ६० कृषक घरधुरी, उपभोग तथा बेच्नका लागि उत्पादन गर्ने १७ कृषक घरधुरी, धैरै हुँदा बेच्नका लागी उत्पादन गर्ने २५ कृषक घरधुरी रहेको र बेच्नका लागी मात्र भनेर कसैले पनि उत्पादन नगरेको पाइयो ।

२७) अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका कृषकले धान उत्पादन गर्दा गरेको खर्च (लागत) र उत्पादनबाट प्राप्त आम्दानीलाई तुलना गर्दा कुल उत्पादन आम्दानी रु. ५७,२१,१००।, प्रतिकट्ठा आम्दानी रु. ३,०९७.५०९। र प्रतिघर आम्दानी रु. ५६,०८९.२१५। प्राप्त भएको पाइयो । कुल उत्पादन लागत रु. ४०,०९,५४२। प्रतिकट्ठा लागत रु. २,१७०.८४०। र प्रति घर लागत रु. ३९,३०९.२३५। पाइयो । कुल उत्पादन आम्दानी, प्रति कट्ठा आम्दानी र प्रतिघर आम्दानीबाट कुल उत्पादन लागत, प्रतिकट्ठा उत्पादन लागत र प्रति घर उत्पादन लागतलाई घटाउँदा बाँकी रहेको कुल खुद नाफा रु. १७,११,५५८।, प्रतिकट्ठा नाफा रु. ९२६.६६९। र प्रतिघर नाफा रु. १६,७७९.९८। प्राप्त भएको पाइयो ।

२८) अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका कृषकको लागत भन्दा उत्पादन बढि भएको पाइयो । लागत भन्दा उत्पादन बढि भएतापनि उत्साहजनक उपादन नभएको पाइयो ।

२९) अध्ययन क्षेत्रको धानखेतीको लागत कम गर्न रसायनिक मल, सुक्ष्म खाद्य तत्व, विउविजनको मुल्य सरकारले सुफथ बनाउन पर्ने, कृषि औजारहरु कृषि अनुदानबाट उपलब्ध गराउनुपर्ने, सिचाई सुविधा वडा तथा नगरपालिकाले उपलब्ध गराउनु पर्ने, कम्पोष्ट मल बनाउने तथा प्रयोग गर्नुपर्ने र आधुनिक धानको विउ कृषकलाई अनुदान गर्नुपर्ने पाइयो ।

३०) अध्ययन क्षेत्रको धान खेतीको उत्पादन वृद्धि गर्न रसायिनक मलको सन्तुलित प्रयोग गर्नुपर्ने, गोवर मल बढि प्रयोग गर्ने, उन्नत जातको विउ प्रयोग गर्ने, विउ छान्ने विधी अपनाएर विउ राख्नुपर्ने, खनजोत तथा स्याहार गर्नुपर्ने, सिचाई उचित तरिकाले गर्नुपर्ने र धान खेती सम्बन्धी तालिम गराउनुपर्ने पाइयो ।

३१) अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका कृषकहरुको धान खेतीमा देखिएको समस्याहरु बालीसँग सम्बन्धीत रोग तथा किराको आक्रमण सिचाईको अभाव, कृषि तालिमको अभाव, मलको अभाव, प्रविधिको अभाव रहेको पाइयो ।

## ५.२ निष्कर्ष (Conclusion)

झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ३ मा बसोबास गर्ने धान खेतीमा संलग्न कृषक घरपरिवारको धान उत्पादनको लागत, धान उत्पादनको वर्तमान अवस्था, धानको उत्पादन लागत र उत्पादन विचको तुलनाको सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त भएको निष्कर्षलाई निम्नानुसार प्रस्तत गरिएको छ ।

१. अध्ययन क्षेत्रका कृषकहरुले धान खेती आफ्नै तथा परिवारको स्वामित्व रहेको जग्गामा मात्र गरेको पाइयो ।

२. अध्ययन क्षेत्रको नमुना छनोटमा परेका १०२ कृषक घरधुरीले जम्मा १,८४७ कट्ठामा धान खेती गरेको पाइयो भने औषत प्रतिघर जग्गाको आकार १८.११ कट्ठा भएको पाइयो ।

३. अध्ययन क्षेत्रको नमुना छनोटमा परेका १०२ कृषक घरधुरी मध्ये ७६ घरधुरी मन्सुनमा आधारीत कुलो र २६ घरधुरीले मात्र विद्युतीय वोरिङ्गको प्रयोग गरेको पाइयो । यहाँ धेरै कृषकहरु धन खेती गर्न मौसम वा मन्सुनमा निर्भर भएको पाइयो ।

४. अध्ययन क्षेत्रको कृषकहरुले धान उत्पादन गर्न स्थीर लागतमा भुमिको लगान र करमा क्रमश रु. ५,५४,१००।, रु. ७५,७२७ रहेको पाइयो भने प्रति कठ्ठा र प्रतिघर भुमिको लगान क्रमश रु. ३००। र रु. ५,४३२.३५। रहेको पइयो । त्यसैगरी प्रतिकठ्ठा र प्रतिघर मालपोत कर क्रमश : रु. ४१। र ७४२.४२। रहेको पाइयो । कुल स्थीर लागतमा भुमिको लगान तथा मालपोत कर गरेर रु. ६,२९,८२७, कुल प्रति कठ्ठा स्थीर लागत रु. ३४१। र कुल प्रतिघर स्थीर लागत रु. ६,१७४.७७ रहेको पाइयो ।

५. अध्ययन क्षेत्रमा धान उत्पादन गर्न परिवर्तनशील लागतमा विउ, मल, विद्युत महशुल, श्रमीक जयाला, खाना, ट्र्याक्टर ज्याला तथा थ्रेसर ज्याला, ढुवानी ज्याला र झार मार्ने विषादी शिर्षकमा क्रमश : रु. १,४३,४३५।, ३,९८,४७०।, ५४,६००।, १६,९८,५००।, ३,१९,६००।, ५,२८,७८०।, २,०१,४००।, ३४,९७०। खर्च भएको पाइयो । कुल परिवर्तनशील लागत रु. ३३,७९,७१५।, कुल प्रतिकठ्ठा परिवर्तनशील लागत रु. १,८८९.७९३। र कुल प्रति घरपरिवार परिवर्तनशील लागत रु. ३३,१३३.४८। रहेको पाइयो ।

६. भद्रपुर नगरपालिकाको वडा नं. ३ मा नमुना छनोटमा परेका १०२ कृषक घरधुरीको कुल स्थीर लागत रु. ६,२९,८२७ कुल परिवर्तनशील लागत रु. ३३,७९,७१५।, कुल लागत रु. ४०,०९,५४२। रहेको पाइयो भने औषत स्थीर लागत रु. ३,९८८.७८१।, औषत परिवर्तनशील लागत रु २१,४०४.२०२। र औषत कुल लागत रु. २५,३९२.९८४। रहेको पाइयो ।

७. अध्ययन क्षेत्रमा धान लगाइएको क्षेत्रफल ६२.५५ हेक्टर रहेको थियो । उक्त क्षेत्रफलमा १८०.९ मे. टन धान उत्पादन भएको थियो भने प्रति हेक्टर धानको उत्पादन २,८९२ के.जी. रहेको पाइयो । देशको धान लगाइएको क्षेत्रफल १४,७३,४७४ हेक्टर र उत्पादन ५६,२१,७१० मे.टन भएको थियो भने प्रतिहेक्टर ३,८१५ के.जी. धान उत्पादन भएको थियो । यहाँ देशको तुलनामा अध्ययन क्षेत्रको धानको उत्पादन कम भएको पाइयो । यसको मुख्य कारण सिचाईको अभाव अथवा मनसुनमा निर्भर खेती प्रणाली र कृषि तालिमको अभाव रहेको पाइयो ।

८. अध्ययन क्षेत्रमा धान खेती कृषकको उन्नत प्रविधीबाट धान उत्पादन गरेको पाइयो ।

९. नमुना छनोट परेका १०२ कृषकले धान खेतीबाट वार्षिक कुल पराल १७३ ट्र्याक्टर र कुल धान १,८०९। क्विन्टल उत्पादन गरिएको पाइयो भने प्रतिघर पराल १.७, प्रतिकठ्ठा ०.०९ ट्र्याक्टर र प्रतिघर धान १७.७३५, प्रतिकठ्ठा ०.९७ क्विन्टल उत्पादन गरेको पाइयो ।

१०. नमुना छनोट कृषकहरुले धान उत्पादनबाट आम्दानी रु. ५४,२७,०००। र पराल उत्पादनबाट आम्दानी रु. २,९४,१००। भएको पाइयो भने प्रति कठ्ठा कुल आम्दानी रु. ३,०९७.५०९।, प्रतिघर कुल आम्दानी रु. ५६,०८९.२१। र धान तथा परालबाट कुल आम्दानी रु. ५७,२१,१००। गरेको पाइयो ।

११. धान खेती कृषकले धान खेतीबाट गरेको उत्पादनबाट प्राप्त गरेको कुल आम्दानी रु. ५७,२१,१००।, धान उत्पादन गर्दा लागेको लागत वा खर्च रु. ४०,०९,५४२। र धान खेतीबाट खुद वा कुल नाफा (आय) रु. १७,११,५५८। प्राप्त गरेको पाइयो ।

१२. नमुना छनोट परेका १०२ कृषक घरधुरीले धान खेती आफ्नो जिवनयापनका लागी निर्वाहमुखी खेती मात्र गरेको पाइयो ।

१३. नमुना छनोटमा परेका १०२ कृषक घरधुरीको धान उत्पादन गर्नुको कारण विवरणलाई हेर्दा उपभोगको लागी मात्र उत्पादन गर्ने ६० घरधुरी, उपभोग तथा बेच्नका लागी उत्पादन गर्ने १७ घरधुरी, धेरै हुँदा बेच्नका लागी भनेर उत्पादन गर्ने २५ घरधुरी र बेच्नका लागी मात्र भनेर धान उत्पादन गर्ने कोही पनि नभएको पाइयो यहाँ धान खेती उपभोगको लागी मात्र उत्पादन गर्ने कृषक घरधुरी बढि देखिन्छ । यसले धान खेती व्यवसायीक खेती नभएर निर्वाहमुखी हो भन्ने कुरा प्रष्ट भएको पाइयो ।

१४. अध्ययन क्षेत्रमा नमूना छनोटमा परेको कृषकले धान उत्पादन गर्दा लागेको लागत (खर्च) र उत्पादनबाट प्राप्त आम्दानीलाई तुलना गर्दा कुल उत्पादनबाट आम्दानी रु. ५७,२१,१००।, प्रतिकठ्ठा आम्दानी रु. ३,०९७.५०९। र प्रतिघर आम्दानी रु. ५६,०८९.२१५। प्राप्त भएको पाइयो भने कुल उत्पादन लागत रु. ४०,०९,५४२।, प्रतिकठ्ठा लागत रु. २,१७०.८४०। र प्रतिघर लागत रु. ३९,३०९.२३५। भएको पाइयो । यहाँ, कुल नाफा (आय) रु. १७,११,५५८।, प्रतिकठ्ठा नाफा रु. ९२६.६६९। र प्रतिघर नाफा रु. १६,७७९.९८। प्राप्त भएको पाइयो । यसरी उत्पादन लागत र उत्पादनबाट प्राप्त आम्दानीलाई तुलना गरेर हेर्दा उत्पादन लागत भन्दा उत्पादन

(आम्दानी) बढि भएको पाइयो । उत्पादन (आम्दानी) धेरै भएपनी लागतको आधारमा उत्साहजनक नभएको पाइयो ।

१५. अध्ययन क्षेत्रको धानखेतीको लागत कम गर्न रसायनिक मल, शुक्ष्म खाद्य तत्व, विउविजनको मुल्य सरकारले सुफथ बनाउन पर्ने, कृषि औजारहरु कृषि अनुदानबाट उपलब्ध गराउनुपर्ने, सिचाई सुविधा वडा तथा नगरपालिकाले उपलब्ध गराउनु पर्ने, कम्पोष्ट मल बनाउने तथा प्रयोग गर्नुपर्ने र आधुनिक धानको विउ कृषकलाई अनुदान गर्नुपर्ने पाइयो ।

१६. अध्ययन क्षेत्रको धान खेतीको उत्पादन वृद्धि गर्न रसायिनक मलको सन्तुलित प्रयोग गर्नुपर्ने, अर्गानिक मल बढि प्रयोग गर्ने, उन्नत जातको विउ प्रयोग गर्ने, विउ छान्ने विधी अपनाएर विउ राख्नुपर्ने, खनजोत तथा स्याहार गर्नुपर्ने, सिचाई उचित तरिकाले गर्नुपर्ने र धान खेती सम्बन्धी तालिम गराउनुपर्ने पाइयो ।

१७. अध्ययन क्षेत्रका धान खेतीमा देखीएका प्रमुख समस्या किराको आक्रमण, सिंचाइको अभाव, कृषि तालिमको अभाव, मलको अभाव प्रविधी तथा औजारको अभाव रहेको पाइयो । यस्ता धान खेतीसँग सम्बन्धीत मुख्य समस्यालाई समयमै पहिचान गरी समाधानको उपाय अपाउनको लागी कृषिसँग सम्बन्धीत सरकारी निकायको चासोको आवश्यकता रहेको देखीन्छ ।

१८. अध्ययन क्षेत्रमा धान खेती व्यवसायीक खेतीका रुपमा विकास हुन नसक्नुमा कृषि तालिमको अभाव साथै सिंचाईको सुविधा उपलब्ध नभएको देखीन्छ र यसले धान उत्पादनमा पनि वृद्धि नभएको देखीन्छ ।

१९. नमुना छनोट परेका कृषक घरधुरीमा धान खेती गर्दा मन्सुनमा निर्भर पर्ने हुनाले धानको उत्पादन उत्साहजनक नभएको देखिन्छ ।

२०. अध्ययन क्षेत्रमा कृषिसँग सम्बन्धी औजार जस्तै : धान काट्ने मेसिनको अभाव रहेको पाइयो । यसरी कृषि औजारको अभाव हुँदा श्रमीक लगाउनु पर्ने बाध्यताका साथै बढि खर्चिलो र धेरै समय लागेको पाइयो ।

२१. अध्ययन क्षेत्रमा धान खेती कृषकहरुले धान खेती गर्नका लागी प्राङ्गारीक वा अर्गानिक मलको अभाव भएको साथै रासायनिक मल पनि धान बालिमा लगाउनु पर्ने उचित समयमा अभाव रहेको पाइयो ।

### ५.३ सुझावहरु (Recommendations)

यस अध्ययनमा अध्ययन क्षेत्र भद्रपुर नगरपालिका वडा नं. ३ को नमुना छनोटमा परेको १०२ कृषक घरधुरीको धानको उत्पादन लागत, धान उत्पादनको वर्तमान अवस्था, धानको उत्पादन लागत र उत्पादन विचको तुलनाको सम्बन्धमा अध्ययन गरिएको छ । जिवननिर्वाहमुखी धान खेती प्रणालीलाई व्यवसायीक खेती बनाउनको लागी धान खेती गर्न इच्छुक कृषक, व्यवसायी, निती निर्माता, धान खेतीको विषयमा अध्ययन गर्न चाहने व्यक्ती एवम यसमा जोडिनहुने सरोकारवाला व्यक्ति तथा ठाउँ, समुदाय र निकायलाई यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा सुझावहरु पेश गरीएको छ ।

#### ५.३.१ निति सम्बन्धी सुझावहरु (Policy Related Recommendations)

धान खेतीलाई कृषकहरुले व्यवसायीक खेतीको रुपमा गर्नका लागी र धान खेतीबाट प्रभावकारी उत्पादन वृद्धि गर्नका लागी नितिगत रुपम निम्नानुसारका सुझावहरु पेश गरिएको छ ।

क) धान खेतीलाई निवननिर्वाहमुखी खेतीबाट व्यवसायीक खेतीमा रुपान्तर गर्नका लागी सरकारले कृषि आधुनीकरण परियोजना अन्तर्गत रहेर आवश्यक कृषि तालिम व्यवस्था गर्नुपर्दछ । जसको माध्यमबाट धान खेती गर्ने कृषक धान उत्पादन गर्न दक्ष भई भईपरी आउने समस्या आउन नदीन तथा आफैले समस्या समाधान गर्न सकी उत्पादन लागत पनि कम भएर जान्छ । यसका साथै उत्पादनमा पनि सकरात्मक वृद्धि हुन जान्छ ।

ख) अध्ययन क्षेत्रमा सिचाईको सुविधा उपलब्ध गराउन सरकारले भुमिगत सिचाई निर्माण गरी सिचाई उपभोक्ता समिति मार्फत सिचाईको विस्तार गर्नुका साथै र मन्सुन निर्भर खेती प्रणाली समाप्त गर्नुपर्दछ ।

ग) किटनासक, शुक्ष्म खाद्य तत्व तथा रसायनिक मल सुपथ मुल्यमा उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ ।

घ) प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनासँग सम्बन्धीत निकायले स्थानीय कृषकको घरदैलो सम्म कृषिसँग सम्बन्धीत सुचना प्रवाह गर्नुका साथै कृषकलाई कृषि अनुदानमा कृषि औजार तथा सिचाईका साधनहरु उपलब्ध गर्नुपर्दछ ।

### ५.३.२ प्रयोगात्क क्षेत्रसँग सम्बकन्धीत सुझावरु (Practice Related Recommendations)

कृषि राष्ट्रिय अर्थतन्त्रको एक दरीलो खम्बा हो । कृषिको विकास गर्नका लागी वर्तमान समयमा प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना लागु भइरहेको अवस्था छ । धान खाद्यान्नबालीको प्रमुख तथा महत्वपूर्ण बाली हो । धान खेती गरेर आयआर्जन गर्ने प्रचलन बढ्दै गइरहेको देखिन्छ । धान खेतीबाट स्थानीय तथा राष्ट्रीय स्तरमा लाभ प्राप्त गर्नका लागी धान खेतीको प्रयोगात्मक पक्षमा सुधार गर्नुपर्दछ । समग्रमा धान खेतीमा संलग्न कृषक तथा सरकारले प्रयोगात्मक रुपमा सुधार गर्न सुझावहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) अध्ययन क्षेत्रको कृषकहरुले धान खेतीलाई जिवन निर्वाहमुखी खेती प्रणालीमा सुधार गरी व्यवसायीक खेती (उत्पादनमुखी खेती) गर्नुपर्ने देखीन्छ ।

ख) कृषकहरु कृषिसँग सम्बन्धीत योजना तथा नितीहरु आफ्नो क्षेत्रमा कार्यन्वयन भए वा नभएको सुचना प्राप्त गर्न सक्रिय हुनुपर्ने देखीन्छ ।

ग) कृषकहरुले आफ्नो जग्गाको माटोको प्रकार अनुसार विभिन्न धानका प्रकारहरु मध्ये उपयुक्त धानको विउ छनोट गरेर लगाउनु पर्ने देखिन्छ ।

घ) धान खेती कृषकहरु एकजुट भएर धान खेतीसँग सम्बन्धीत समस्याहरु एक-अर्कामा अर्न्तक्रिया गर्नुपर्ने देखिन्छ ।

ङ) अध्ययन क्षेत्रको कृषकहरुले समयसँगै विकास भएको कृषि औजारहरु प्रयोग गरी खेती गरेर श्रमीक कम लगार्य लागत कम गर्नुपर्ने देखीन्छ ।

### ५.३.३ आगामी अनुसन्धान सम्बन्धी सझुावहरु (Further Research Related Recommendations)

यो अध्ययन भद्रपुर नगरपालिका वडा नं. ३ मा बसोबास गर्ने धान खेती गर्ने कृषक घरधुरीमध्ये नमुना छनोटमा परेका १०२ घरधुरीको धानको उत्पादन गर्दा लाग्ने स्थीर लागत तथा कुल लागतको अध्ययन, धान उत्पादनको वर्तमान अवस्था, धान उत्पादन गर्दा लागेको खर्च (लागत) र उत्पादन विचनको तुलना अध्ययनमा सिमित गरिएको छ । धान खेती कृषकले अपनाएको खेती परम्परागत प्रणाली अनुसार उत्पादनभन्दा लागत कम भए पनि लागत भन्दा उत्पादन उत्साहजनक हुन नसकेको अवस्था छ । धान खेतीमा दिनानुदिन

कृषकको चासो बढे पनि घर भन्दा बाहिरको स्वामीत्वमा रहेको जग्गा उपभोग नगरेको अवस्था छ । तसर्थ आगामी दिनहरुमा धान खेती र खाद्यान्नसँग सम्बन्धीत रहेर अध्ययन गर्न चाहने नयाँ तथा अन्य अनुसन्धानकर्ताको लागी निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) यो अध्ययन झापा जिल्लाको भद्रपुर नगरपालिकामा मात्र सिमित रहेको छ । त्यसैले समग्र जिल्ला अथवा देशको धान खेतीको लागत, वर्तमान अवस्था, धानको उत्पादन लागत र उत्पादन विचको तुलना सम्बन्धी अध्ययन गर्न सक्नेछन् ।

ख) धान खेतीमा प्रधानमन्त्री कृषि परियोजनाले पारेको प्रभावबारे अध्ययन गर्न सक्नेछन् ।

ग) धान खेतीलाई निर्वाहमुखीबाट उत्पादनमुखी बनाउन आवश्यक सामाजिक तथा आर्थिक तत्वबारे अध्ययन गर्न सक्नेछन् ।

घ) धान उत्पादनको लागत लाभ विश्लेषणको अध्ययन गर्न सक्नेछन् ।

ङ) धान उत्पादनले धान खेतीमा संलगन कृषकहरुको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गर्न सक्नेछन् ।

च) धान जस्तै अन्य खाद्यान्न बालीको उत्पादन लागत र उत्पादनको अध्ययन गर्न सक्नेछन् ।

छ) धान उत्पादनले राष्ट्रको आर्थिक विकासमा पुऱ्याएको योगदानबारे अध्ययन गर्न सक्नेछन् ।

## सन्दर्भ सूची (References)


अर्थ मन्त्रालय (२०७४), *आर्थिक सर्वेक्षण २०७४/७५,* काठमाडौं : नेपाल सरकार ।

अर्थ मन्त्रालय (२०७५), *आर्थिक सर्वेक्षण २०७४/७५,* काठमाडौं : नेपाल सरकार ।

अर्थ मन्त्रालय (२०७६), *आर्थिक सर्वेक्षण २०७६/७७,* काठमाडौं : नेपाल सरकार ।

अधिकारी, रमेश प्रसाद, आचार्य, खुविराम, लामीछाने, भुवनेश्वर र ज्ञवाली, सन्जय (२०७०), *व्यवसायिक अर्थशास्त्र २०७०,* काठमाडौं : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

उपाध्याय, नगेन्द्र र विशु, गणेश (२०७६), *नागरिक दैनिक २०७६,* काठमाडौं : नेपाल रिपब्लीक मिडिया, २०७६ भाद्र २५ ।

कार्की, सविना (२०७१), *खाद्यान्न बालीले स्थानीय कृषकको आर्थिक अवस्था र तिनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव, महेशपुर गा.वि.स., झापा जिल्ला,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कार्की, राजाराम (२०७५), *नेपालको अर्थतन्त्रमा धानको महत्व २०७५,* विकास न्यूज, https://www.bikashnews.com/2018/10/08117972.html#

कानुन किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौं : नेपाल सरकार ।

घिमिरे, नारायणी (२०६५, *नगदे तथा खाद्यान्न वालिबाट प्राप्त आयको तुलनात्मक अध्ययन, मदन पोखरा गा.वि.स., पाल्पा जिल्ला,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जिल्ला विकास समिति कार्यालय (२०७४), *झापा जिल्लाको पार्श्व चित्र,* झापा : लेखक ।

नगरपालिका प्रोफाइल (२०७६), *नगरपालिका वस्तु स्थिति विवरण,* भद्रपुर : भद्रपुर नगरपालिका ।

नेपाल कानुन आयोग (२०६१), *राष्ट्रिय कृषिनीति २०६१,* काठमाडौं : भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, नेपाल सरकार ।

ढकाल, सुमन र न्यौपाने, रामचन्द्र (२०१७), *आधारभुत बाली विज्ञान तथा बाली उत्पादन २०१७,* काठमाडौं : हेरीटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

ढुंगाना, हेमराज (२०७३), कृषिजन्य उत्पादनबाट प्राप्त आयले किसानको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, गोदक गा.वि.स. इलाम जिल्ला, अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, महेशराज र पौडेल, मिनराज (२०७०), *नेपालको अर्थशास्त्र र परिमाणात्मक पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, सुनिता (२०७३), *चिया खेतीले स्थानिय किसानको आर्थिक तथा तिनिहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

देवकोटा, वासुदेव (२०७६), *धान खेती २०७६, गोरखा सन्देश,* https://www.gorkhasandesh.com2019/06/11/26474/#.XeYNIF124SHA

पाण्डे, ऋषिराम (२०७३), खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अययन, त्रिवेणी गा.वि.स., पर्वत जिल्ला, अप्रकाशित एम.एड. शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बम, ममिता कुमारी (२०७३), *खाद्यान्न उत्पादनले उपभोग र शैक्षिक क्षेत्रमा पारेको प्रभाव एक अध्ययन, पाटन नगरपालिका वैतडी जिल्ला,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बस्नेत, नारदमणी (२०७३), *अलैचीखेती किसानहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, सिद्धराज र अन्य साथीह (२०६९), *विकास तथा योजना अर्थशास्त्र २०६९,* काठमाडौं : क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

भण्डारी, सुनिल (२०७१), *कफि खेतीले स्थानिय किसानहरुको आर्थिक र तिनीहरुको बालबालिकाको शैक्षिक अवस्थामा पारेको प्रभाव,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

महतो, नविन कुमार (२०७३), *उखु खेतीले कृषकको आर्थिक अवस्था र शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०७४), *चौधौं योजना २०७३/७६,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

राष्ट्रिय समाचार समीति (२०७४), *धान दिवस २०७४,* http://www.ratopati.com/story/2688-

राष्ट्रिय योजना आयोग (२०७६), *पन्धौं योजना २०७६/८१,* काठमाडौं : नेपाल सरकार ।

लुइटेल, दिपेन्द्र (२०६७), *नगदे र खाद्यान्न बालीमा संलग्न किसानहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक अध्ययन, साखेजुङ्ग गा.वि.स. इलाम जिल्ला,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा , डायमण्ड (२०७२), *अदुवा खेतीले स्थानीय किसानहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शिवाकोटी, ध्रुवराज र श्रेष्ठ, प्रकाश (२०७०), *ग्रामीण अर्थशास्त्र,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

सारु, मेनुका (२०७०), *धान बालीको उत्पादनले आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभाव, जहदा गा.वि.स., नवलपरासी, जिल्ला,* अप्रकाशित एम.एड., शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

हाडा, गम्भीर बहादुर (२०६८), *ग्रामीण अर्थशास्त्र,* काठमाडौं : वृहस्पति पुस्तक प्रकाशन ।

Dhital, P.K. (2001). *An Economic Analysis of Paddy Production of Duruwa Village Development Committee, Dang.* Unpublished M.A. Thesis, Central Department of Economics, T.U., Kirtipur, Kathmandu.

Kurmi, D.P. (2005). Paddy Production Problem and Possibility: A Case Study of Gobindpur Village Development Committee, Parsa. Unpublished M.A. Thesis, Central Department of Economics, T.U., Kirtipur, Kathmandu.

Minisry of Agriculture & Livestock Development (2020). *Statistical Information on Nepalese Agriculture (2018/19)*. Kathmandu: Minisry of Agriculture & Livestock Development, Government of Nepal.

# अनुसूचीहरु

## अनुसूची १

## प्रश्नावली

घर मुलीको नाम/थर ............................ लिङ्ग.................................

उमेर ............................ वर्ष ............................

धर्म ............................ ठेगाना ............................

नगरपालिका ............................ वडा.नं. ............................

जिल्ला ............................

१. तपाईको परिवारमा जम्मा कति जना सदस्य हुनुहुन्छ ?

.................................................................................................................

२. तपाईको शैक्षिक योग्यता कति हो ?

.................................................................................................................

३. तपाईको मूख्य पेशा के हो ?

क) कृषि ख) जागीर

ग) व्यापार घ) अन्य कुनै

४. तपाईको जग्गा जमीन कति छ ?

क) .................. कट्ठा ख) .................. विघा

ग) .................. रोपनी घ) .................. धुर

५. अरुको जग्गा प्रयोग गर्नुभएको छ ?

क) छ ख) छैन

६. छ भने कति प्रयोग गर्नुभएको छ ?

.................................................................................................................

७. भुमी पतिलाई जमीन प्रयोग गरेवापत कति रकम (लगान) तिर्नुहुन्छ ?

.................................................................................................................

८. खेत खन्न, जोत्नको लागी के को प्रयोग गर्नुहुन्छ ?

क) गोरु ख) मान्छे

ग) ट्याक्टर घ) अन्य

९. धान खेतीका लागी जम्मा कति घण्टा ट्रयाक्टर लाग्दछ ?

..........................................................................................................

१०. ट्रयाक्टरको ज्याला प्रति घण्टा कति रकम तिर्नु हुन्छ ?

..........................................................................................................

११. धानको विउ घर को की किनेर प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

१२. घरको/किनेको धानको विउ कति कि.ग्रा प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

१३. घरको/किनेको धानको विउको जम्मा मुल्य कति तिर्नुहुन्छ ?

..........................................................................................................

१४. धान उत्पादन गर्न विउ राख्दा देखी धान भण्डारण सम्म जम्मा श्रमीक कती प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

१५. श्रमीकलाई कुन प्रकारको ज्याला दिनुहुन्छ ?

क) खाना सहित ख) खाना रहित

१६. खाना सहित/खाना रहीत प्रति श्रमीक ज्याला कति तिर्नुहुन्छ ?

..........................................................................................................

१७. धान खेतीका लागी सिचाईको माध्याम के हो ?

क) मनसुन ख) कुलो

ग) नहर घ) वोरिङ्ग

१८. धान खेतीका लागी कति के.जी.सम्म मल प्रयोग गर्नु हुन्छ ?

..........................................................................................................

१९. धान खेतीको लागी कुन-कुन मल प्रयोग गर्नुहुन्छ ?

क) रसायनिक ख) अर्गानिक

२०. धान उत्पादनमा जम्मा रसायनिक कति कि.ग्रा. प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

२१. धान उत्पादनमा जम्मा अर्गानिक कति कि.ग्रा. प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

२२. रसायनिक मलको प्रति के.जी. मुल्य कति तिर्नुहुन्छ ?

..........................................................................................................

२३. अर्गानिक मलको प्रति ट्रयाक्टर मुल्य कति तिर्नुहुन्छ ?

..........................................................................................................

२४. धान खेती झार निर्मूल गर्न कुन विधी अपनाउनु हुन्छ ?

क) गोडमेल　　　　　　　　ख) विषादीको प्रयोग

ग) अन्य

२५. धान फुल खेलेको समयमा किरा मार्ने औषधी प्रयोग गर्नुहुन्छ अथवा हुँदैन ?

..........................................................................................................

२६. यो वर्ष धानमा कुन रोग तथा किराहरु लाग्यो ?

..........................................................................................................

२७. धानमा लागेको रोग तथा किराहरुको समाधानका लागी के गर्नुभयो ?

..........................................................................................................

२८. धान कटानी गर्न के प्रयोग गर्नुहुन्छ ?

क) श्रमीक　　　　　　　　ख) मेसिन

२९. धान झार्न के को प्रयोग गर्नुहुन्छ ?

क) श्रमीक　　　　　　　　ख) थ्रेसर

३०. धान झार्न कति समय लाग्छ ?

..........................................................................................................

३१. थ्रेसर ज्याला प्रति घण्टा कति रकम तिर्नुहुन्छ ?

..........................................................................................................

३२. धान खेतबाट घरसम्म ल्याउन के को प्रयोग गर्नुहुन्छ ?

क) श्रमीक　　　　　　　　ख) ट्रयाक्टर

३३. ढुवानी ज्याला कति रकम तिर्नुहुन्छ ?

..........................................................................................................

३४. यो वर्ष धनि कति उत्पादन गर्नु भयो ?

..........................................................................................................

३५. वर्षभरि कति धान उपभोगका लागी प्रयोग गर्नुहुन्छ ?

.................................................................................................................

३६. धेरै भएको धान के गर्नुहुन्छ ?

.................................................................................................................

३७. तपाईले उत्पादन गरेको धनले वर्षभरि खान पुग्छ ?

क) पुग्छ		ख) पुग्दैन

३८. धानले नपुग्दा के गर्नुहुन्छ ?

क) चामल किन्ने		ख) धान किन्ने

ग) मकै/गहुँ किन्ने		घ) अन्य

३९. पराल बेच्नु हुन्छ की घरमा राख्नु हुन्छ ?

.................................................................................................................

४०. बेच्नुहुन्छ भने कति मुल्य प्रति ट्रयाक्टरमा बेच्छुहुन्छ ?

.................................................................................................................

४१. धान बाली किन लगाउनु हुन्छ ?

क) उपभोगका लागी		ख) बेच्नका लागी

ग) उपभोग तथा बेच्नको लागी		ग) धेरै हुँदा बेच्नका लागी

४२. धान खेतीका लागी कुन धान लगाउुहुन्छ र किन ?

.................................................................................................................

४३. भूमीको वार्षिक राजस्व कति तिर्नुहुन्छ ?

.................................................................................................................

## अनुसुची २

## छलफल निर्देशिका

**लक्षित समुहका लागी तयार गरिएका प्रश्नावली**

क) धान उत्पादनको लागत क मगर्न के के गर्नुपर्दछ ?

ख) धान उत्पादन वृद्धि गर्न कस्ता कस्ता प्रयास गर्न सकिन्छ ?

ग) धान खेतीमा के कस्ता रोग लागेका छन् ? त्यस रोगको रोकथामको लागी के कस्ता उपाय अपनाउनु भएको छ ?

घ) धान खेती गर्दाको मुख्य समस्या के हो ? त्यसको समाधान के हुन सक्छ ?

ङ) धान खेती आम्दानी मूलक नहुनुको कारण के के हो ?

## अनुसुची ३

## नमुना छनोट

## धान खेती कृषकको नामावली, उपभोग्य जमीन र ठेगाना

| क्र.सं. | कृषकको नाम | कठ्ठा संख्या | ठेगना |
|---|---|---|---|
| १. | कल्याण कुमार राई | ३० | भद्रपुर - ३ |
| २. | लाल बहादुर गुरुङ्ग | १३ | भद्रपुर - ३ |
| ३. | महान लिम्बु | १० | भद्रपुर - ३ |
| ४. | बविता लिम्बु | १० | भद्रपुर - ३ |
| ५. | राधा गुरुङ्ग | २५ | भद्रपुर - ३ |
| ६. | शिव राई | १० | भद्रपुर - ३ |
| ७. | माधव प्रसाद पौड्याल | १० | भद्रपुर - ३ |
| ८. | गिता थापा मगर | ५ | भद्रपुर - ३ |
| ९. | अनिता लिम्बु | १० | भद्रपुर - ३ |
| १०. | पार्वती क्षेत्री | २० | भद्रपुर - ३ |
| ११. | शहरमान लिम्बु | १० | भद्रपुर - ३ |
| १२. | सुभद्रा राई | ५ | भद्रपुर - ३ |
| १३. | कमला आचार्य | १० | भद्रपुर - ३ |
| १४. | भिम बहादुर नाल्वो | १२ | भद्रपुर - ३ |
| १५. | विर बहादुर विश्वकर्मा | ९ | भद्रपुर - ३ |
| १६. | यामेनी लिम्बु | १० | भद्रपुर - ३ |
| १७. | धन बहादुर लिम्बु | १५ | भद्रपुर - ३ |
| १८. | अन्जली राई | ५ | भद्रपुर - ३ |
| १९. | इन्दीरा लिम्बु | १० | भद्रपुर - ३ |
| २०. | मैया विश्वकर्मा | १५ | भद्रपुर - ३ |
| २१. | सन्जोक लिम्बु | ५ | भद्रपुर - ३ |
| २२. | लक्ष्मी प्रसाद फुँयाल | २० | भद्रपुर - ३ |
| २३. | कुवेर गुरुङ्ग | २० | भद्रपुर - ३ |

| | | | |
|---|---|---|---|
| २४. | भरत क्षेत्री | २० | भद्रपुर - ३ |
| २५. | कुमार सेन्चुरी | १० | भद्रपुर - ३ |
| २६. | ममता सुब्बा | १५ | भद्रपुर - ३ |
| २७. | राम बहादुर मेन्याङबो | १० | भद्रपुर - ३ |
| २८. | शान्ती विश्वकर्मा | १० | भद्रपुर - ३ |
| २९. | कृष्ण विसंश्वे | ४० | भद्रपुर - ३ |
| ३०. | अमर राना | १५ | भद्रपुर - ३ |
| ३१. | लिला गिरी | २० | भद्रपुर - ३ |
| ३२. | चनक राना | १० | भद्रपुर - ३ |
| ३३. | गगन राई | ६० | भद्रपुर - ३ |
| ३४. | गुन्जमान मगर | ६० | भद्रपुर - ३ |
| ३५. | दिल कुमार राई | १० | भद्रपुर - ३ |
| ३६. | माधव राई | २० | भद्रपुर - ३ |
| ३७. | रेवा मेचे | १२ | भद्रपुर - ३ |
| ३८. | विनु राई | ३० | भद्रपुर - ३ |
| ३९. | पिंकी राई | २० | भद्रपुर - ३ |
| ४०. | पम्फ माया पाण्डे | २० | भद्रपुर - ३ |
| ४१. | नारायण भक्त कार्की | २० | भद्रपुर - ३ |
| ४२. | सची श्रेष्ठ | १० | भद्रपुर - ३ |
| ४३. | सुभलक्ष्मी  कार्की | १० | भद्रपुर - ३ |
| ४४. | भावना पाण्डे | २० | भद्रपुर - ३ |
| ४५. | दिल कुमार पाण्डे | १५ | भद्रपुर - ३ |
| ४६. | महेन्द्र पाण्डे | २० | भद्रपुर - ३ |
| ४७. | निर्मला बस्नेत | १० | भद्रपुर - ३ |
| ४८. | प्रतिमा सुवेदी | ७ | भद्रपुर - ३ |
| ४९. | कोमोला लिम्बु | ७ | भद्रपुर - ३ |
| ५०. | नारायण रायमाझी | ३० | भद्रपुर - ३ |

| | | | |
|---|---|---|---|
| ५१. | डम्बर बहादुर मगर | २५ | भद्रपुर - ३ |
| ५२. | सम्सेर रायमाझी | ४० | भद्रपुर - ३ |
| ५३. | रतनलाल राजवंशी | ४६ | भद्रपुर - ३ |
| ५४. | लक्ष्मी तामाङ्ग | २० | भद्रपुर - ३ |
| ५५. | जनक कार्की | ८० | भद्रपुर - ३ |
| ५६. | सृजन तामाङ | १० | भद्रपुर - ३ |
| ५७. | वुद्धसिंह लिम्बु | ५ | भद्रपुर - ३ |
| ५८. | सर्मिला कार्की | २० | भद्रपुर - ३ |
| ५९. | कृणा कुमार रायमाझी | ४० | भद्रपुर - ३ |
| ६०. | वाजेन्द्र कार्की | ४० | भद्रपुर - ३ |
| ६१. | विना राई | ५ | भद्रपुर - ३ |
| ६२. | गोमा पाण्डे | २० | भद्रपुर - ३ |
| ६३. | कुमारी तामाङ्ग | ३० | भद्रपुर - ३ |
| ६४. | अशोक कार्की | १५ | भद्रपुर - ३ |
| ६५. | किरण लिम्बु | २० | भद्रपुर - ३ |
| ६६. | अंजु राई | १० | भद्रपुर - ३ |
| ६७. | कृष्ण सम्तेल | ५ | भद्रपुर - ३ |
| ६८. | सुनिल राई | ९ | भद्रपुर - ३ |
| ६९. | कर्णा बहादुर राई | ७ | भद्रपुर - ३ |
| ७०. | आसरानी राई | १५ | भद्रपुर - ३ |
| ७१. | सपना लिम्बु | २० | भद्रपुर - ३ |
| ७२. | सुनसरा राई | १० | भद्रपुर - ३ |
| ७३. | कुल बहादुर बस्नेत | ३० | भद्रपुर - ३ |
| ७४. | यादव कार्की | २० | भद्रपुर - ३ |
| ७५. | चन्द्र कार्की | २५ | भद्रपुर - ३ |
| ७६. | मन कुमार अछामी | २० | भद्रपुर - ३ |
| ७७. | फूलमाया राई | २० | भद्रपुर - ३ |

| | | | |
|---|---|---|---|
| ७८. | गोकुल गुरुङ्ग | १८ | भद्रपुर - ३ |
| ७९. | भक्तलाल गिरी | १५ | भद्रपुर - ३ |
| ८०. | भविन्द्र कुमार बस्नेत | २० | भद्रपुर - ३ |
| ८१. | मन बहादुर कटुवाल | २० | भद्रपुर - ३ |
| ८२. | जिन बहादुर खड्का | १५ | भद्रपुर - ३ |
| ८३. | धनमाया कटुवाल | २० | भद्रपुर - ३ |
| ८४. | जानुका राई | २० | भद्रपुर - ३ |
| ८५. | दुर्गा बस्नेत | १० | भद्रपुर - ३ |
| ८६. | खिवलाल कालीकोटे | १० | भद्रपुर - ३ |
| ८७. | कृष्णा राई | १० | भद्रपुर - ३ |
| ८८. | सुनिता राई | २५ | भद्रपुर - ३ |
| ८९. | महेन्द्र भट्टराई | २३ | भद्रपुर - ३ |
| ९०. | मानव कुमार कटुवाल | २८ | भद्रपुर - ३ |
| ९१. | सुदिप कटुवाल | २० | भद्रपुर - ३ |
| ९२. | देवी भण्डारी | १२ | भद्रपुर - ३ |
| ९३. | शान्ता राई | १५ | भद्रपुर - ३ |
| ९४. | चन्द्र बोखीम | ११ | भद्रपुर - ३ |
| ९५. | देवी गिरी | १७ | भद्रपुर - ३ |
| ९६. | शोमनाथ पाण्डे | १६ | भद्रपुर - ३ |
| ९७. | टेकराज पाण्डे | ३० | भद्रपुर - ३ |
| ९८. | रुपा पाण्डे | १५ | भद्रपुर - ३ |
| ९९. | कमला वोखीम | १० | भद्रपुर - ३ |
| १००. | विजय लिम्बु | १० | भद्रपुर - ३ |
| १०१. | अस्मिता लिम्बु | १० | भद्रपुर - ३ |
| १०२. | लोकेन्द्र राई | २० | भद्रपुर - ३ |
| | जम्मा | १८४७ | |